# अध्याय-एक

## १. शोधशीर्षक

यस शोधकार्यको शीर्षक **प्रेमप्रकाश मल्लको काव्यकारिता** रहेको छ ।

## २. शोधकार्यको प्रयोजन

यो शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गतको नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## ३. विषयपरिचय

नेपाली साहित्यका कुशल स्रष्टा प्रेमप्रकाश मल्ल (वि.सं.१९९३ साउन) काव्यका क्षेत्रमा प्रशंसनीय योगदान पुऱ्याउने अविस्मरणीय प्रतिभा हुन् । २००७ सालमा 'आमा' कविताबाट लेख्न र 'वनकी म चरी' बाट औपचारिक गायनमा संलग्न प्रेमप्रकाश मल्लका दुई दर्जन गीत रेडियो नेपालमा रेकर्ड छन् । त्यसैगरी टिभीमा ४ वटा गीतको अवलोकन गर्न सकिन्छ भने ५,६ वटा मल्लका रचना शिवशङ्कर लगायत समकालीन गायकहरूले गाएका छन् । प्रेमप्रकाशका जम्मा चारवटा कृतिहरू प्रकाशित भएका छन् ती यस प्रकार छन् -

क) मधुकर छोटो जीवनी लामो कहानी-२०४२

ख) त्यो यौटा अजेय शिखर मधुकर - २०४२

ग) पञ्चगान गीतसङ्ग्रह- २०४५

घ) अनुभूतिका स्वरहरू- २०५४

प्रेमप्रकाश मल्लका कृतिहरूमा मानवीय पीडा, वेदना, छट्पटी, निराशाजस्ता मृत्योन्मुखी विचारदेखि राष्ट्रप्रेम र यौवनको प्रेमसमेत छचल्किएको हुन्छ । मल्ल आफ्ना काव्यमार्फत् समस्त प्राणीमाथि नै अगाध स्नेह राख्न अह्वान गर्दै मानवबाट मानवता हराउँदै गएको स्थितिप्रति खेद प्रकट गर्छन् ।

## ४. समस्याकथन

नेपाली साहित्यका साहित्यकार प्रेमप्रकाश मल्लले लेखेका चारवटा काव्य कृतिको केन्द्रीयतामा रही निम्नलिखित समस्याहरू उठाइएको छ :

क) काव्यकार प्रेमप्रकाश मल्लको जीवनी के-कस्तो रहेको छ ?

ख) काव्यसिद्धान्तका आधारमा प्रेमप्रकाश मल्लका काव्यहरू के-कस्तो रहेका छन् ?

ग) काव्यकारका रूपमा प्रेमप्रकाश मल्लका प्रवृत्तिहरू के-कस्ता रहेका छन् ?

## ५. शोधकार्यको उद्देश्य

प्रेमप्रकाश मल्ललाई काव्यकारका रूपमा चिनाउनका साथै नेपाली काव्यजगत्मा उनको योगदान र स्थाननिर्धारण गर्नका लागि मल्लको काव्यकारिताको अध्ययन गर्नु यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) काव्यकार प्रेमप्रकाश मल्लको जीवनी केलाइने,

ख) काव्यसिद्धान्तका आधारमा प्रेमप्रकाश मल्लका काव्यहरूको अध्ययन तथा विश्लेषण गरिने,

ग) काव्यकारका रूपमा प्रेमप्रकाश मल्लका काव्यात्मक प्रवृति केलाइने,

## ६. पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको विशेषतः काव्यसिर्जनको फाँटमा आफ्नो वर्चस्व स्थापित गरिसकेका प्रेमप्रकाश मल्लका काव्यकारिताका पक्षमा विभिन्न साहित्यकार एवम् समालोचकद्वारा धेरथोर रूपमा अध्ययन, अन्वेषण र विश्लेषण गरिएको छ, जसलाई यस शोधकार्यमा पूर्वकार्यको समीक्षाअन्तर्गत राखेर निम्नबमोजिम प्रस्तुत गर्न सकिन्छः

क) **मध्यपश्चिमका कविता** पुस्तकमा मध्यपश्चिम क्षेत्रको साहित्यिक प्रतिभाहरूको अध्ययन सर्वेक्षण र विवरणका क्रममा कवि गायक प्रेमप्रकाश मल्ललाई स्वजाति र स्वराष्ट्रको गीत गाएर कहिल्यै नथाक्ने कविका रूपमा चित्रण गरिएको छ ।

**ख**) नेपाली लेखकहरूको परिचयात्मक पुस्तकका रूपमा प्रकाशित **नेपाली लेखक कोषमा** घटराज भट्टराईले प्रेमप्रकाश मल्लको प्रकाशित कृतिहरूको विवरण उल्लेख गरेका छन् ।

**ग**) मध्यपश्चिमका कविताको विकासको सर्वेक्षणात्मक विवरण दिँदै मधुसूदन गिरीले प्रेमप्रकाश मल्ललाई मध्यकाल र आधुनिक कालका हस्तीका रूपमा प्रस्तुत गरेका छन् । मल्लका रचनाहरूमा कविताको लालित्य, कोमलता तथा गेयताको उचित संयोजन पाइन्छ । कवि मल्लका गीत, कविताहरू छोटा मीठा तथा राष्ट्रियता र देशप्रेमको भावले ओतप्रोत रहेका छन् भनी सङ्क्षिप्त चर्चा गरेका छन् ।

**घ**) **समालोचक कृष्णहरि बरालले संदृष्टि** समालोचना पुस्तकमा वि.सं. २००७ पछिका कवि, गीतकार र गायकहरूमध्ये देशभक्तिपूर्ण गीत रचनाकारका रूपमा श्री मल्ललाई चिनाएका छन् ।

**ङ**) **रत्नश्री** द्वैमासिक साहित्यिक पत्रिकामा प्रेमप्रकाश मल्लको परिचयका क्रममा आत्मानुभूतिपरक कृति लेख्ने संवेदनशील कवि भावुक गीतकार र राष्ट्रिय भावनाका मार्मिक गायकका रूपमा जनक नेपालले उल्लेख गरेका छन् ।

**च**) **रत्नश्री** साहित्यिक पत्रिकाको सम्पादकीय शीर्षक **'कुण्ठित एक राष्ट्रिय प्रतिभा'** अन्तर्गत सम्पादक शान्तदेव भट्टराईले कवि प्रेमप्रकाशको जीवनवृत्त एवम् रचना क्षमताका धनी प्रतिभाका रूपमा परिचित गराएका छन् साथै कवि मल्लका गीत रचना र लयले मोहित पार्ने राष्ट्र, राष्ट्रियता र देशप्रेमलाई माथि उचालेका तथा नव-पिढीलाई उनका रचनाले रक्तप्रवाह गराई नयाँ जीवन भर्ने कवि गीतकार र गायकको रूपमा चित्रण गरेका छन् ।

**छ**) ज्ञानु श्रेष्ठले **नेपालगन्ज एक्सप्रेसको** २०५६/८/१८ को अङ्कमा **'कविताको सेरोफेरो 'अनुभूतिका स्वरहरू'बाट डुबुल्की मार्दा'** शीर्षकको सङ्क्षिप्त समालोचनात्मक टिप्पणीमा मल्लका रचनाहरू छोटा तर च्वास्स बिभ्ने, हृदयमा कम्पन पैदा गराउने सरलबाट जटिल अनुभूति गराउन सक्ने तर निराशावादी शून्यवादी विचार कमजोर पक्ष रहेको उल्लेख भएको छ । मल्ल राष्ट्रप्रति अगाध स्नेह राख्ने प्रकृतिप्रेमी, मानवीय संवेदनालाई गीत, रचनामा उतार्ने कवि हुन् । नेपालगन्जका हरेक साहित्यिक जमघट अन्तरक्रिया र कार्यक्रममा कमजोर शारीरिक अवस्थामा

पनि उपस्थित हुने, भाग लिने, कविता पाठ गर्ने साहित्यिक योद्धा संयोगले नेपालगन्जलाई चिट्ठा परेका साहित्यिक प्रतिभाका रूपमा प्रेमप्रकाश मल्ललाई चित्रण गरेका छन् ।

**ज**) नारायणप्रसाद शर्मा गैह्रेले **नेपालगन्ज एक्सप्रेस** दैनिक पत्रिकाको २०५७/१०/७ को शनिवारीय अङ्कमा समालोचना स्तम्भअन्तर्गत प्रेमप्रकाश मल्ललाई बहुआयामिक व्यक्तित्वका रूपमा चित्रण गर्दै उनका रचनामा भाव, भाषा र लयको उचित समन्वय तथा कविता तत्त्वका दृष्टिले स्तरीय र पुरिष्कृत रहेको उल्लेख गरेका छन् । मल्ललाई खान दिए पनि दूध दिने र खान नदिए पनि दूध दिने गाईका रूपमा उत्कृष्ट सिर्जना गर्न सक्ने विशिष्ट क्षमता उनमा रहेको कुरा उल्लेख गरेका छन् ।

**झ**) **नेपालगन्ज एक्सप्रेस**को २०५७/११/२९ को अङ्कमा नारायणप्रसाद गैह्रेले प्रेमप्रकाश मल्लको परिचय उनका रचना कृतिहरू उल्लेख गर्दै संवेदनशील कवि भावुक गीतकार र राष्ट्रिय भावनाका मार्मिक गायकका रूपमा उभ्याउँदै उनीसँगको अन्तवार्ता प्रस्तुत गरेका छन् । उक्त अन्तवार्तामा भाषा, साहित्य लगायत विविध विषयहरूमा आफ्नो धारणा राख्दै मल्लले स्वान्त सुखाय र बहुजन हितायका लागि साहित्य लेख्ने गरेको र भोकै र नाङ्गै बस्नु परे पनि लेखेर गाएर यही मातृभूमिमा जीवन बिताउने अठोट गरेका साहित्यकारका रूपमा चर्चा गरेका छन् ।

**ञ**) पूर्णलाल चुकेले **जनमत** अर्द्धसाप्ताहिकमा मल्लको गायन पक्षको विविध पाटो झल्काउने क्रममा राजनैतिक सङ्कीर्णताले उनलाई राजावादी भनेर नोकरीबाट अवकाशसमेत गरिएको तथ्य उजागर गर्दै उक्त गीतमा राजा र जनतालाई एकाकार गर्न खोजेको एवम् जनतालाई राजाको दर्जा दिइएको मल्लको धारणा उल्लेख गरिएको छ ।

**ट**) **वागेश्वरी टाइम्स** पत्रिकामा शरद के.सी.ले कवि मल्लसँगको वार्तालाप उनको परिचय तथा लेखन प्रवृत्तिको चर्चा यसरी गरेका छन्-‘प्रायःजसो लोकगीत एवम् राष्ट्रिय गीत लेख्ने र गाउने मल्ललाई छुट्टै मञ्चको आवश्यकता कहिल्यै परेन अझै पनि नेपालगन्जका कार्यक्रमहरूमा पीडा र व्यथाका गीतहरू गाएर

श्रोताहरूलाई रुवाउनुहुन्छ' । यसैमा आफ्ना गीत कविताहरूमा बढी पीडा नै अभिव्यक्त हुनु बाध्यता भएको र पीडा र वेदनामै आफ्नो सम्पत्ति भएको मल्लको भनाइ शरद के.सी. ले सार्वजनिक गरेका छन् ।

**ठ)** २०५८/४/२९ को **स्पेस टाइम** दैनिकमा शुक्तऋषि चौलागाईंले 'मैले सबै गुमाएँ' शीर्षकमा कवि मल्लको योगदानको चर्चा गर्दै अन्तर्वार्ता प्रकाशित गरेका छन् ।

**ड)** **गजलसिद्धान्त र नेपाली गजलको इतिहास** (पहिलो सं.२०५९) मा टीकाराम उदासीले जीवन र रोगसम्बन्धी प्रेमप्रकाश मल्लका गजल बाह्य संरचनाका दृष्टिले सफल रहेका छन् भन्दै एक सचेत गजलकारका रूपमा चिनाएका छन् ।

**ढ)** **गीतसिद्धान्त र इतिहास** (पहिलो संस्करण २०६०) मा कृष्णहरि बरालले प्रेमप्रकाशलाई नेपाली गीतइतिहासमा दोस्रो मोड निम्त्याउने सशक्त प्रतिभाका रूपमा स्वीकारी उनको गीत लेखनको चर्चा गर्दै प्रेमप्रकाश मल्ल मूलतः राष्ट्रिय भावनालाई अभिव्यक्त गर्ने गीतकार हुन् उनका गीतमा नेपालको हिउँचुली, ताल, नदीनाला, वनस्पति, बाटोघाटो आदिको राम्रो चित्र कोरिएको पाइन्छ भनेका छन् ।

**ण)** २०६३ साउन ११ को **जनमत** अर्द्ध साप्ताहिकको २७ औं अङ्कमा खगेन्द्र गिरी 'कोपिला'ले प्रेमप्रकाश मल्लको काव्यात्मक पाटोको चर्चा गर्दै उनलाई नेपालगन्जको साहित्यिक धरोहरका रूपमा चिनाउने क्रममा प्रेमप्रकाशका जत्तिको मीठो र अर्थपूर्ण सेर अरूले आजसम्म लेख्न सके कि सकेनन् ? थाहा छैन भनेका छन् ।

**त)** २०६३ साउन १५ को **जनमत** अर्द्ध साप्ताहिकको २८ औं अङ्कको सम्पादकीयमा प्रेमप्रकाश मल्लको गीतमा समाहित भावको चर्चा गर्दै प्रेमप्रकाशका गीतले कर्णप्रिय सङ्गीत र मार्मिकताले नेपालीहरूको मन छोएको मात्र होइन देश विदेशको कुनाकन्दरासम्म नेपालको पर्यटकीय नगरी पोखराको प्राकृतिक सौन्दर्य रमणीय दृश्यलाई भावनात्मक रूपमा परिचित गराउने काम गरेको पक्ष उल्लेख गरिएको छ ।

**थ)** **जनमत** अर्द्धसाप्ताहिकमा हरिप्रसाद तिमिल्सिनाले प्रेमप्रकाश मल्लको साहित्यिक प्रवृत्ति केलाउने क्रममा प्रेमप्रकाश मल्ल मूलतः स्वच्छन्दतावादी काव्यधाराका

कवि, गीतकार र गायक हुन् । त्यही मूलधारामा रहेर प्रखर राष्ट्रवादी स्वर दिनु र नेपाली प्रकृतिलाई विम्ब, प्रतीक एवम् अलङ्कारले सगरमाथाको शिखरझैँ उच्च बनाउनु मल्लको निजी प्रवृत्ति हो भनेका छन् ।

ध) **जनमत** अर्द्धसाप्ताहिककै २०६३ साउन १५ को अङ्कमा फतेहबहादुर सिंहले प्रेमप्रकाश मल्लमा पि.वि. शेलीको लेखन शैली एवम् आफ्नो जीवनमा आइपरेको वेदनाको प्रवाहले नै काव्यप्रवाह प्रस्फुटित गराउन प्रेरणा मिलेको पक्ष उल्लेख गरेका छन् ।

न) २०६३ साउन १५ को **जनमत** अर्द्धसाप्ताहिकमा दिनेश गौतमले प्रेमप्रकाश मल्ललाई लेखन सङ्गीत, सिर्जना र गायन तीनै विधामा सिद्धहस्त प्रतिभा घोषित गरेका छन् ।

## ८. शोधकार्यको औचित्य महत्त्व र उपयोगिता

नेपाली साहित्यमा विशेषत काव्यका क्षेत्रमा चारवटा पुस्तकाकार कृतिहरू तथा विभिन्न पत्रपत्रिकामार्फत् अन्य कैयौँ फुटकर गीत, कविता, गजल, मुक्तक लगायतका रचनाहरू प्रकाशित गरिसकेका प्रेमप्रकाश मल्लका गीतहरू रेडियोनेपाल तथा टेलिभिजनमा समेत प्रसारण हुने गर्दछन् । यतिका ख्याति कमाइसकेका महान् स्रष्टाको समग्र कृतिका बारेमा अध्ययन गर्नु आफैमा औचित्यपूर्ण कार्य हो । शोधका क्षेत्रमा केवल उनका कृतिसँग मात्र सम्बन्धित रहेर अध्ययन गरिने भएकाले यसको महत्त्वपूर्ण स्थान हुने नै छ । काव्यकार प्रेमप्रकाश मल्लका बारेमा जिज्ञासा राख्नेहरूका लागि केहीहदसम्म यो शोध उपयोगी हुनेछ । यस अर्थमा पनि यसको महत्त्व रहेको छ ।

## ९. शोधकार्यको सीमाङ्कन

प्रेमप्रकाश मल्ल मध्यपश्चिमाञ्चलका साथै सम्पूर्ण नेपाल अधिराज्यकै एक प्रतिष्ठित काव्यकार भएका नाताले उनका प्रकाशित चार काव्यकृतिहरूलाई आधार मानेर **प्रेमप्रकाश मल्लको काव्यकारिता**को अध्ययन गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १०. सामग्रीसङ्कलन विधि

यो शोधपत्र काव्यकारिताको परिवृत्तमा केन्द्रित रहेको हुँदा काव्यकारका काव्यात्मक प्रवृत्ति केलाउन शोधनायक शोधनायकका आफन्त र विषयसँग सम्बन्धित विशेषज्ञहरूसँग जानकारी लिन स्थलगत (क्षेत्रीय) अध्ययन गरिएको छ । शोधनायक र उनका काव्यविवेचना अथवा शोधनायकका काव्यात्मक प्रवृत्तिका बारेमा लेखिएका पुस्तक पत्रपत्रिका प्रकाशित लेख, अन्तर्वार्ता, टिप्पणी आदि प्राप्त गर्नका लागि शोधले अपेक्षा गर्ने सामग्रीसङ्कलन विधिहरूमध्ये पुस्तकालयीय विधि अपनाइएको छ ।

## ११. सैद्धान्तिक ढाँचा र शोधविधि

यस शोधपत्रको अध्ययनमा मूलतः कृतिपरक अंशतः जीवनीपरक समालोचना पद्धतिको प्रयोग गरिएको छ ।

## १२. शोधकार्यको रूपरेखा

यस शोधपत्रलाई वस्तुगत, वैज्ञानिक, सुसङ्गठित र सुव्यवस्थित बनाउनका लागि निम्नबमोजिमका अध्यायमा विभाजन गरिएको छ :

अध्याय एक - शोधपरिचय

अध्याय दुई - प्रेमप्रकाश मल्लको परिचय र रचनाधर्मिता

अध्याय तीन - प्रेमप्रकाश मल्लका चरणगत काव्यिक प्रवृतिहरू

अध्याय चार - सैद्धान्तिक आधारमा प्रेमप्रकाशका काव्यहरूको विश्लेषण

अध्याय पाँच - शोधनिष्कर्ष

आवश्यकताअनुसार माथिका परिच्छेद तथा शीर्षकलाई उपशीर्षकहरूमा समेत विभाजन गरी प्रेमप्रकाश मल्लको काव्यकारिताको प्राप्ति र अप्राप्तिका बारेमा अध्ययन र विश्लेषण गर्दै शोधपत्र तयार गर्दा प्रयोग भएका सन्दर्भग्रन्थ र पत्रपत्रिकाको छुट्टाछुट्टै सूचीसमेत प्रस्तुत गरिएको छ ।

# अध्याय– दुई

# प्रेमप्रकाश मल्लको परिचय र रचनाधर्मिता

## २.१ जन्म, जन्मस्थान र नामकरण

प्रेमप्रकाश मल्लको जन्म समाजसेवी पिता होमजङ मल्लको जेष्ठ पुत्रका रूपमा माता विष्णुकुमारी मल्लका कोखबाट वि.सं.१९९३ श्रावण ११ गते शनिवारका दिन भएको थियो ।[१] नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्रको राप्ती अञ्चलअन्तर्गत पर्ने रूकुम जिल्लाको मुसिकोट खलङ्गास्थित सेरी गाउँमा जन्मन पुगेका प्रेमप्रकाशको न्वारनको नाम प्रेमजङ मल्ल हो । अत्यन्त सुशील, सन्तोषी र ज्ञानी भएकै आधारमा उनलाई ज्ञानबहादुर भन्ने गरिन्थ्यो भने उनी औपचारिक रूपमा प्रेमप्रकाश मल्ल र साहित्यिक क्षेत्रमा मधुकर उपनामले समेत चिनिने गरेका छन् ।[२]

## २.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

प्रेमप्रकाश मल्लको वंशपरम्परा खोज्दै जाँदा पूर्वाञ्चल विकासक्षेत्रको मेची अञ्चलअन्तर्गत पर्ने इलाम जिल्लासम्म पुग्नुपर्ने हुन्छ । पूर्व इलामका उपमन्यु गोत्रका मल्ल ठकुरीहरू इलामबाट बसाइँ सरी तत्कालीन मुसिकोटे ठकुरी शाह राजाहरूले राज्य सञ्चालन गर्दै आएको रूकुमको मुसिकोटमा बसेका थिए । सोही मल्ल वंशका लप्टन पद्मजङ मल्लका एक छोरा र दुई छोरीहरू हुनपुगे जसमध्ये छोरा काजी तेजबहादुर मल्लका ६ भाइ छोराहरू जन्मिए । यी ६ भाइ छोराहरूमा पनि सबैभन्दा जेठा होमजङ मल्लको जेठा सन्तानका रूपमा प्रेमप्रकाश मल्लको जन्म भएको हो ।[३]

प्रेमप्रकाशको पारिवारिक पृष्ठभूमिको मूल्याङ्कन गर्दा उनका अग्रजहरू फौजी सेवामा कार्यरत रही देशको सेवा गर्दै आएका थिए । परबाजे पद्मजङ मल्ल लप्टन पदमा रहेकाले दाङ सल्यानसम्म उनले ख्याति कमाएका थिए भने बाजे तेजबहादुर मल्ल पनि काजी पदमा रहेकाले समाजमा विभिन्न झै-झगडा मिलाउने, सामाजिक

---

[१] हरिप्रसाद तिमिल्सिना **'मध्यपश्चिमका साहित्यिक धरोहर प्रेमप्रकाश मल्ल मधुकर' जनमत** अर्द्धसाप्ताहिक (वर्ष २५, अङ्क २८, २०६३ साउन १५) पृ.३ ।

[२] ऐजन ।

[३] शोधनायकबाट प्राप्त जानकारी ।

सरसल्लाह दिने मुसिकोटे राजखलकसँग केही समस्या भएमा छलफल गर्नेजस्ता कार्यहरू गर्ने गर्दथे ।[४]

प्रेमप्रकाश मल्लकी आमा विष्णुकुमारी मल्ल सल्यानका शाह ठकुरीकी छोरी थिइन् । कसैसँग वादविवाद र झै-झगडा नगरी आफ्नो सहनशील, सुशील र शान्त स्वभावको परिचय दिने विष्णुकुमारी मल्ल रामायण, महाभारत जस्ता धार्मिक ग्रन्थ वाचन गर्न सक्ने एवम् हस्ताक्षर गर्न सक्ने क्षमता भएकी सामान्य साक्षर नारी थिइन् । भगवानको पूजा-अर्चना र धार्मिक कार्यक्रमहरूमा समेत संलग्न रहन रुचि देखाउने विष्णुकुमारी मल्ल घरायसी क्रियाकलापमा निकै सिपालु र गाउँसमाजमा राम्ररी भिजेकी थिइन् भन्ने पक्षको जानकारी २००७ साल कार्तिक महिनामा कान्छो छोरालाई जन्म दिँदा सुत्केरी बिग्रन गई चार महिनासम्म बिरामी परी देहावसान हुँदा गाउँलेहरूले 'होमजङको घरबाट लक्ष्मी गइन्' भन्दै सम्बोधन गरेबाट प्रस्ट हुन आउँछ ।[५]

प्रेमप्रकाश मल्लका बुबा होमजङ मल्ल काजी तेजबहादुर मल्लका जेठा छोराका रूपमा वि.सं.१९७२ मा सेडीगाउँ मुसिकोटमा जन्मेका थिए । घरमै साधारण शिक्षा लिएका होमजङ वि.सं. २००७ को प्रजातान्त्रिक आन्दोलनमा सक्तिय रूपमा लागेका कारण थुनामा परेका थिए । अदालतमा वकालत गर्ने र घण्टौंसम्म भाषण गर्न सक्ने ज्ञानी होमजङ मल्ल जिल्ला पञ्चायतको सदस्य पदमा समेत निर्वाचित भई समाजसुधारका विविध कार्यमा उत्साहका साथ सरिक हुँदै आएको पाइन्छ । [६]

प्रेमप्रकाश मल्लका अन्य पारिवारिक सदस्यहरूमा उनका माहिला भाइ माधवजङ मल्ल हुन् । उनी माध्यमिक स्तरको पढाइ पूरा गरी हाल भूमिसुधारको जागिरमा कार्यरत छन् । सरकारी सेवामा नै कार्यरत कान्छा भाइ वामदेव मल्ल हुन । जम्मा दुई दिदीहरू मध्ये जेठी साधारण लेखपढ गरेकी जगत्कुमारीको सल्यानमा विवाह भएको छ भने त्रि.वि. बाट एम्.एड. गरी दैलेखको नौमूलेस्थित मा.वि.मा प्र.अ.

---

[४] ऐनज ।

[५] हरि तिमिल्सिना, **"प्रेमप्रकाश मल्ल जीवनी र व्यक्तित्व"** (नेपाली स्नातकोत्तर शोधपत्र, अप्रकाशित, २०५८), पृ. १५ ।

[६] ऐजन ।

रहेकी कान्छी बहिनीको ने.क.पा.एमाले पार्टीबाट प्रतिनिधि सभामा निर्वाचित पूर्व सांसद नरबहादुर हमालसँग विवाह भएको छ । [७]

यसरी वंशपरम्परा र पारिवारिक पृष्ठभूमिलाई खोतल्दा प्रेमप्रकाश मल्लमा आफ्नी आमाको सहनशील, सुशील स्वभाव र बाबु एवम् बाजेको कर्तव्यनिष्ठ स्वभावको छाप परेको पाइन्छ । उनका वंशपरम्परामा खासै साहित्यधर्मी प्रतिभा नभेटिए पनि स्वयं प्रेमप्रकाशकी आमाले नै रामायण महाभारत जस्ता धार्मिक-साहित्यिक ग्रन्थ पाठ गरेबाट आमाको साहित्यपठन सम्बन्धी वंशाणुगत गुण नै छोरा प्रेमप्रकाश मल्लमा देखिन गएको छ ।

## २.३ बाल्यकाल र चूडाकर्म संस्कार

### २.३.१ बाल्यकाल

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको रापती अञ्चलस्थित रुकुम जिल्ला अन्तर्गत पर्ने मुसिकोट खलङ्गास्थित सेरी गाउँ नै प्रेमप्रकाश मल्लको जन्मथलो एवम् बाल्यकाल गुज्रिएको थलो हो । यस सेरी गाउँको वरपरको भू-बनोट उत्तर दिशातर्फको सिस्ने हिमालको मन छुने दृश्यका साथै भेरी नदीको मनोरम जलप्रवाह एवम् अनेकौं पोखरी र दहले सुशोभित रहेको छ । मूलतः यिनै प्राकृतिक सौन्दर्यको प्रत्यक्ष वा परोक्ष प्रभाव उनको बाल्यकालमा अनि जीवनको पछिल्ला समयमा समेत परेको छ ।

प्रेमप्रकाश मल्ल होमजङ मल्ल र विष्णुकुमारीको परिवारमा जेठो पुत्र भएका कारणले जन्मकै अवसरदेखि नै परिवारको माया-ममता उनलाई मिलिरह्यो । मध्यम वर्गीय ठकुरी परिवारमा जन्मेका प्रेमप्रकाशको घरमा बाबु, बाजे आदिको राम्रो आयस्रोतका कारण के खाऊँ के लाऊँको समस्या थिएन भने बाबुको राजनैतिक सक्रियता र समाजसेवी भावनाले गर्दा परिवारको राम्रो इज्जत र प्रतिष्ठा छँदै थियो ।[८] यिनै इज्जत प्रतिष्ठा र समाजसेवी भावनाका कारण घरव्यवहारसमेत राम्रोसँग चलेकाले मल्लको बाल्यकाल सुखमय तथा आनन्दमय अवस्थामा बितेको थियो ।

---

[७] शोधनायकबाट जानकारी प्राप्त ।

[८] ऐजन ।

प्रेमप्रकाश मल्ल बाल्यकालीन अवस्थादेखि नै आफ्नी आमा विष्णुकुमारी मल्ल जस्तै सरल, सुशील र आज्ञाकारी थिए । कसैको चित्त दुखाउन नचाहने बालक प्रेमप्रकाश आफूमाथि अन्याय हुँदासमेत मौन नै रहन्थे । कति सम्म भने भाइबहिनीहरूले लठ्ठीले लखेट्दासमेत कुनै प्रतिकार नगरी अघिअघि भाग्थे र लठ्ठीले कुट्दासमेत फर्काउँदैनथे ।[९] बिहानीले दिनको आभास गराउँछ भनेझैँ प्रेमप्रकाश मल्ल साहित्यिक यात्राका धरोहर साबित हुनेछन् भन्ने पक्षको सङ्केत उनको बाल्यकालमा नै प्रकृतिसँग रमाउने स्वभावले दिइसकेको थियो । मल्ल सानैदेखि नदीको छाल, नीलगगन, सिर्सिर बहने वायु तथा प्राकृतिक सौन्दर्यबाट मन्त्रमुग्ध हुने, एक्लै गुन्गुनाउने एकान्तप्रिय स्वभावका थिए ।[१०] मूलत यही स्वभाव नै उनको साहित्यकार प्रेमप्रकाशका रूपमा स्थापित गराउने शुभसङ्केत थियो ।

प्रेमप्रकाश मल्लले आफ्नो बाल्यकालीन अवस्थाबाटै अक्षराम्भ गरेका थिए । पाँच वर्षको उमेरमा आफ्नै घरमा पण्डित भुवनेश्वर उपाध्याय गौतमद्वारा श्रीपञ्चमीका दिन उनलाई अक्षर चिनाउने कामको सुरुआत भएको थियो । उनले भुवनेश्वर उपाध्यायसँग बाह्रखरीसम्म सिकिसकेपछि अन्य शैक्षिक क्रियाकलापको ज्ञान स्वामी यमुनानन्दबाट हासिल गरेका थिए । त्यसैगरी बाल्यकालीन समयमै प्रेमप्रकाशलाई शैक्षिक खुराक प्रदान गर्ने अर्का व्यक्ति सच्चिदानन्द सरस्वती पनि हुन् । यिनै तीन शिक्षकहरूको प्रमुख भूमिका मल्लको बाल्यकालीन शिक्षा आर्जनका सम्बन्धमा रहेको छ । प्रेमप्रकाश मल्लको दिमाग सानैदेखि सिर्जनात्मक एवम् तीक्ष्ण थियो । उनलाई एकपटक भनेको कुरा दोहोऱ्याएर भन्ने जरूरी पर्दैनथ्यो । पढाइमा समेत रुचिका साथ लागिपर्ने मल्लले बाल्यकालमा नै बाह्रखरी, रघुवंश महाकाव्य (तीन सर्ग) आदिको अध्ययन गरिसकेका थिए ।[११]

प्रेमप्रकाश मल्ल सानैदेखि ईश्वरप्रति आस्थावान् व्यक्ति हुन् । उनकी आमा विष्णुकुमारी मल्ल नित्य पूजापाठ गर्ने एवम् धार्मिक व्यक्तिहरूप्रति आदरभाव प्रकट

---

[९] पारिवारिक स्रोतबाट प्राप्त जानकारीअनुसार ।

[१०] हरि तिमिल्सिना, **'मध्यपश्चिमका साहित्यिक धरोहरः प्रेमप्रकाश मल्ल मधुकर' जनमत** अर्द्धसाप्ताहिक, (वर्ष २५ अंक २८:२०६३ साउन १५) ।

[११] शोधनायकबाट प्राप्त जानकारी ।

गर्ने गर्दथिन् । यसको प्रत्यक्ष प्रभाव प्रेमप्रकाशको बाल्यकालमा पर्न गयो । त्यसैले उनले भगवान्प्रति आस्थावान् र धार्मिक प्रवृत्ति भएका योगी, सन्यासी तथा धार्मिक व्यक्तित्वप्रति श्रद्धा गर्ने र त्रिशूलाकार टीका लगाउने गरेको पाइन्छ । प्रेमप्रकाश मल्लको स्वभाव बाल्यकालीन अवस्थादेखि नै सङ्गीततर्फ ढल्किसकेको थियो । नृत्य हेर्न साह्रै रमाउने मल्ल आफै बेला-बेलामा गीत गुनगुनाइरहन्थे जसको फलस्वरूप उनको साहित्यरचनाको क्षमता तिखारिँदै जान थाल्यो । गीत नृत्य र चित्रकलामा रमाउने प्रेमप्रकाशलाई उनकी आमाले यी तीन कुरामा लागेमा दुःख पाइन्छ भनेर सम्झाएको कुरा पनि आजसम्म स्मरण नै छ ।[१२]

## २.३.२ चूडाकर्म संस्कार

प्रेमप्रकाश मल्लको चूडाकर्म संस्कार हिन्दू विधिविधानअनुसार वि.सं. २०१८ मा पच्चीस वर्षको उमेरमा भएको थियो ।[१३] यो समय चूडाकर्म गर्नाका लागि ढिलो लागे तापनि १४ वर्षको उमेरमा आमाको निधन र अन्य विविध  घरायसी कारणहरूले गर्दा उनको यो संस्कार विवादपूर्ण पच्चीसौं वर्षमा प्रवेश गरेपछि मात्र सफल भएको हो ।

## २.४ शैक्षिक यात्रा

प्रेमप्रकाश मल्लको शैक्षिक यात्रा पाँच वर्षको उमेरदेखि सुरु भयो । उनको आफ्नै घरमा श्रीपञ्चमीको शुभमुहूर्त पारेर पण्डित भुवनेश्वर उपाध्याय गौतमद्वारा उनलाई अक्षर चिनाउन आरम्भ गरियो । पण्डित भुवनेश्वर उपाध्यायले उनलाई नेपाली वर्णहरूको सामान्य चिनारी गराउनका साथै बाह्रखरीसम्म सिकाए । त्यसपछि शिक्षा-दीक्षा दिने काम उनका बुबालाई समेत पढाएका अङग्रेजीसमेत जानेका संस्कृत विद्वान् स्वामी यमुनानन्द गिरीले गरे । स्वामी यमुनानन्द गिरी प्रेमप्रकाशकै घरछेउमा कुटिया बनाई राखिएका थिए । यसै सिलसिलामा  प्रेमप्रकाशको शैक्षणिक यात्रालाई निरन्तरता दिने अर्का विख्यात खप्तड स्वामी श्री साच्चिदानन्द सरस्वती हुन् । यिनी सच्चिदानन्दले समेत प्रेमप्रकाश मुसिकोटमै अध्ययन गर्दाका तीन-चार वर्षीय समयमा अध्यापनको भार सह्माली उनको शैक्षिक व्यक्तित्व निर्माणमा सहयोग गरेका थिए ।

[१२] ऐजन ।

[१३] ऐजन ।

मुसिकोट स्थित संस्कृत पाठशालामा समेत अध्ययन गरेका[१४] मल्लले तीन-चार जना विद्वान्हरूसँग **बाह्रखरी, लघु सिद्धान्त कौमुदी, चण्डी, अमरकोश, चाणक्य नीति रघुवंश** (महाकाव्य) लगायतका विषयवस्तु एवम् ग्रन्थहरूको अध्ययन गरेका थिए । यसरी अनौपचारिक रूपमै ग्रहण गरेको शिक्षादीक्षाका कारण प्रेमप्रकाशमा मूलतः नेपाली, संस्कृत अनि केही मात्रामा अङ्ग्रेजी विषयको समेत राम्रो जग बसिसकेको थियो भने टुप्पीमा डोरीले बाँधेर अध्ययन गर्ने[१५] बानीका कारण अध्ययनप्रतिको रुचिसमेत बढिसकेको थियो । यही कुशल जग र अध्ययन रुचिका कारण नै प्रेमप्रकाश मल्ल औपचारिक शिक्षातर्फ अग्रसर हुन पुगे ।

प्रेमप्रकाश मल्ल वि.सं. २०१० मा १७ वर्षको उमेरमा सल्यानस्थित माध्यमिक विद्यालयमा एकै पटक ६ कक्षामा भर्ना भई पढ्न थाले । उनी तीन-चार महिनामै सात कक्षामा चढेर सोही वर्षको वार्षिक परीक्षामा सात कक्षा उत्तीर्ण गरी आठ कक्षामा पुगेका थिए । यसरी एकै वर्षमा कक्षा ६ देखि ८ सम्मको सफल शैक्षिक यात्रामा देखाएको तीक्ष्णता एवम् लगनशीलताका कारण प्रभावित भएका बाबु होमजङ मल्लले प्रेमप्रकाशलाई २०११ सालमा माध्यमिक विद्यालयको अध्ययनका लागि भारतको लखनउ पठाए । मल्लले लखनउस्थित **क्विन्स एङ्लो संस्कृत इन्टर कलेज**बाट २०१३ सालमा (सन् १९५६ मा) विशिष्ट श्रेणीमा उत्तर प्रदेश हाईस्कुल बोर्डमा नवौँ स्थान प्राप्त गर्न सफल भई छात्रवृत्ति प्राप्त गरेका थिए भने सोही कलेजबाट वि.सं. २०१५ मा विशिष्ट श्रेणीमा नै इन्टरमिडियट तह उत्तीर्ण गरी घर फर्केका थिए । सो तह उत्तीर्ण गरी घर फर्केका मल्ल घरायसी कामकाजमा नै व्यस्त भएका कारण आफ्नो अध्ययनलाई केही समय स्थगित गर्न पुगे । यसरी इन्टरमिडियट तह उत्तीर्ण गरेको आठ वर्षपछि वि.सं. २०२३ मा त्रि.वि. अन्तर्गत महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जबाट द्वितीय श्रेणीमा स्नातक तह उत्तीर्ण गरे । बेचलर तहको सफलताले अझ उत्साहित बनेका प्रेमप्रकाशले प्राइभेट विद्यार्थीका रूपमा नेपाली विषयमा मास्टर

[१४] पारिवारिक स्रोतबाट प्राप्त जानकारी ।

[१५] शोधनायकबाट जानकारी प्राप्त ।

तहको परीक्षा दिएका थिए तर घरायसी कामकाज र बेफुर्सदीका कारण दोस्रो वर्षमा एक पत्रमा अनुत्तीर्ण भएपछि पुनः प्रयास भने गरेनन् ।[१६]

समग्रमा प्रेमप्रकाश मल्लको शैक्षिक यात्राको मूल्याङ्कन गर्दा लगनशील, अध्ययनप्रेमी र तीक्ष्णवुद्धिका धनी मल्ल आफ्नो घरायसी समस्या र व्यवहारिक जीवन सम्बन्धी देखापरेका कठिनाइहरूबाट समेत हतोत्साही नभई दरिलो तवरले प्रस्तुत भएकै कारण उनलाई स्नातकसम्मको उपाधि प्राप्त हुन पुग्यो भने स्नातकोत्तरसम्मका पाठ्यपुस्तकहरूको ज्ञान प्राप्तिका कारण तार्किकता र बौद्धिकताजस्ता पक्षहरूले उनका रचनामा स्थान जमाइरहे ।

## २.५ पारिवारिक जीवन र आर्थिक अवस्था

### २.५.१ पारिवारिक जीवन

होमजङ मल्ल र विष्णुकुमारी मल्लका जेठा सुपुत्र प्रेमप्रकाश मल्ल दुई भाइ एवम् दुई बहिनीका दाजु पनि हुन् । दाजु भाइहरूमा सबैभन्दा जेठा भइसकेका नाताले अनि बाबु राजनीतिज्ञ भएका कारण कहिले जेल सजाय र कहिले बाहिर जानुपर्ने काम काजका कारण घरायसी जिम्मेवारी अरू सदस्यका तुलनामा प्रेमप्रकाशलाई बढी नै वहन गर्नु पऱ्यो । आमा विष्णुकुमारीको असामायिक अवस्थामै भएको निधन त्यसै समयमा बाबुको जेलजीवन अनि आफ्नो चौध वर्षीय कलिलो उमेरका कारण पनि प्रेमप्रकाश मल्लको जीवनमा एकैसाथ असहनीय पीडाको वर्षा हुन पुग्यो ।

प्रेमप्रकाश मल्लको विवाह वि.सं. २०१८ मा २५ वर्षको उमेरमा तत्कालीन जाजरकोटी राजाकी पनातिनी श्री शम्शेरजङ शाहकी छोरी महेन्द्रकुमारी शाहसँग शास्त्रीय विधानअनुसार निकै रमाइलो तवरले ठाँटबाँटका साथ भएको थियो ।[१७] महेन्द्रकुमारी सानैदेखि सुखसयलमा सुसम्पन्न परिवारमा हुर्किए पनि उनमा अनावश्यक रवाफ पाइनाको साटो मिलनसारिता एवम् धैर्य विद्यमान रहेको देखिन्छ । यिनै धैर्य

[१६] ऐजन ।

[१७] ऐजन ।

एवम् मिलनसारिता जस्ता असल गुण बोकेकी महेन्द्रकुमारीले समेत प्रेमप्रकाश मल्ललाई ६६ बर्षको उमेरमा २०६३ सालमा एक्लो पारेर गइन् ।[१८]

प्रेमप्रकाश मल्लका सन्तानहरूमा एक छोरा र दुई छोरीहरू रहेका छन् जसमध्ये सबैभन्दा जेष्ठ सन्तान मधुकरजङ मल्ल हुन् । उनको जन्म वि.सं. २०१९ श्रावण १९ गते भएको थियो । अत्यन्त प्रभावशाली एवम् कुशल नेतृत्वकर्ता मधुकर राजनैतिक क्षेत्रमा पनि निकै सक्तिय थिए । महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्जमा स्नातक तह दोस्रो वर्षसम्म अध्ययन गरेका मल्ल पढाइका साथै हाजिरीजवाफ, वक्तृत्वकला जस्ता अतिरिक्त क्रियाकलापमा समेत अगाडि थिए । उत्साह र उमङ्गका साथ हरेक काममा दत्तचित्त भएर लाग्ने किशोर, सुकुमार एवम् सुशील मधुकरजङ मल्लले वि.सं. २०४० वैशाख २५ गते २१ वर्षीय अल्पायुमै मोटरसाइकल दुर्घटनामा परी यस संसारबाट बिदा लिए ।[१९]

प्रेमप्रकाश मल्लकी जेठी छोरी वाणीश्री मल्लको जन्म वि.सं. २०२२ सालमा भएको हो । प्रवेशिका उत्तीर्ण भएपश्चात् महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जका उपप्राध्यापक बखतबहादुर मल्लसँग वि.सं. २०४० मा उनको वैवाहिक कार्यक्रम सम्पन्न भएको थियो । हाल एक छोरी र एक छोरा रहेका वाणीश्री र बखतबहादुर मल्लको परिवारले नै वृद्ध प्रेमप्रकाश मल्लको उचित स्याहार-सुसार गरिरहेको छ ।[२०]

प्रेमप्रकाश मल्लकी कान्छी छोरी विजयाश्री मल्लको जन्म वि.सं. २०२६ मा भएको थियो भने विवाह कुमारविक्रम शाहसँग वि.सं. २०४४ मा सम्पन्न भएको थियो । विजयाश्री र कुमारविक्रम शाहको परिवार हाल काठमाडौं उपत्यकामा रहिआएको छ ।[२१]

यसरी प्रेमप्रकाश मल्लको पारिवारिक जीवन सुख र दुःखका बीच गुज्रदै अगाडि बढेको छ । कलिलै उमेरमा आमाको मृत्यु, एकमात्र छोरो मधुकरजङ मल्ललाई युवा अवस्थामा नै विदा गर्नुपर्ने पीडा सँगालेका प्रेमप्रकाश आफ्नो वृद्धावस्थामा समेत

---

[१८] ऐजन ।

[१९] नेपाल युवक संगठन कार्यसमित ललितपुर **'मधुकर छोटो जीवनी: लामो कहानी'** (प्रकाशकीय टिप्पणी पृ.ङ) २०४२ ।

[२०] हरि तिमिल्सिनाबाट प्राप्त जानकारी ।

[२१] ऐजन ।

अत्यन्त माया ममता प्रदान गरी घरकै सदस्यका रूपमा स्याहारसम्भार गर्ने छोरीज्वाइँ पाएर भने हर्षित नै देखिन्छन् । प्रेमप्रकाश मल्ल हाल आएर केही रोगी तथा असहाय त देखिन्छन् नै आफ्नो बिँग्रदो अवस्था जान्दाजान्दै पनि राष्ट्रले आफूलाई कुनै किसिमको सहयोग गर्ने चासो नदेखाएकोमा दुखित पनि छन् । कान कम सुन्ने र हिँडडुल गर्नसमेत नसक्ने अवस्थामा पनि राज्यको तर्फबाट न्यूनतम सहयोग हुनाको साटो उपेक्षित हुनुपरेको प्रेमप्रकाश २०६३ सालमा आफ्नी जीवनसङ्गिनीले समेत एक्लै पारेर गएपछि कष्टकर जीवन बिताइरहेका छन् ।

## २.५.२ आर्थिक अवस्था

प्रेमप्रकाश मल्लको बाल्यकाल एवम् किशोरावस्था आर्थिक रूपले सबल रही निकै आनन्दसँग बितेको थियो । उनीसँग बाबु-बाजे आदिको खानदानी सम्पत्ति प्रशस्त मात्रामा छँदै थियो भने विवाह हुँदा पाँच, छ कट्ठा घडेरी सहितको घर तथा प्रशस्त जमिन ससुरालीबाट प्राप्त भएको थियो ।[२२] तर जब युवाअवस्था सिढ्ढिँदै गयो, त्यसपछि धनसम्पत्ति र रूपैँया पैसाको आवश्यकता भने खड्किँदै गयो । प्रथमतः उनले घरबाट कुनै किसिमको पैतृक अंश लिएनन्,[२३] जसले उनलाई आर्थिक अवस्था सुधार्न मद्दत गर्ने थियो । दोस्रो उनी विस्तारै रोगग्रस्त हुँदै गए फलतः उपचारका लागि ठूलो धनराशि खर्च गर्नुपर्ने परिस्थिति जन्मियो ।

प्रेमप्रकाश मल्ल २०२८ सालमा प्रशिक्षणको सिलसिलामा कर्नाटको मैसुरमा रहँदा बेहोस भएपछि लामो उपचार गर्नुपऱ्यो भने छोराको असामयिक निधन (२०४० साल) ले मर्माहत बनेका प्रेमप्रकाशलाई रोगले अझ बढी च्यापेपछि औषधोपचारमा प्रशस्त सम्पत्ति खर्च भयो । उनकी धर्मपत्नी महेन्द्रकुमारी मल्लको ट्युमरको ठूलो अप्रेसनले पनि प्रेमप्रकाशलाई आर्थिक रूपमा दुर्बल बनायो । यता सम्पत्तिका रूपमा छोरा मधुकरजङ मल्लका नाममा छब्बीस विगाहा जमिन रहेको थियो जुन जमिनको

---

[२२] शोधनायकबाट जानकारी प्राप्त ।

[२३] ऐजन ।

कार्यालयका कर्मचारी एवम् ठग नातेदारहरूले हिनामिना गरिदिएकाले मुद्धा मामिला गर्दागर्दै कतिपय सम्पत्ति सिद्धिन पुग्यो ।[२४]

प्रेमप्रकाशको नियमित आयस्रोतका रूपमा उनको नोकरीबाट प्राप्त पारिश्रमिकलाई नै लिन सकिन्छ । वि.सं. २०२३ देखि वि.सं. २०५० सम्मको २७ (सत्ताइस) वर्षीय लामो जागिरकालमा सांस्कृतिक प्रबन्धकबाट उपसचिव स्तरको उच्च **अनुदेशकसम्म** पदोन्नति भयो । यही जागिरका भरमा जीवन चलाइराखेका मल्ललाई अचानक अवकाश गरिँदा झनै आर्थिकसङ्कट उत्पन्न हुन गयो । उनले जागिरबाट अवकाश हुँदा प्राप्त उपदान रकमबाट नेपालगन्ज नगरपालिका वडा नं. तेह्र भृकुटीनगरमा एक कट्ठा दुई धुरको घडेरी खरिद गरी कृषि विकास बैङ्कबाट नगद रु. ३०००००।- (तीन लाख) ऋण लिएर चार कोठे घर निर्माण गरेका छन् भने उक्त घर बनाउँदाको ऋण मध्ये १,२५०००।- अझै कायमै छ ।[२५]

आर्थिक अवस्था कमजोर भएका कारण प्रेमप्रकाश मल्लले वाटरपार्क बोर्डिङ, स्कुल नेपालगन्जमा सङ्गीत शिक्षकका रूपमा समेत काम गरेको पाइन्छ । उनको आर्थिक अवस्थालाई मध्यनजर गर्दै खगेन्द्र भट्टराई, पुष्पलता आचार्यजस्ता व्यक्तिहरूले समय-समयमा सानोतिनो सहयोग गरेका छन्[२६] भने उनकै छोरी ज्वाइँ बाणीश्री मल्ल र बखतबहादुर मल्लले आफ्नै घरमा उचित रेखदेख गरी आर्थिक भार महशुस हुन दिएका छैनन् ।

## २.६ रुचि एवम् साहित्यिक प्रेरणा र प्रभाव

### २.६.१ रुचि

आँसुको थोपामा जीवनको अन्तर्मिश्रण भेट्ने प्रेमप्रकाश मल्लको रुचि प्रमुख रूपमा साहित्य-सिर्जना गर्नु रहेको छ । साहित्यभित्र पनि विशेषतः कविता, गीत गजल आदिको रचना र गायन रहेको छ ।[२७] प्रेमप्रकाश मल्ल प्रकृति भनेपछि हुरुक्कै हुने

---

[२४] ऐजन ।

[२५] पारिवारिक स्रोतबाट जानकारी प्राप्त ।

[२६] ऐजन ।

[२७] शोधनायकबाट जानकारी प्राप्त ।

व्यक्ति हुन् । उनको रुचि प्रकृतिलाई अँगालोमा बाँध्नु हो अनि स्वतन्त्र भएर प्रकृतिमा विचरण गर्नु हो । यसै तथ्यलाई उनी आफ्नो गीतमार्फत् यसरी उजागर गर्दछन्,

**... हिमाललाई अँगालोमा भरुँ जस्तो लाग्ने**
**आफूलाई आत्मसात गरुँ जस्तो लाग्ने**
**.... जहाँपनि जतापनि जाऊँ, जाऊँ लाग्ने**
**घुमी घुमी झुमी झुमी गाऊँ, गाऊँ लाग्ने**

एक धार्मिक आमाका छोरा प्रेमप्रकाश मल्लको अर्को रुचि पूजापाठ गर्नु र धार्मिक कार्यमा संलग्न रहनु हो । त्यसैगरी सेतो एवम्. सफा लुगा मन पराउने मल्ललाई वसन्त ॠतु, लालीगुराँस र रातो गुलाफ मनमोहक लाग्छन् भने पत्रपत्रिका पढ्न एवम् साहित्यकारहरूका साहित्यिक रचना पढ्नसमेत उनी निकै ध्यान दिन्छन् ।[२८]

## २.६.२ साहित्यिक प्रेरणा र प्रभाव

हरेक साहित्यकार साहित्य लेख्नका लागि केही न केही प्रेरक तत्त्वबाट परिचालित भएको हुन्छ भने प्रेमप्रकाश मल्ल पनि त्यस प्रक्रियाबाट अछुतो रहेका छैनन् । प्रेमप्रकाश मल्ललाई साहित्यको बाटोमा हिँड्न प्रेरणा दिने पहिलो प्रेरक तत्त्व चौध वर्षकै कलिलो उमेरमा आमा विष्णुकुमारी मल्लको मृत्युपीडा हो । यही पीडाबाट विक्षिप्त बनेका मल्लले आफ्ना रचनामा उक्त भाव यसरी समेटेका छन्,

**जन्म दिने मलाई मुमा विष्णु कुमारी**
**बचाएर राख्ने मामु महेन्द्र कुमारी**
**चौध वर्षको त थिएँ मुमा अस्ताउँदा**
**मनको गगनमा अन्धकार उठाउँदा**
**नियतिले बोकाइदियो दुःखै दुःखको भारी**
**रुँदैछन् फूलहरू रुँदैछन् फूलबारी**
**रुँदैछन् काँडाहरू रुँदैछन् क्यारी क्यारी ।**

---

[२८] पारिवारीक स्रोतबाट जानकारी प्राप्त ।

प्रेमप्रकाश मल्ललाई साहित्य रचनाका लागि घचघच्याउने अत्यन्त मर्मस्पर्सी घटना उनको एक मात्र होनहार सुपुत्र मधुकरजङ मल्लको असामयिक मृत्यु हो । यही घटनाका कारण उनले आफ्ना कैयौँ रचनालाई शोकाश्रुले नुहाइदिएका छन् भने 'मधुकर छोटो जीवनी लामो कहानी' शीर्षक दिएर एउटा सिङ्गो काव्य नै रचना गरेका छन् ।

प्रेमप्रकाश मल्लको जीवनमा अनेकौ अँध्यारा अवस्थाहरू आइरहे, अनेकौँ अप्ठ्यारा र बाधाहरूले उनलाई अल्झाइरह्यो । मूलतः यिनै जीवनमा भोगेका कष्टप्रद अवस्थाले समेत उनलाई साहित्य कोर्न प्रेरणा मिल्यो । उनले रचेका-

**मरी मरी**

**बाच्नेहरूको**

**कोटीमा परिन्छ**

**अतः संभवत**

**प्रायसः प्रत्येक दिन**

**मर्ने गरिन्छ ।** जस्ता सिर्जनाहरूले उनको जीवनमा आइरहने पीडा र कष्टप्रद अवस्थाको प्रतिनिधित्व गर्दछन् ।

आमा र एकमात्र छोराले छाडेर गएका प्रेमप्रकाश मल्ललाई आफ्नै धर्मपत्नी महेन्द्रकुमारीले समेत एक्लो पारेपछि उक्त घटनाले प्रेमप्रकाशलाई रचनामा थप प्रेरणा मिलेकै आधारमा उनले निराशाको यस्तो उद्गार व्यक्त गरे

**समयलाई**

**हामीले हैन**

**बरु समयले**

**हामीलाई काटिरहको हुन्छ ।**

प्रेमप्रकाश मल्ललाई साहित्य लेख्नका लागि घचघच्याउने काम उनका समकालीन साथीहरूले समेत गरे । यस्ता साथीहरूमा विशेषरूपले जगदीश घिमिरे र नगेन्द्रराज घिमिरे पर्दछन् ।[२९] त्यसैगरी कवि म.वि.वि. शाहले प्रेमप्रकाश मल्लको

[२९] शोधनायकबाट जानकारी प्राप्त ।

प्रतिभाको कदर गर्दै भारतको कलकत्तास्थित महावाणिज्य दूतलाई पत्र लेखी गीत रेकर्ड गर्न आर्थिक सहयोग उपलब्ध गराएका थिए,[३०] जसबाट प्रेरित मल्ल पञ्चगान जस्तो पञ्चायती शासनको पक्षधर साहित्यिक कृति प्रकाशमा ल्याउन सफल भए । यसरी प्रेमप्रकाश मल्ल कवि म.वि.वि. शाहबाट समेत प्रेरित देखिन्छन् । प्रेमप्रकाश मल्ल प्रकृतिमा रमाउने व्यक्ति हुन् । सानैदेखि नीला आकाश, छङ्छङ गर्ने झरना देख्दा एकोहोरिने प्रेमप्रकाशलाई नेपालको प्राकृतिक रमणीयताले पनि साहित्य रचनामा प्रेरणा दियो, जसको उदाहरण यो गीतांश हो :

**माछापुच्छ्रे फेवातालमा पौडी खेल्दो रै'छ,**

**पोखरा त साँच्चिकै नै पोखरा नै रै'छ,** .......... ('अनुभूतिका स्वरहरू' पृ. ६३) ।

साहित्यकार प्रेमप्रकाश मल्ल नेपाली एवम् विदेशी साहित्यकारहरूद्वारा प्रभावित छन्, अथवा उनको लेखन शिल्प महान् अङ्ग्रेजी कवि पी.वी. शेलीसँग मेल खान्छ भन्ने भनाइ मननीय छ ।[३१] त्यसैगरी माधवप्रसाद घिमिरेको प्रकृतिचित्रणबाट प्रभावित प्रेमप्रकाश मल्ल लक्ष्मीप्रसादको उत्तरार्द्धमा शारीरिक पीडाबाट ग्रसित हुँदाका रचनासँग मेल खाने भावभूति पोख्न सिपालु रहेको टिप्पणी पनि चर्चामा छ । वास्तवमा प्रेमप्रकाश मल्लमा कुनै पनि साहित्यकारको पूर्ण प्रभाव नदेखिए तापनि आंशिकरूपमा उनी पी.वी. शेली, माधवप्रसाद घिमिरे र लक्ष्मीप्रसाद देवकोटाद्वारा प्रभावित देखिन्छन् ।

## २.७ सम्मान तथा पुरस्कार

नेपाली साहित्यका सम्मानित साहित्यकार प्रेमप्रकाश मल्लले नेपाली साहित्य श्रीवृद्धि गर्न पुऱ्याएको योगदानलाई विशेष मूल्याङ्कन गर्दै विभिन्न संघ-संस्था एवम् साहित्यिक प्रतिष्ठानद्वारा निम्नलिखित सम्मान तथा पुरस्कार दिइएको छ ।

क) महेन्द्र पुस्तकालय नेपालगन्जको स्वर्ण जयन्तीका अवसरमा सारस्वत सम्मान २०५३ ।

ख) राष्ट्रिय प्रतिभा, पुरस्कार २०५४ ।

ग) कर्मचारी मिलन केन्द्र मुसिकोट रुकुमबाट २०५६ सालमा सम्मान तथा अभिनन्दन ।

---

[३०] ऐजन ।

[३१] फत्तेहबहादुर सिंह, **कवि सम्राट प्रेमप्रकाश मल्ल 'मधुकर', जनमत** अर्द्धसाप्ताहिक (वर्ष २५, अंक २८, २०६३ साउन १५) ।

घ) तीर्थमान श्रेष्ठ स्मृति साहित्य पुरस्कार ।

ङ) बह्मकुमारी ईश्वरीय विश्वविद्यालय नेपालगन्जबाट सम्मान तथा पुरस्कार ।

च) रोटरी क्लब सम्मान ।

छ) औधोगिक व्यापार मेला मध्यपश्चिमाञ्चलद्वारा सम्मान , २०५७ ।

ज) नेपाल टेलिभिजन कोहलपुर क्षेत्रीय प्रसारण केन्द्रद्वारा दोसल्ला ओढाई सम्मान ।

झ) ने.क.पा. एमाले भेरी अञ्चल समन्वय कमिटीद्वारा कलाकारिता तर्फको योगदानको निम्ति अभिनन्दित, २०५८ ।

ञ) श्री ५ वीरेन्द्र ऐश्वर्य सेवा पदक, २०५८ ।

ट) नेपाली साहित्य मन्दिरद्वारा सम्मान २०५९ कार्तिक ।

ठ) राप्ती कलाकेन्द्र सम्मान पत्र, २०५९ ।

ड) छिन्नलता गीत पुरस्कार एवम् विशिष्ट सम्मान, २०६० ।

ढ) दर्शन सेवा समाजद्वारा सम्मान २०६३ ।

ग) जनमत अर्द्धसाप्ताहिक पत्रिका सम्मान २०६३ ।

त) नेपाल सांस्कृतिक संघ सम्मान, २०६३ ।

थ) नेपाल राष्ट्रिय कला मन्दिर पुरस्कार, २०६३ ।

द) पुष्पलता साहित्यिक संघबाट सम्मान, २०६३ ।[३२]

## २.८ कार्यक्षेत्र एवम् भ्रमण

प्रेमप्रकाश मल्लले वि.सं. २०२३ मा स्नातक स्तरको शिक्षा समाप्त गरी तत्कालीन पञ्चायत विकास प्रशिक्षण केन्द्र महेन्द्रनगर नेपालगन्जमा सांस्कृति प्रबन्धक पदबाट नोकरी सुरु गरेको र पछि बढुवा भई अधिकृत स्तरको अनुदेशक पदमा पुगेको पाइन्छ । वि.सं. २०३९ सालमा उपसचिव स्तरको उच्च अनुदेशक पदमा पदोन्नति भई २०५० सालसम्म जागिरमा काम गर्दाको जम्मा २७ वर्षीय समायवधि नै प्रेमप्रकाशको जागिरे जीवन हो । यसरी २०५० सालसम्म जागिरे जीवन बिताएका मल्ललाई राजनैतिक आक्षेप लगाएर जागिर निकाला गरिएपछि उनको आर्थिक अवस्था खस्कँदै

[३२] शोधनायकबाट जानकारी प्राप्त ।

गयो । यही खस्कँदो आर्थिक अवस्थालाई भरथेग गर्नका लागि प्रेमप्रकाश मल्लले नेपालगन्जकै एक स्थानीय वाटरपार्क नामक बोर्डिङ स्कुलमा सङ्गीत शिक्षकका रूपमा जागिरे जीवन बिताएको पाइन्छ ।[३३]

प्रेमप्रकाश मल्लले भ्रमणको सिलसिलामा नेपाल र भारतभित्रका केही स्थलहरू मात्र भ्रमण गरेका छन् । नेपालका पोखरा, काठमाडौँ लगायत थुप्रै प्रसिद्ध सहरहरूको भ्रमण गरेका मल्लले भारतको मद्रास, कर्नाटका बैँग्लोर, दिल्ली नैनीताल, मन्सुरी जस्ता ठाउँ घुम्नाका साथै आमा चलचित्रको नायकका रूपमा गीत रेकर्ड गर्ने क्रममा कलकत्ताको समेत  भ्रमण गरेका छन् ।[३४]

## २.९ रचनाधर्मिता

प्रेमप्रकाश मल्लले आफ्नो अहिलेसम्मको रचनायात्राका क्रममा कविता, गीत, गजल, मुक्तक, निबन्ध र सम्पादकीय लेख जस्ता विविध सिर्जनात्मक पक्षहरूको रचना गरेका छन् । यी उल्लिखित रचनात्मक विषयवस्तुको चर्चा छुट्टाछुट्टै एवम् विशेष किसिमले निम्नबमोजिम गर्न सकिन्छ ।

### २.९.१ काव्य

प्रेमप्रकाश मल्लले काव्यक्षेत्रअन्तर्गत पर्ने मुक्तक फुटकर कविता, खण्डकाव्य आदिको रचना गरे तापनि महाकाव्यको रचना गरेको भने पाइँदैन । आमाको मृत्युको पीडाबोध स्वरूप निस्केको ‘आमा’ फुटकर कविताबाट प्रारम्भ भएको कवितायात्रा वीर तेन्जिङ शेर्पा विन्दुसरी चारैतिर छरिएका हामी[३५] जस्ता कविता हुँदै ‘अनुभूतिका स्वरहरू’ का विभिन्न कवितासँगै विकसित हुन पुगेको छ । त्यसैगरी मुक्तक रचनातर्फ ‘अनुभूतिका स्वरहरू’ शीषर्कमा मात्रै १५१ (एकसय एकाउन्न) वटा मुक्तकहरू सङ्गृहीत छन् भने समय समयमा स्थानीय एवम् राष्ट्रिय साहित्यिक पत्रिकाहरूमा उनका मुक्तकहरू प्रकाशित भइरहेका छन् । मल्लको खण्डकाव्यात्मक कृति त्यो एउटा

---

[३३] ऐजन ।

[३४] ऐजन ।

[३५] हरि तिमिल्सिना (शोधकर्ता), **प्रेमप्रकाश मल्ल: जीवनी र व्यक्तित्व**, (नेपाली स्नातकोत्तर शोधपत्र टङ्कित , अप्रकाशित, २०५८) पृ.३३ ।

अजेय शिखर मधुकार' हो र उनका 'मधुकर छोटो जीवनी लामो कहानी' कृतिलाई खण्डकाव्यस्तरको शोककाव्यका रूपमा चर्चा गर्न सकिन्छ । त्यसैगरी प्रेमप्रकाश मल्लको प्रकाशोन्मुख शोककाव्य **'उनी'** हो, जुन कृति निकट भविष्यमै प्रकाशित हुने तयारीमा रहेको छ ।[३६]

## २.९.२ गीत

प्रेमप्रकाश मल्ल थुप्रै स्वदेशी एवम् आधुनिक किसिमका गीतहरूको रचना गरी स्वयम् आफैले गाउँदै आएको पाइन्छ । यस क्रममा पत्रपत्रिकामा प्रकाशित अनेकौं गीत एवम् अप्रकाशित अवस्थाका गीतहरूलाई छोडेर कृतिमा सङ्गृहीत गीतहरूको मात्र चर्चा गर्दा **माछापुच्छ्रे फेवातालमा पौडी खेल्दो रै'छ** ... लगायतका दर्जनौं गीतहरू 'अनुभूतिका स्वरुहरू' सङ्ग्रहमा सङ्गृहीत छन् । त्यसैगरी पञ्चायत परिवेश र राजालाई आधार बनाएर लेखिएको 'पञ्चगान' गीतसङ्ग्रहमा जम्मा पच्चीसवटा गीतहरू रहेका छन् ।

## २.९.३ गजल

प्रेमप्रकाश मल्ल कवि, गीतकारका साथै एक सशक्त गजलकार पनि हुन् । मल्लले विभिन्न किसिमका साहित्यिक कार्यक्रममा सरिक हुने क्रममा अथवा विभिन्न साहित्यक पत्रिकाहरूमा थुप्रै गजलहरू प्रस्तुत गरेको पाइन्छ । उनको **'अनुभूतिको स्वरहरू'** कृतिमा समेत ६ वटा गजलहरू सङग्रहीत छन्, जसमध्ये ५ वटा गजलहरू गजलहरूका आवश्यकीय तत्त्वहरू अङ्गीकार गरेका आधारमा गजलको स्वरूप प्राप्त गर्न सक्षम छन् भने एउटा गजलमा गजल हुनका लागि नभइ नहुने तत्त्वसमेत अभाव भएका कारण गजल भन्न सकिने आधार पाँइदैन त्यसैगरी प्रेमप्रकाश मल्लको अर्को गजल सङ्ग्रह सजलसमेत प्रकाशोन्मुख अवस्थामा रहेको छ ।[३७]

---

[३६] पारिवारिक स्रोतबाट जानकारी प्राप्त ।

[३७] ऐजन ।

### २.९.४ लेख, सम्पादकीय र निबन्ध

प्रेमप्रकाशले समय-समयमा विभिन्न लेख, सम्पादकीय र निबन्ध आदिको क्षेत्रतर्फ पनि कलम चलाएका छन् । उनले 'रत्नश्री' लगायतका विभिन्न पत्रिकामा आफ्नो लेख लेखिसकेका छन् भने नेत्रज्योति स्मारिका (२०५६, वैशाख) लगायतका पत्रिकाहरूमा उनको सम्पादकीय लेख पढ्न सकिन्छ । त्यसैगरी नेपालगन्ज एक्सप्रेस लगायत दर्जनौ साहित्यिक पत्रिकाहरूमा समेत उनको निबन्धले ठाउँ पाएको छ ।[३८]

---

[३८] शोधनायककी छोरी बाणिश्री मल्लबाट प्राप्त जानकारी ।

# अध्याय-तीन

# प्रेमप्रकाश मल्लको साहित्ययात्रा, चरणविभाजन र चरणगत प्रवृत्तिहरू

## ३.१ साहित्ययात्रा

प्रेमप्रकाश मल्लले आफ्नो चौध वर्षीय कलिलो उमेरदेखि नै साहित्य सिर्जनातर्फ पाइलो चालेका हुन् । आफ्नो जीवनमा देखेभोगेका अनेकौं घटनाहरूबाट साहित्य सिर्जना गर्न प्रेरित प्रेमप्रकाशको पहिलो सिर्जना २००७ साल फागुनमा 'आमा' विष्णुकुमारी मल्लको मृत्यु भएपछि सोही विषयवस्तुमा आधारित रहेर लेखिएको 'आमा' शीर्षकको कविता हो, जसलाई तल लेखिए बमोजिम प्रस्तुत गर्न सकिन्छ :

**आमा भन्छु आमा भन्छु,**
**कतै नभेटी आफै रुन्छु,**
**तिम्रो मिठो स्वरको बदला**
**हृदयविदारक स्वर सुन्छु**
**बाबा भन्ने तिम्रो बोली**
**स्मृति झैँ यो आज र भोलि ।**[३९]

यसरी करुण रसमा आधारित अनुप्रासगत विविधता (अन्त्यानुप्रास, मध्यानुप्रास र अन्तरअनुप्रासको संयोजन) अँगाली लेखिएको पहिलो कविताले नै उनको कवि बन्ने लक्षण देखाइसकेको थियो भने सल्यानको माध्यमिक विद्यालयमा अध्ययन गर्दा 'धन्य तेन्जिङ शेर्पा'[४०] शीर्षकको वीर रसमा आधारित कविताको रचना र वाचनले उनलाई विद्यार्थी साथीहरूमाझ सार्वजनिक गरायो । यसपछि प्रेमप्रकाशको कविता एवम् गीतको रचना र वाचन लखनउमा अध्ययन गर्ने क्रममा समेत निरन्तर चलिरह्यो । यही निरन्तरताको फलस्वरूप २०१८ मा प्रेमप्रकाश मल्लको आफ्नै रचना सङ्गीत र स्वरमा 'वनकी म चरी' बोलको आधुनिक गीत अत्यन्त लोकप्रिय बन्न पुग्यो ।

यसरी २००७ सालबाट साहित्य-लेखनको बीजारोपण गरेका प्रेमप्रकाश मल्लले २०१८ सालको ' वनकी म चरी' बोलको गीतसँगै सार्वजनिक हुँदै हालसम्म पनि

---

[३९] शोधनायकबाट प्राप्त जानकारी ।।

[४०] पूर्णलाला चुके "कुराकानी" **जनमत** (नेपालगन्जः लेखक स्वयं २०५४, असोज), पृ. ३ ।

आफ्नो लेखनीलाई निरन्तरता दिएका छन् । अहिलेको स्थितिसम्म आइपुग्दा उनको 'रूपरेखा', 'सिर्जना', 'रत्नश्री' 'दौँतरी', 'स्पेसटाइम', 'नेपालगन्ज एक्सप्रेस' 'वागेश्वरी टाइम्स' लगायतका दर्जनौँ पत्र-पत्रिकामा प्रकाशित साहित्यिक रचनाहरूलाई छोडेर केवल पुस्तककार कृतिलाई मात्र मध्यनजर गर्दा निम्नालिखित कृतिहरू प्राप्त गर्न सकिन्छ : १. **मधुकर छोटो जीवनीः लामो कहानी** (खण्डकाव्य २०४२)

२. **त्यौ यौटा अजेय शिखर मधुकर** (लघु खण्डकाव्य २०४२)

३. **पञ्चगान** (गीतसङ्ग्रह २०४५)

४. **'अनुभूतिका स्वरहरू'** (गीत, गजल एवम् मुक्तक सङ्ग्रह २०५४)

५. **उनी** (शोककाव्यः प्रकाशोन्मुख)

६. **सजल** (गजलसङ्ग्रहः प्रकाशोन्मुख)

यी सम्पूर्ण कृतिहरूलाई मूल्याङ्कन गर्दा प्रेमप्रकाश मल्लले साहित्यका मुक्तक, कविता, गीत, गजल, खण्डकाव्य जस्ता विधाहरूमा कलम चलाएका छन् । यसमध्ये पनि उनका कतिपय मुक्तक सरहका अत्यन्त छोटा सिर्जनाहरूलाई पत्रपत्रिकाहरूले 'कुइनेटो' नामकरण गरेर प्रकाशित गरेको देखिन्छ ।

प्रेमप्रकाश मल्लका 'पोखरा त साँच्चीकै नै पोखरा नै रै'छ' र 'आँखैमा हिमचुली आँखैमा फेवाताल' जस्ता अत्यन्त चर्चित गीतहरूका साथै अठारवटा गीत आफ्नै स्वरमा रेडियो नेपालबाट प्रसारित भइसकेका छन् भने 'पोखरा त साँच्चीकै नै पोखरा नै रै'छ' 'वनकी म चरी' र 'हे राजा' जस्ता तीनवटा गीतहरू नेपाल टेलिभिजनबाट प्रसारित भएका छन् ।[४१] प्रेमप्रकाश मल्लले नेपाली भाषाका रचनाहरूलाई छोडेर हिन्दी भाषामा दस-बाह्रवटा र अङ्ग्रेजी भाषामा पन्ध्र-बीसवटा गीत र कविता लेखेका छन् । [४२]

## ३.२ चरण विभाजनका आधारहरू

हरेक साहित्यकारको साहित्य रचना एउटै कोणबाट मात्र अगाडि नबढी विभिन्न परिस्थितिहरूद्वारा प्रभावित हुँदै अनेक मोड तथा उपमोडहरूलाई अङ्गीकार गर्दै

[४१] शोधनायकबाट प्राप्त जानकारी ।।

[42] हरि तिमिल्सिना (शोधकर्ता), **प्रेमप्रकाश मल्लः जीवनी र व्यक्तित्व**, (नेपाली स्नातकोत्तर शोधपत्र टङ्कित , अप्रकाशित, २०५८) पृ.४२ ।

अगाडि बढेको हुन्छ । यस्ता मोड तथा उपमोड सिर्जना गर्ने तत्त्वहरूमा साहित्यकारको सोँचाइ, विचार र उमेरमा हुने परिर्वतन हो, जुन परिर्वतन समय र समसामयिक परिस्थितिले निम्त्याएको हुन्छ ।

प्रेमप्रकाश मल्लको २००७ देखि सुरु भएको साहित्ययात्राले अहिलेसम्मको समयावधि पार गर्दा एउटै कोणबाट मात्र अगाडि बढ्नुभन्दा विभिन्न कोणहरूलाई अँगाल्दै अघि बढेको छ । यसरी अघि बढेको उनको साहित्यिक यात्रालाई एकोहोरो वर्णन गर्नुभन्दा विभिन्न चरण तथा उपचरणमा विभाजन गरेर अध्ययन गरिएको खण्डमा उनका सिर्जनामा प्रकट भएका फरक-फरक विचार अथवा प्रवृत्तिगत विविधतालाई समेट्न सकिन्छ । प्रेमप्रकाश मल्लका रचनाहरूलाई विभिन्न चरण तथा उपचरणमा विभाजन गरिनु अगावै यसरी चरण विभाजन गरिनुका आधारहरू प्रस्तुत गर्नु बढी सान्दर्भिक हुन आउँछ, जुन आधारहरू निम्निलिखित छन् :

### ३.२.१ विषयवस्तुगत आधार

प्रेमप्रकाश मल्लका सम्पूर्ण सिर्जनाहरूलाई हेर्दा तिनमा एकै किसिमका विषयवस्तु पाइनु भन्दा विषयवस्तुगत विविधता पाइन्छ । उनका पञ्चायतकालीन समयावधिमा लेखिएका रचनाहरूमा राजनैतिक पूर्वाग्रह एवम् राजा-रानीका अतिशयोक्तिपूर्ण वर्णनबाट समेत प्रभावित विषयवस्तुको प्रयोग भइको छ भने बहुदलीय व्यवस्थाको आगमनपछिका सिर्जनामा प्रयोग भएका विषयवस्तुहरूमा बढी मात्रामा समाजसुधार, प्रकृतिचित्रण र आत्मक्रन्दनलाई समेटिएको छ । यसरी विषयवस्तुगत समानता नपाइने प्रेमप्रकाशका सिर्जनाहरूलाई अलग-अलग चरणमा राखेर अध्ययन गरिदा बढी सान्दर्भिक हुने भएकोले चरणविभाजनको प्रमुख आधारका रूपमा विषयवस्तुगत आधारलाई लिन सकिन्छ ।

### ३.२.२ समयगत आधार

प्रेमप्रकाश मल्लको २००७ बाट सुरु भएको साहित्यसिर्जना यात्राले अहिलेसम्म आइपुग्दा करिव ५ दशकको समयावधि नाघिसकेको छ । यसरी झण्डै ६ दशक लामो

साहित्य-सिर्जनालाई एकै चरणमा थुप्रो लगाएर अध्ययन गरिनुभन्दा समयगत आधारमा अलग-अलग चरण विभाजन गरेर अध्ययन गरिनु उपयुक्त देखिन्छ ।

### ३.२.३ विधागत आधार

प्रेमप्रकाशका सम्पूर्ण रचनाहरू एउटा विधासँग मात्र सम्बन्धित नभई, तिनले विधागत विविधता अँगालेका छन् । यिनका आरम्भतिर प्रकाशित कृतिहरू प्रायः खण्डकाव्य अथवा गीतविधासँग सम्बन्धित छन् भने पछिल्ला समयमा प्रकाशित कृति गजल, गीत र मुक्तक विशेषसँग सम्बन्धित रहेका कारण तिनमा विधागत भिन्नता प्रस्ट देखिन्छ । अतः विधागत भिन्नता सिर्जना भएकै विन्दुबाट चरण विभाजन गरी अध्ययन गरिनु उपयुक्त हुने हुँदा चरणविभाजनको अर्को आधार विधागत आधार हो ।

### ३.२.४ शैलीगत आधार

प्रेमप्रकाश मल्लको साहित्ययात्राको चरणविभाजन गर्न शैलीगत आधारले पनि महत्वपूर्ण भूमिका खेल्दछ । उनका प्रारम्भिक समय वा २०४५सम्मका कृतिहरू आशुलेखनमा आधारित एवम् अत्यन्त कम परिष्कृत छन् । सायद यही आशुलेखनकै कारण उनले २०४२ मा नै दुईवटा खण्डकाव्य प्रकाशित गराएका छन् । यता २०५० सालको दशकमा आएपछि उनका कृति अलि बढी परिष्कृत छन् । यस आधारबाट हेर्दा उनको लेख्य शैलीगत भिन्नता देखिन्छ र यही भिन्नता विन्दुका आधारमा चरणविभाजन गर्न सजिलो पर्ने हुँदा शैलीलाई पनि एक आधारका रूपमा स्विकार्न सकिन्छ ।

## ३.३ चरणविभाजन र चरणगत प्रवृत्तिहरू

प्रेमप्रकाश मल्लको ५७ वर्षीय (२००७ खेखि हाल सम्मको) साहित्य यात्रा र त्यसभित्र देखा परेका विभिन्न आरोह-अवरोहहरूको मूल्याङ्कन गर्दा जम्मा दुई चरणमा विभाजन गरेर अध्ययन गरिनु उपयुक्त हुन आउँछ । ती दुई चरणहरू क्रमशः (१) नेपथ्य चरण (२००७-१७) (२) सार्वजनिक चरण (२०१८ देखि हालसम्म) हुन् ।

### ३.३.१ नेपथ्य चरण (२००७–२०१७)

प्रेमप्रकाश मल्लको २००७ देखि २०१७ सम्मको समयावधिभित्र भए गरेका सिर्जनात्मक क्रियाकलापलाई नेपथ्य चरणभित्र राखेर अध्ययन गर्न सकिन्छ । यस चरणमा मल्लको कुनै पनि सिर्जनात्मक कार्यले प्रकाशनको अवसर पाएको छैन । प्रेमप्रकाशले २००७ साल फागुनमा आफ्नो ममतामयी आमा विष्णुकुमारी मल्लको मृत्यु भएपछि शोकाकुल भएर लेखेको 'आमा' शीर्षकको कविताबाट यो चरणको विधिवत् प्रारम्भ भएको हो । पहिलो प्रयासमा नै विभिन्न अलङ्कार एवम् बिम्व-प्रचीकको उचित संयोजन गरी लेखिएको उक्त कवितालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

**आमा भन्छु आमा भन्छु**
**कतै नभेटी आफै रुन्छु**
**तिम्रो मीठो स्वरको बदला**
**हृदयविदारक स्वर सुन्छु**
**बाबा भन्ने तिम्रो बोली**
**स्मृति झैँ यो आज र भोलि ।**

यसरी प्रस्तुत भएको उनको पहिलो रचनापछि प्रेमप्रकाशले सल्यानको माध्यमिक विद्यालयमा अध्ययन गर्ने सिलसिलामा 'धन्य तेन्जिङ शेर्पा' शीर्षकको वीर रसमा आधारित कविता आफैले लेखेर सुनाए । नेपाली गरिमा बढाउने तेन्जिङ नोर्गे शेर्पाको सगरमाथा सफल आरोहणबाट प्रभावित भएका कविले यस कवितामा तेन्जिङ शेर्पाको सराना गरेका छन् । यसपछिको प्रेमप्रकाश मल्लको कविता एवम् गीतको रचना र वाचन लखनउ अध्ययन गर्ने क्रममा समेत निरन्तर चलिरह्यो । मूलतः यही निरन्तर अभ्यासको सिलसिलाले नै उनको दोस्रो सार्वजनिक चरणको ढोका खोल्ने काम गर्‍यो ।

यसरी दोस्रो चरण निम्त्याउन पृष्ठभूमिको रूपमा काम गरेको पहिलो नेपथ्य चरणमा देखा परेका प्रेमप्रकाशका काव्यिक प्रवृत्तिहरूलाई तल दिइएबमोजिम उल्लेख गर्न सकिन्छ,

१. वैयक्तिक पीडालाई साहित्य सिर्जना मार्फत अभिव्यक्त गर्नु,

२. संक्षिप्त प्राकृतिक कविता एवम् गीतको रचना गर्नु,

३. गायन-प्रक्रियालाई समेत मध्यनजर गर्दै रचना सिर्जिनु,

४. विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको उचित प्रयोग गर्नु,

५. तत्सम शब्दहरूको बढी प्रयोग गर्नु,

६. विम्ब प्रतीकको उचित संयोजन गर्नु,

७. मात्रा छन्द निकट गद्यलयको प्रयोगमा जोड दिनु,

८. मूलतः प्रथम पुरुष (कविप्रौढोक्ति) कथन पद्धतिको उपयोग गर्नु, यिनै प्रमुख काव्यिक प्रवृत्तिहरू नै प्रेमप्रकाश मल्लका प्रथम चरणका सिर्जनामा पाउन सकिन्छ ।

### ३.३.२ सार्वजनिक चरण (२०१८ देखि हालसम्म)

प्रेमप्रकाश मल्लको काव्ययात्राको सार्वजनिक चरण वि.सं. २०१८ देखि सुरु भएर हालसम्म निरन्तर चलिरहेको छ । यस चरणलाई अध्ययन सुलभताका लागि निम्नबमोजिम दुई भागमा बाँडेर विश्लेषण गरिनु आवश्यक ठहर्छ , क) पहिलो उपचरण (२०१८ देखि २०४५सम्म), ख) दोस्रो उपचरण (२०४६ देखि हालसम्म) ।

### ३.३.२.१ पहिलो उपचरण (२०१८ देखि २०४५ सम्म)

वि.सं. २०१७ मा रचिएको 'वनकी म चरी' बोलको गीतलाई राजा महेन्द्रको पहलमा वि.सं. २०१८ मा कलकत्ता गई रेकर्ड गराएपछि प्रेमप्रकाश मल्लको सार्वजनिक साहित्ययात्राको पहिलो उपचरण सुरु हुन्छ । मानव मनका पीडा र अन्तर्वेदनालाई प्रकट गर्ने प्रेमप्रकाशले २०१८ मा रेकर्ड गरिएको 'वनकी म चरी' बोलको गीत अत्यन्त प्रशंसित भएपछि आफ्नो लेखनीलाई विभिन्न पत्र पत्रिका मार्फत सार्वजनिक गराउन थाले । यसै क्रममा वि.सं. २०३२ असारको रूपरेखा वर्ष १६, अङ्क २ मा प्रकाशित निम्नलिखित रचनालाई यहाँ उल्लेख गर्न सान्दर्भिक ठहर्छ :

**यो जिन्दगीको मोल**

**एउटा रोटी र अलिकति गुन्द्रुकको झोल ।**

यसरी जीवनका हातमुख जोर्ने समस्यासँग केन्द्रित भएर सूत्रात्मक भाषाको संयोजनमा आफ्ना रचनाहरूलाई पस्कने प्रेमप्रकाशको विशेष प्रशंसनीय साहित्यिक

गतिविधि भने २०४० को पूवार्द्धमा देखा पऱ्यो । २०४० साल वैशाख २५ गते एक्काइस वर्षीय स्नातक तहमा अध्ययन गरिरहेको र तत्कालीन युवक सङ्गठनको अञ्चलसचिव पदमा निर्वाचित एक मात्र प्रतिभाशाली छोरा मधुकरजङ मल्लको निधनबाट शोकाकुल बनेका प्रेमप्रकाश मल्लले पुत्रशोकको पीडाबाट मनमा उब्जेका अनुभूतिहरूलाई समेट्दै २०४० मा नै निम्नलिखित दुई खण्डकाव्य स्तरका कृतिहरूको रचना गरे,

**अ) मधुकर छोटो जीवनीः लामो कहानी**

**आ) त्यो यौटा अजेय शिखर मधुकर**

यी दुई कृतिहरूमा प्रस्तुत विषयवस्तु तथा काव्य शिल्पबाट प्रभावित नेपाल युवक सङ्गठन केन्द्रीय कार्यसमिति ललितपुरले २०४२ सालमा नै दुवैवटा कृतिको प्रकाशन समेत गरिदियो ।

यसपछि प्रेमप्रकाश मल्लको पुस्तकाकार कृतिका रूपमा 'पञ्चगान' (२०४५) गीतसङ्ग्रह देखापऱ्यो । २५ पृष्ठमा संरचित यस कृतिमा शोकसम्बन्धी विषयवस्तुबाट अलग रहेर तत्कालीन राजनैतिक व्यवस्था र राजारानीसम्बन्धी गीतहरू समावेश भएका छन् ।

प्रेमप्रकाश मल्लको यस चरणको काव्यलेखनको समीक्षा गर्दा **मधुकर छोटो जीवनीः लामो कहानी, त्यो यौटा अजेय शिखर 'मधुकर'** एवं **पञ्चगान** जस्ता महत्वपूर्ण काव्यहरूको प्राप्ति भएको यो चरण निकै उर्वर मान्न सकिन्छ ।

यसरी तीनवटा पुस्तककार कृति र अनेकौं साहित्यिक पत्रिकाहरूमा प्रकाशित प्रेमप्रकाशका रचनाहरूलाई मध्यनजर गर्दै उनको यस चरणको काव्यात्मक प्रवृत्तिहरूलाई निम्नानुसार केलाउन सकिन्छ :

१) मुक्तकदेखि गीत हुँदै खण्डकाव्य स्तरका कृतिहरूको रचना गर्नु,

२) प्रायः मध्यम खालको लमाइगत आयाम अँगालेर कृतिहरूको रचना गर्नु,

३) काव्यमा सामाजिक एवं राजनैतिक विषयवस्तुको सफल प्रयोग गर्नु,

४) व्यक्तिगत पीडा र छट्पटीलाई काव्यात्मक रूप दिनु,

५) सिर्जनामा जीवनको शाश्वत पक्षको खोजी र आदर्श जीवनको परिकल्पना गर्नु,

६) मानव प्रेम र प्रकृति प्रेम दुवैको उपयोग गर्नु,

७) गीतिलय, मात्रा निकट गद्यलय एवं विशुद्ध गद्यलयको प्रयोग गर्नु,

८) पात्रनाम र विषयवस्तुको अन्तर्मिश्रणबाट शीर्षकीकरणको व्यवस्था गर्नु,

९) अत्यन्त कमपात्र मानव एवं मानवेतर दुवै किसिमका पात्रहरूको संयोजनबाट खण्डकाव्यात्मक कथावस्तुको परिचालन गर्नु ,

१०) प्रायः अनुकूल र स्थिर पात्रको संयोजन गर्नु,

११) विविध बिम्ब, अलङ्कार एवं प्रतीकहरूको उपयोग गर्नु,

१२) मूलतः तत्सम र अंशतः आगन्तुक शब्दस्रोतको उपयोग गर्नु,

१३) थोरैमा धेरै भन्न सक्ने सूत्रात्मक शैलीको प्रयोग गर्नु,

१४) अनुप्रासगत विविधता एवं अनुकरणात्मक शब्दहरूको प्रयोग गरी भाषामा साङ्गीतिकता सिर्जना गर्नु,

१५) विचलनयुक्त, काव्यात्मक एवं माधुर्यगुणयुक्त भाषाको प्रयोग गर्नु,

१६ मूलतः करुण रस र अंशतः अन्य रसको उपयोग गर्नु,

१७) प्रथम पुरुष (कविप्रौढक्ति) एवं तृतीय पुरुष (कविनिवद्धवक्तृप्रौढोक्ति) दुवै उक्तिढाँचाको उपयोग गर्नु,

प्रेमप्रकाशका यिनै प्रवृतिहरू नै सार्वजनिक चरणअन्तर्गतको पहिलो उपचरण सँग सम्बन्धित काव्यिक प्रवृत्ति हुन् ।

### ३.३.२.२ दोस्रो उपचरण (२०४६ देखि हालसम्म )

प्रेमप्रकाश मल्लको साहित्ययात्राको दोस्रो उपचरण २०४६ सालको राजनैतिक परिवर्तनसँगै देखापर्छ । राजनैतिक परिवर्तनसँगै आफ्नै आफ्नो जागिरबाट समेत असमयमै अवकाश पाएकाले उनका जीवनमा अभावका अँध्यारा दिन छाउन थाल्दछन् जसका कारण आफ्नै जीवन भोगाइ, निराशा, तात्कालीन अवस्थाका विकृति, विसङ्गति र मानवीयताको ह्रासप्रति तीखो व्यङ्ग्य गर्न उनका रचनाहरू कटिबद्ध देखिन्छन् । यतिबेला जीवनदृष्टि र युगीन चित्रको प्रस्तुति गर्दै अस्तित्वको खोजीतर्फ उनको कलम उन्मुख रहेको पाइन्छ ।

यस चरणमा प्रेमप्रकाश मल्लले विभिन्न किसिमका पत्रपत्रिका एवं पुस्तकाकार कृति दुबै क्षेत्रमा आफ्नो सिर्जनालाई समावेश गराएकै छन् । पत्रपत्रिकाहरूमा पनि

'नेपालगन्ज एक्सप्रेस' नामक स्थानीय पत्रिकामा मात्रै उनका सयौँ कविता, मुक्तक र गीतहरू प्रकाशित भइसकेका छन् । यसबाहेक 'दौतरी', 'द्वैमासिक, 'नेत्रज्योति' स्मारिका, 'वागेश्वरी टाइम्स' 'नव-अङ्कुर' जस्ता पत्र पत्रिकामा समेत यिनको कविता एवं गीतहरू प्रकाशित हुँदै आएका छन् । यस उपचरण अन्तर्गत प्रेमप्रकाशको एक मात्र कृति प्रकाशित भएको छ भने अन्य दुई कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । प्रेमप्रकाशको प्रकाशित कृति **'अनुभूतिका स्वरहरू'** (मुक्तक, गजल, गीतसङ्ग्रह २०५४) हो भने प्रकाशोन्मुख कृतिहरू 'उनी' (शोककाव्य) र 'सजल' (गजल सङ्ग्रह) हुन् ।

प्रेमप्रकाश मल्लको यस उपचरणको मुख्य उपलब्धि 'अनुभूतिका स्वरहरू' कृति हो । जम्मा ७४ पृष्ठमा संरचित यस कृतिमा मुक्तक, गीत र गजलहरूको समावेश गरिएको छ । जम्मा दुई चरणमा बाँडिएको 'अनुभूतिका स्वरहरू'कृतिको पहिलो खण्डमा १५१ वटा मुक्तकहरू रहेका छन् भने दोस्रो खण्डमा ३२ वटा गीत गजलहरू समावेश गरिएका छन् ।

दोस्रो चरणमा देखा परेका यिनै साहित्यिक रचना एवं कृतिहरूको सेरोफेरोमा केन्द्रित भएर प्रेमप्रकाश मल्लका निम्नलिखित प्रवृत्तिहरू केलाउन सकिन्छ :

१. कविता, गीत, गजल र मुक्तक जस्ता सिर्जनात्मक विविधता अँगाल्नु,
२. प्रेमप्रणय र विरहदेखि लिएर जीवनका नैराश्य असङ्गत पक्ष, मानवीय कर्तव्य, देशप्रेम, प्रकृतिचित्रण आदिसँग सम्बन्धित विषयवस्तुको प्रयोग गर्नु,
३. सूत्रात्मक कथनशैलीको उपयोग गर्नु,
४. प्रायः शीर्षक विहीन रचनाहरूको प्राप्ति हुनु,
५. प्रथम पुरुष (कविप्रौढोक्ति) र तृतीय पुरुष (कविनिवद्धवक्तृप्रौढोक्ति) दुवै ढाँचाको उपयोग गर्नु,
६. शब्दालङ्कार र अर्थालङ्कार दुवैको सान्दर्भिक प्रयोग गर्नु,
७. विविध विम्बप्रतीकले सजिएका भाषाको प्रयोग गर्नु,
८. अत्याधिक मात्रामा तत्सम शब्द एवं न्यून मात्रामा आगन्तुक शब्दस्रोत उपयोग गर्नु,
९. मुक्तलयव्यवस्थाको उपयोग गर्नु,

१०. संक्षिप्त रचनाहरूको सिर्जना गर्नु,

११. भावगत विविधता, अँगाल्नु,

१२. काव्यिक श्रुतिमधुर, लयात्मक एवं विचलनयुक्त भाषाको प्रयोग गर्नु,

यिनै उल्लिखित प्रवृत्तिहरू नै प्रेमप्रकाश मल्लको साहित्ययात्राको दोस्रो उपचरणमा देखा परेका प्रवृत्तिहरू हुन् ।

## ३.४ निष्कर्ष

प्रेमप्रकाश मल्ल २००७ साल फागुनमा आमा विष्णुकुमारी मल्लको मृत्यु भएपछि करुण भावमा आधारित 'आमा' शीर्षकको कविताबाट नेपाली साहित्यको क्षेत्रमा उदाएका हुन् । विद्यालयस्तरमा समेत कविता रच्ने र वाचन गर्ने प्रक्रियाले गर्दा सबल बन्दै गएको सिर्जनात्मक पक्षले सार्वजनिक हुने अवसर २०१८ सालमा 'बनकी म चरी' बोलको गीत रेकर्ड भई प्रसारित भएपछि मात्र प्राप्त गऱ्यो । मूलतः यही विन्दुमा आएर नै प्रेमप्रकाशको साहित्ययात्राको दोस्रो चरण भनेर सङ्केत गर्न सकिन्छ । प्रेमप्रकाश मल्लको साहित्य यात्राको पहिलो चरण (२००७ सालदेखि २०१७ सालसम्म) मा साहित्यिक गतिविधिमा खासै उल्लेखनीय प्रगति हुन नसके पनि दोस्रो चरण भने निकै उर्वर साबित भएको छ । यस चरणमा 'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्य (२०४२) 'मधुकर त्यो यौटा अजेय शिखर मधुकर' (खण्डकाव्य २०४२) 'पञ्चगान' (गीतसङ्ग्रह २०४५) र 'अनुभूतिका स्वरुहरू' (गीत, गजल एवम् मुक्तक सङ्ग्रह २०४५) गरी चारवटा पुस्तकाकार कृति प्रकाशित भएका छन् भने उनी (शोककाव्य) र सजल (गजल सङ्ग्रह) प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

प्रेमप्रकाश मल्लको दोस्रो चरणलाई अध्ययन सुलभता र काव्यकारमा देखा परेका फरक-फरक काव्यात्मक प्रवृत्तिहरूलाई मध्यनजर गर्दै दुई उपचरणमा बाँडिनु सान्दर्भिक हुन्छ । ती दुई उपचरणहरू क्रमशः क) पहिलो उपचरण (२००८ देखि २०४५ साल सम्म) ख) दोस्रो पचरण (२०४६ देखि हालसम्म) हुन् ।

प्रेमप्रकाशको काव्यात्मक प्रवृत्तिलाई हेर्दा पहिलो नेपथ्यकालीन चरण (२००७ देखि २०१७) मा पीडा र अन्तर्वेदनालाई सिर्जनात्मक विषयवस्तु स्विकार्नु, संक्षिप्तता, गेयात्मकता, अलङ्कार, विम्ब र प्रतीकको संयोजन गर्नु, तत्सम शब्द प्रयोग र करुण

रसमा विशेष जोड, मात्राछन्द निकट गद्यलयको प्रयोग जस्ता प्रवृत्तिहरू प्राप्त गर्न सकिन्छ । त्यसैगरी दोस्रो चरणको पहिलो उपचरणमा (२०१७ देखि २०४५सम्ममा) काव्यमा सामाजिक एवं राजनैतिक विषयवस्तुको सफल प्रयोग गर्नु, वैयक्तिक पीडा र छट्पटीलाई विषयवस्तुगत रूप दिनु, प्रेम प्रणयमा आधारित विषयवस्तुको कल्पना गर्नु, गीतिलय मात्रा निकट गद्यलय र विशुद्ध गद्यलयको प्रयोग गर्नु, अत्यन्त कम, मानवीय र मानवेतर एवं अनुकुल र स्थिर पात्रहरूस्को संयोजन गर्नु, विम्ब अलङ्कार र प्रतीकको उचित व्यवस्था गर्दै तत्सम शब्दमा जोड दिनु जस्ता अनेकौँ काव्यात्मक प्रवृत्तिहरू पाउन सकिन्छ । दोस्रो चरणकै दोस्रो उपचरणमा प्रेमकाव्य, विरहदेखि लिएर जीवनका नैराश्य असङ्गत पक्ष, मानवीय कर्तव्य आदिलाई काव्यात्मक विषयवस्तुका रूपमा स्विकार्नु, सूत्रात्मक कथन शैलीको उपयोग गर्नु, प्रायः शीर्षकविहीन रचनाहरूको सिर्जना गर्नु, विविध विम्ब, अलङ्कार र प्रतीकहरूको उचित संयोजन गर्नु, अत्याधिक तत्सम शब्दको उपयोग गर्दै भावगत विविधता देखाउनु, संक्षिप्त रचनाहरूको सिर्जना गर्दै मुक्तलय व्यवस्थाको अङ्गीकार गर्नु, जस्ता थुप्रै काव्यात्मक प्रवृत्तिहरू पाउन सकिन्छ ।

यिनै काव्यात्मक विशेषता अँगाल्ने काव्यकार प्रेमप्रकाश मल्लको प्रकृतिचित्रण, वैयक्तिक पीडा, सामाजिक चित्रण आदिमा देखिएको स्वच्छन्द प्रवृत्ति, 'मधुकर छोटो जीवनीः लाको कहानी', 'त्यो यौटा अजेअ शिखर मधुकर' जस्ता कृतिमा देखाएको आशुलेखन, कडा नीति नियमको अस्वीकार, अतिशय भावकुता र काल्पनिकताको उपयोग, स्वच्छन्द श्लोक निर्माण प्रक्रिया लगायतका कतिपय विशेषताका कारण उनी नेपाली साहित्यका स्वच्छन्दतावादी धारा अँगाल्ने एक सशक्त काव्यकार हुन् ।

# अध्याय–चार

# सैद्धान्तिक आधारमा प्रेमप्रकाश मल्लका काव्यहरूको विश्लेषण र मूल्याङ्कन

वि.सं. २००७ फागुनमा आमा विष्णुकुमारी मल्लको निधनबाट विक्षिप्त बनेका प्रेमप्रकाशले आफ्नो चौध वर्षीय कलिलो उमेरमा नै वियोगका भावरूपी शब्दहरूको चयन गर्दै 'आमा' शीर्षकको कविता रच्न पुगे ।[४३] यसरी २००७ सालबाट आफ्नो सिर्जनात्मक पाटाको बीजारोपण गरेका प्रेमप्रकाशले अहिलेसम्म पनि आफ्नो लेखनीलाई थामेका छैनन् । अहिलेसम्मको स्थितिमा प्रेमप्रकाशद्वारा सिर्जित कृतिहरूलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छ ,

क) **मधुकर छोटो जीवनीः लामो कहानी** (खण्डकाव्यः २०४२)

ख) **त्यो एउटा अजेय शिखर मधुकर** (लघु खण्डकाव्यः २०४२)

ग) **पञ्चगान** (गीतसङ्ग्रहः २०४५)

घ) **'अनुभूतिका स्वरहरू'** (गीत, कविता र गजल सङ्ग्रहः २०५४)

ङ) **उनी** (शोककाव्यः प्रकाशोन्मुख)

च) **सजल** (गजलसङ्ग्रहः प्रकाशोन्मुख)

प्रेमप्रकाशका यिनै कृतिहरूलाई सम्बन्धित विधा एवम् उपविधागत तत्त्वका आधारमा विश्लेषण र मूल्याङ्कन गरी तिनको सैद्धान्तिक स्वरूप ठम्याउनु पर्ने हुँदा आवश्यकीय विश्लेषण एवम् मूल्याङ्कन निम्नबमोजिम गर्न सकिन्छ :

## ४.१ 'मधुकर छोटो जीवनीः लामो कहानी' काव्यको विश्लेषण एवम् मूल्याङ्कन

### ४.१.१ रचनाकाल र प्रकाशन

प्रेमप्रकाश मल्लका एक मात्र छोरा मधुकरजङ मल्लको असामयिक निधन भएपछि सिर्जना गरिएको प्रस्तुत खण्डकाव्य 'मधुकर छोटो जीवनीःलामो कहानी' को रचना वि.सं. २०४० मा भएको थियो । यो समयको परिवेश वा सामाजिक वातावरण

[४३] पारिवारिक स्रोतबाट प्राप्त जानकारी ।

पूर्णतया पञ्चायती शासनद्वारा  शासित थियो भने सामान्यरूपमा राजनैतिक दलका सङ्गठन विस्तारसम्बन्धी क्रियाकलाप पनि आफ्नै तवरले अगाडि बढ्दै गरेको स्थिति थियो । यस कृति 'मधुकर छोटो जीवनीः लामो कहानी' को प्रकाशन रचनाकालको दुई वर्षपछि वि.सं. २०४२ मा भएको थियो । पहिलो प्रकाशनमै ५०० प्रति छापिएको यस कृतिको प्रकाशक नेपाल युवक सङ्गठन केन्द्रीय कार्यसमिति ललितपुर जाउलाखेल हो ।

### ४.१.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

प्रेमप्रकाश मल्लले 'मधुकर छोटो जीवनीः लामो कहानी' कृतिको रचना आफ्ना एक्काइस वर्षीय एक मात्र होनहार एवम् मेधावी छोरो मधुकर मल्लको २०४० साल वैशाख २५ गते कालरात्रिमा मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएपछि सिर्जना भएको दुःखदायी परिस्थितिबाट प्रेरित भएर लेख्न पुगेका हुन् ।

प्रेमप्रकाशको 'मधुकर छोटो जीवनीः लामो कहानी' कृति मूलतः स्वच्छन्दतावादी भावधारामा आधारित भएर लेखिएको कृति हो । यस कृतिमा मानक खण्डकाव्यले अपेक्षा गर्ने छन्दगत संरचना मिलाउनुभन्दा बढी देवकोटेली भावारुढ लयात्मकतालाई अँगालिएको छ । त्यसैगरी यस कृतिको विषयवस्तु काव्यकारको एक मात्र छोरो मधुकरको मृत्युबाट छट्पटिएका बाबु प्रेमप्रकाश मल्लको शोकावस्थासँग सम्बन्धित छ । यस अर्थमा काव्यकार प्रेमप्रकाश मल्ल यस खण्डकाव्यका परिप्रेक्ष्यमा धेरथोर रूपमा पहिलो शोककाव्यकार माधवप्रसाद घिमिरेको गौरी शोधकाव्यबाट प्रभावित भएका पाइन्छन् । प्रेमप्रकाश मल्लले यस खण्डकाव्यमा थोरै शब्दहरूको संयोजनबाट धेरै कुरा भन्न सक्ने काव्यात्मक शैली अँगालेका छन् ।

जस्तैः **उजाड र बंजर  ठाउँमा पनि**
**मैले अथाह पानी देखेको छु**
**आँसुका टलपल टलपल**
**थोपाहरूभित्र पनि**
**एउटा विवश जिन्दगानी देखेको छु** (पृष्ठ, ९३) ।

काव्यकारको यो शैली अंशतः भूपि शेरचनको काव्य लेखन शैलबिाट प्रभावित भएको देखिन्छ । यसरी प्रेमप्रकाश मल्लमा धेरथोर रूपमा लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे र भूपि शेरचनको प्रभाव परेको छ ।

**मधुकर छोटो जीवनीः लामो कहानी**को विषयवस्तु काव्यकारका आफ्नै छोरा मधुकरको जीवनचर्यासँग सम्बन्धित भएको हुँदा यो खण्डकाव्य पौराणिक वा ऐतिहासिक नभई उत्पाद्य अथवा कविकल्पनाप्रसूत विषयवस्तसँग सम्बन्धित छ ।

## ४.१.३ शीर्षकविधान

प्रेमप्रकाश मल्लद्वारा लिखित यस खण्डकाव्यको शीर्षक 'मधुकर छोटो जीवनीः लामो कहानी' पदावलीहरूको संयोजनद्वारा निर्मित उपवाक्यको स्तरमा रहेको छ । यसको बाह्य संरचनालाई हेर्दा दुई अक्षरदेखि चार अक्षरसम्मका पाँचवटा शब्दहरूद्वारा निर्माण गरिएको छ । यी पाँचवटा शब्दहरूमा मधुकर व्यक्तिवाचक नाम हो भने छोटो जीवनी र लामो कहानी दुई छुट्टाछुट्टै नाम पदावली हुन् । शब्दस्रोतका आधारमा यस खण्डकाव्यको शीर्षकमा जीवनी मधुकरजस्ता तत्सम शब्द अनि कहानीजस्तो आगन्तुक शब्दको उपस्थिति देखिन्छ भने छोटो, लामोजस्ता तद्भव शब्दहरू पनि रहेकै छन् ।

खण्डकाव्यमा शीर्षकको छनौट सम्बन्धित नायकका नामका आधारमा नायिकाका नामका आधारमा नायक नायिका मिश्रित नामका आधारमा र विषयवस्तुका आधारमा गरिन्छ । 'मधुकर छोटो जीवनीः लामो कहानी' नायक नाम र विषयवस्तुको मिश्रण स्वरूपबाट नामकरण गरिएको नौलो प्रयोग हो । शीर्षकविधानअन्तर्गत नै रहेर शीर्षकको सार्थकतालाई पनि पुष्टि गर्न सकिन्छ । यस खण्डकाव्यको विषयवस्तु नायक मधुकरले आफ्नो छोटो जीवनमा गरेका अनेकौं साहसिक, राजनैतिक एवम् सामाजिक क्रियाकलापसँग सम्बन्धित भएका कारण प्रस्तुत खण्डकाव्यको शीर्षक 'मधुकर छोटो जीवनीः लामो कहानी' सार्थक रहेको छ ।

### ४.१.४ आख्यानात्मक संरचना

#### ४.१.४.१ कथावस्तु

प्रेमप्रकाश मल्लद्वारा लिखित यस काव्यको विषयवस्तु इतिहास प्रसिद्ध वा पौराणिक नभई कवि कल्पित उत्पाद्य हो । यसमा विषयवस्तुको प्रयोग अत्यन्त सूक्ष्म एवम् विशृङ्खलित तवरले गरिएको छ, अथवा आदि मध्य अन्त्यको श्रृङ्खलामा कथावस्तु बाँधिएको छैन । यस खण्डकाव्यको सम्पूर्ण विषयवस्तुलाई दुई भागमा विभाजन गरेर विश्लेषण गर्दा बढी सान्दर्भिक हुन्छ । क) मूल विषयवस्तु र ख) सहायक विषयवस्तु ।

**क) मूल विषयवस्तुः** मूल विषयवस्तु काव्यको नायक मधुकरको जीवनवृतान्तसँग सम्बन्धित छ । नायक मधुकरको बाल्यस्वभाव के कस्तो थियो? युवा अवस्था के कसरी वित्यो? र उसको मृत्युपछि काव्यकार र समाजका अन्य सदस्यहरूमा के कस्ता प्रतिक्रिया देखा परे, यिनै विषयवस्तुलाई नै विश्रृङ्खलित पाराले उन्ने काम गरिएको छ ।

मूल विषयवस्तुको प्रारम्भिक खण्डमा नै एक्काइस वर्षीय युवा अवस्थाका नायक मधुकरले आफ्ना बाबुआमालाई छोडेर जाँदा बाबुमा देखा परेका छट्पटीहरूको सँगालो प्रस्तुत गरिएको छ, जस्तैः

**आजभन्दा ठीक एक्काइस वर्ष अगाडि**
**एउटा सुखी आमाबाबुका काखमा**
**उसले जन्म लिएको थियो**
**ठीक एक्काइस वर्ष पछाडि**
**जनम भरिको लागि**
**दुःखी र संतप्त तुल्याएर**
**एक्कासि गइदियो** (पृ.२) ।

यसरी गरिएको विलौनापछि काव्यनायकको बाल्यकालमा देखा परेको स्वभावको वर्णन निकै रोमाञ्चित तवरले गरिएको छ । वर्णन गर्ने क्रममा काव्यनायक मधुकरलाई अन्याय देख्न नसक्ने, निर्भीक, आँधी अथवा तुफानजस्तै साहसी धैर्य वीरताको भावले

ओतप्रोत भएको, कसैमाथि आइनलाग्ने र आइलाग्नेमाथि जाइलाग्न पछि नपर्ने, कर्तव्यनिष्ठ, इमानदार एवम् सज्जन बालकका रूपमा परिचित गराइएको छ ।

यस खण्डकाव्यको मूल भागको मध्यभागतिर नायक मधुकरको युवाअवस्थाको वर्णन गरिएको छ । युवाअवस्थामा मधुकर मिलनसार गुणका कारण सबैमाझ लोकप्रिय थियो । तर्कशक्ति र बाक्कलाले आफ्ना साथीहरूलाई सजिलै प्रभाव पार्न सक्ने मधुकरमा राष्ट्रप्रेम पनि निकै सबल रूपमा स्थापित भएको थियो । मधुकर राजनैतिक एवम् सामाजिक क्षेत्रमा पनि उत्तिकै सशक्त भएर देखा परेको थियो । राजनीतिमा पनि राजसंस्था र पञ्चायती व्यवस्थाप्रति मधुकरको विशेष झुकाव थियो भन्ने तथ्यको जानकारी निम्नलिखित कवितांशले पुष्टि गर्छ :

**जसका चारैतिर**<br>
**घुमि राख्यो**<br>
**उसको अगाध आस्था**<br>
**'यो देश'**<br>
**यो देशको राजसंस्था र**<br>
**यो देशको व्यवस्था** (पृ.१५) ।

मूल विषयवस्तुको अन्त्यखण्ड काव्यनायकको मृत्यु र काव्यनायकका बाबु अर्थात् काव्यकारको छट्पटी र जीवनादर्शसँग सम्बन्धित छ । काव्यनायक (मधुकर ) को मृत्युका क्रममा मधुकर भोलि विहानै घर फर्केर आउँछु भनेर घरबाट निस्केर गएको तर बाबुले जति कुर्दा पनि छोरो मधुकर नफर्किएको अवस्थाको चित्रण गरिएको छ । यता काव्यकार आफ्नो एक मात्र छोराको वियोगमा तड्पिएका छन् । आफ्नो छातीभरि वेदनाले पोल्दा आँखाबाट आँसु झारेर वेदनाको आगो निभाउने गरेको प्रसङ्गलाई उनले काव्यमा यसरी व्यक्त गरेका छन् :

**असह्य वेदनाले**<br>
**छटपट पारेको वेला**<br>
**यसको अचूक ओखति पनि**<br>
**म सँगै हुन्छ**<br>
**उसलाई सम्झदै**

**एक्लै एकान्तमा गएर**

**मनभरि रोइदिए**

**केही समयको निम्ति भए पनि**

**व्यथा निको भइदिन्छ** (पृ.८१) ।

काव्यकारले आफ्नो शोकलाई कम गर्नाका लागि स्वयम् आफैले नै चित्त बुझाउने गरेका छन् । यस क्रममा उनका मुखबाट जीवनदर्शनसमेत निस्किएको छ । जस्तै : **जीवन नाशवान् छ**

**आत्मा शाश्वत छ, सत्य छ ...**

... **म भित्र**

**मेरो मधुकरको**

**महान् आत्माले प्रवेश गरेको छ** (पृ. १०४) ।

काव्यकारले यसरी जीवनदर्शनको उल्लेख गरिसकेपछि मूल विषयवस्तुको अन्त्यमा कवितात्मक पाराले नै कहानीको अन्त्य भएको घोषणा गरेका छन् । उनको विचारमा कहानीको अन्त्य भए पनि कहानी सुनाउने क्रमको अन्त्य भएको छैन, बरु कहानी सुनाउने क्रम त तब अन्त्य हुन्छ जब कहानी सुनाउने मान्छे, काव्यनायकको हतभागी बाबु अथवा काव्यकार स्वयम् नै मर्दछन् ।

**ख) सहायक कथावस्तु**

मूल वियावस्तु वा कथावस्तुलाई औपचारिक रूपमै टुङ्ग्याएपछि काव्यकारले सहायक कथावस्तुको थालनी गरेका छन् । यस सहायक कथावस्तुले काव्यको कथानक विकासमा कुनै पनि सहयोग गरेको छैन, बरु यस खण्डमा काव्यकारले एक पुत्रवियोगी पिताका हैसियतले महशुस गरेका बिलौना एवम् आत्मक्रन्दन र अविस्मरणीय पीडाको चर्चा गरेका छन् । त्यसैले यो दोस्रो खण्ड मूल खण्डलाई सहयोग गर्न आएकै आधारमा यसलाई सहायक खण्ड मानेर चर्चा गरिनु बढी सान्दर्भिक ठहर्छ ।

काव्यकार प्रेमप्रकाश मल्लले यस सहायक खण्डलाई विभिन्न शीर्षकहरू दिएर आफ्नो अनुभूतिको विस्तार गरेका छन्, जसलाई निम्नबमोजिम चर्चा गर्न सकिन्छ :

**अ) बिलौना**

यस उपखण्डमा कविले काव्यनायक मधुकरको मृत्युमा शोकग्रस्त भएर बिलौना गर्दाको परिस्थितिको चित्रण गरिएको छ ।

**आ) २०४० नव वर्षको उपहार, मलाई परेको एउटा चिट्ठा**

यस उपखण्डमा काव्यकारलाई परेको चिट्ठा कुनै रहरलाग्दो वस्तुविशेष नभएर दुर्भाग्य युद्ध चिट्ठा हो र यसका विजेता कवि सम्पूर्ण पाठकवर्गसँग यस चिट्ठा विषयका अवसरमा हाँसी-हाँसी रोइदिन र रोई-रोई हाँसिदिन बिन्ती गर्छन् ।

**इ) सम्भावना र पश्चातापको बीचमा अल्झिएको जिन्दगी**

यस अंशमा काव्यकारले आफू अथवा मधुकरका साथी यस रात मधुकरसँग नै रहेका भए मधुकर मर्दैनथ्यो कि भन्ने सम्भावना अनि आफूले छोरालाई त्यस रात साथ दिन नसक्नुको पश्चाताप व्यक्त गरेका छन् ।

**ई) कसरी बिर्सूं**

यस उपशीर्षकअन्तर्गत मधुकरको अन्तिम रात देखा परेको रौनकता र उत्साहीपन कविले बिर्सन नसक्ने पक्षको उद्घाटन गरेका छन् ।

**उ) एउटा प्रगति यस्तो पनि**

यस उपखण्डमा काव्यकारले आफ्नो दुर्गतिलाई नै प्रगतिका रूपमा उल्लेख गरेका छन् । दुईवटा शून्य भएको २०४० सालको बैशाखको महिनामा सबै नयाँ वर्षको शुभकामना बाँढिरहेको सन्दर्भमा उनीमाथि पुत्रशोकको वज्रपात पर्न गएकाले कविद्वारा एउटा दुर्गति कमाउने प्रगति भएको उल्लेख गरिएको छ ।

**ऊ) हामी जिउँदै छौं**

यस अंशमा कविले सडक, बजार र चोकमा आफ्नो छोरा मधुकरको मृत शरीर देख्नेहरू यस युवकको बाबु-आमा छोराको मुत्युको खवर सुनेर के गर्दै होलान् भनी सहानुभूति राख्नेहरूमाथि धन्यवाद दिँदै आफूहरू बाँचिरहेको जानकारी दिएका छन् ।

**ए) म**

यस उपशीर्षकअन्तर्गत कविले आफ्नो मुटुमा पर्दै गइरहेको दुःखको प्वालै प्वालले आफू भैरव अर्याल र हरिभक्त कटुवाल जस्तै दुःखी जीवन बाँच्न बाध्य भएको उल्लेख गरेका छन् ।

**ऐ) कवि र कविता**

यस खण्डकाव्यको अन्तिम उपशीर्षक कवि र कविता हो । यस अंशमा काव्यकारले कविले जीवनमा दुःख देखेपछि कविता लेख्ने पक्षको उद्घाटन गरेका छन् । यसरी मूल विषयवस्तु र सहायक विषयवस्तु समाप्त भइसकेपछि पनि कविले आफ्ना पीडा र मनमा उर्लेका विभिन्न तरङ्गहरूलाई केही गीतहरूमा (जम्मा नौवटा गीतहरूमा) व्यक्त गर्ने काम गरेका छन् । यी गीतहरू यस खण्डकाव्यको विकासमा सहयोग पुऱ्याउन भन्दा कविका मनका बह पोख्ने माध्यमका रूपमा मात्र व्यक्त भएका हुँदा यिनको चर्चा खण्डकाव्य 'मधुकर छोटो जीवनीः लामो कहानी'अन्तर्गत रहेर गर्न उपयुक्त ठहर्दैन ।

### ४.१.४.२ पात्रविधान

प्रेमप्रकाशद्वारा लिखित खण्डकाव्य 'मधुकर छोटो जीवनीः लामो कहानी' मा अत्यन्त थोरै पात्रहरूको प्रयोग गरिएको छ । प्रयोग गरिएका पात्रहरूमा काव्यनायक मधुकर र स्वयम् काव्यकार 'म' को उपस्थिति उल्लेखनीय मात्रामा देखिन्छ भने अन्य पात्रहरूले अत्यन्त छोटो परिवेशका लागि मात्र आफ्नो. सहभागिता जनाएका छन् । अतः यस खण्डकाव्यका पात्रहरूलाई तिनको भूमिकाको आधारमा मुख्य पात्र र गौण पात्रका रूपमा विभाजन गरी विश्लेषण गर्दा बढी सान्दर्भिक हुन्छ ।

**क) मुख्य पात्र**

यस काव्यका मुख्य पात्रका रूपमा काव्यनायक मधुकर र काव्यकार 'म' लाई स्विकार्न सकिन्छ जसमध्ये भूमिकाका आधारमा मधुकरको सम्बन्मा पहिले चर्चा गरिनु बढी सान्दर्भिक ठहर्छ ।

**अ) मधुकर**

खण्डकाव्यको मूलपात्र मधुकर काव्यनायक पनि हो । यही पात्र मधुकरकै सेरोफेरोमा कथावस्तुले गति प्राप्त गरेको छ । मधुकर एक होनहार एवम् निडर पात्र

हो । आफ्नो बाल्यकालबाट नै निश्चल निर्भीक एवम् जोशिलो स्वभाव भएको मधुकर युवा अवस्थामा राजनैतिक क्षेत्रमा प्रवेश गरेपछि सबैको मन जित्ने कुशल नेतृत्वकर्ताका रूपमा स्थापित हुन्छ । घरपरिवारमा समेत अविस्मरणीय किसिमले घुलमेल भएको मधुकरको एक रात अचानक घरबाट बाहिर निस्कँदा मोटरसाइकल दुर्घटनामा परी मृत्यु हुन्छ । यसरी कथावस्तुको मूल भूमिका निर्वाह गरेको मधुकर मानवीय पुरुष पात्र एवम् पूर्वीय सिद्धान्तअनुसार धीरोदात्त पात्र हो । मधुकरको प्रवृत्ति समाज सुधारक र परहित गर्न इच्छुकका रूपमा रहेको हुँदा ऊ अनुकूल चरित्रका रूपमा रहेको छ । मधुकरको स्वभावमा कुनै उल्लेखनीय परिवर्तन नभई उसलाई जति समयसम्मको भूमिका दिइएको छ, त्यसभित्र स्थितिरता नै देखिने हुँदा ऊ स्थिर पात्र हो । अतः एक वाक्यमा मूल्याङ्कन गर्दा मधुकर स्थिर, मुख्य, पुरुष, अनुकूल र मानवीय पात्र हो ।

**आ) 'म' (काव्यकार)**

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यका अर्का चरित्र 'म' पात्र हुन् । 'म' पात्र काव्यनायकका बाबु हुन् । उनी आफ्नो छोरा मधुकरलाई अत्यन्त माया गर्दथे र उसको व्यवहारबाट सन्तुष्ट थिए । यति हुँदाहुँदै पनि एकरात त्यही प्यारो छोराको असामयिक निधन भएपछि शोकग्रस्त बनेका 'म' पात्र आफूलाई मुटुभरि कष्ट र पीरको प्वालैप्वाल भएको भैरव अर्यालसँग तुलना गर्दै आत्मसन्तोष बटुल्छन् । यसरी काव्यनायकका बाबुका रूपमा देखा परेका 'म' पात्र भूमिकाका हिसावले मूलपात्र मानिन्छन् । खण्डकाव्यको सुरुदेखि नै शोकग्रस्त देखिएका 'म' पात्र काव्यको अन्त्यसम्म नै शोकाकुल भएको कारण उनी स्थिर पात्र हुन् । लैङ्गिक दृष्टिले पुरुषपात्र मानिने 'म' पात्र मानवीय अनि वियोगी पात्र पनि हुन् । प्रवृत्तिका आधारमा यिनलाई अनुकूल पात्रका रूपमा ग्रहण गर्न सकिन्छ । अतः यस खण्डकाव्यमा देखा पर्ने 'म' पात्र स्थिर, मूल, पुरुष, अनुकूल, मानवीय र वियोगी पात्र हुन् ।

**ख) गौण पात्र**

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा देखा परेका गौण पात्रहरूको भूमिका अत्यन्त न्यून छ । यिनीहरूले काव्यको विकासमा खासै भूमिका निर्वाह गरेका छैनन्, बरु काव्यबाट यिनीहरूलाई झिकिँदासमेत काव्यमा तात्त्विक

परिवर्तन देखिँदैन । यति हुँदाहुँदै पनि खण्डकाव्यमा यस्ता गौण पात्रहरूको स्थानै छैन भनेर किटान गर्न सकिँदैन, अथवा यिनीहरूको स्थान काव्यका हकमा समेत गौण नै रहेको छ भन्दा बढी सान्दर्भिक ठहर्छ । यस्ता गौण पात्रका बारेमा निम्नबमोजिम विश्लेषण गर्न सकिन्छ ।

**अ) गाउँलेहरू**

यस काव्यमा आएका गाउँलेहरू व्यक्ति विशेष नभई सामूहिक पात्रहरू हुन् । गाउँलेहरूको चर्चा ठाउँ ठाउँमा नजानिदो पाराले गरिए तापनि काव्यको मध्य भागतिर मधुकरको मृत्युको शोकमा विलौना गर्ने क्रममा प्रस्ट रूपमा चिनिएका छन् । यस क्रममा गाउँलेहरूलाई स्थानीय स्तरमा प्रचलित अवधी भाषीका रूपमा चिनाइको छ । यिनीहरू भूमिकाका आधारमा सहायक पात्र हुन् भने स्वभावका आधारमा स्थिर । लिङ्गका आधारमा पुरुष र स्त्री दुवैलाई लिन सकिने यी पात्रहरू प्रवृत्तिका आधारमा अनुकूल मानिन्छन् ।

**आ) साथीहरू**

गौण पात्रका रूपमा काव्यनायक मधुकरका आफ्नै साथीहरू पनि उपस्थित छन् । उनीहरूको उपस्थिति काव्यको ठाउँ-ठाउँमा अत्यन्त सामान्य रूपले हुन पुगेको छ । जस्तो मधुकर आफू मर्ने क्रममा आफूसँगको साथीलाई बचाएको र एक्लै मरेको प्रसङ्गमा साथीको चर्चा भएको छ भने मधुकरले आफ्ना सबै साथीहरूलाई छोडेर एक्लै गएको प्रसङ्गमा समेत साथीहरूको चर्चा गरिएको छ । यसरी देखा परेका मधुकरका साथीहरू मधुकरप्रति माया ममता प्रदान गर्ने असल प्रवृत्ति भएका मानवीय पात्रहरू हुन् । व्यक्ति पात्र नभई समूह पात्रका रूपमा उभिएका साथीहरू लैङ्गिक दृष्टिले पुरुष र नारी दुवै हुन सक्छन् । प्रत्यक्ष नाम र परिचय नखुलेका यस्ता साथीहरू भूमिका आधारमा गौण पात्र हुन् । काव्यनायक मधुकरका सहयात्रीका रूपमा देखिएका साथीहरूमा कुनै प्रतिकूल धारणा नपाइएका आधारमा उनीहरू अनुकूल पात्र हुन् ।

**इ) आमा**

यस खण्डकाव्य 'मधुकर छोटो जीवनीः लामो कहानी' मा देखा पर्ने गौण पात्रहरूमा स्वयम् काव्यनायककी आमा पनि पर्दछिन् । विशेषरूपमा काव्यको उत्तरार्द्ध

खण्डको छेउछाउतिर छोरा मधुकरको मृत्यु भइसकेपछि शोकाकुल अवस्था सिर्जना हुँदा आमाको प्रत्यक्ष उपस्थिति देख्न सकिन्छ । जस्तैः

**आमा नारी हो**
**घरभित्रै अक्सर एक्लै**
..........................
**सम्भिएर कहालिन्छे**
**हुक्किएर रुन्छे** (पृ.८४) ।

त्यसैगरी यस काव्यको हामी जिउँदै छौँ उपशीर्षकअन्तर्गत एउटै मात्र पुत्रका हतभागी आमाबाबु भनेर सम्बोधन गर्ने क्रममा समेत आमाको प्रसङ्ग देखा परेको छ । यस खण्डकाव्यमा देखा परेकी आमा पात्र प्रत्यक्ष रूपमा सहभागी हुने एक मात्र महिला पात्र हुन् । भूमिकाका आधारमा गौण र स्वभावका आधारमा स्थिर रूपमा देखा परेकी काव्यकारकी आमा अनुकूल र मानवीय पात्र हुन् ।

यी मुख्य तथा गौण पात्रहरूलाई छोडेर मधुकरको मृत्युमा विक्षिप्त हुने पुजारी बाबा (पृ.२०) तथा चौतारो र सडकका अनगिन्ती मान्छेहरूसमेत चर्चामा आएका छन् ।

### ४.१.४.३ परिवेशविधान

खण्डकाव्यलाई विश्लेषण गर्न आवश्यक पर्ने विभिन्न तत्त्वहरूमध्ये परिवेशविधान पनि एक हो । सामान्यतया परिवेश भन्नाले स्थान, काल र वातावरणलाई जनाउँछ । यिनै स्थान, काल र वातावरणमा आधारित रहेर प्रेमप्रकाश मल्लको 'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यलाई यसरी मूल्याङ्कन गर्न सकिन्छः

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा उल्लिखित क्रियाकलाप कुन स्थानमा घटेको हो भन्ने तथ्यको जानकारी खण्डकाव्यको विषयवस्तुभित्र प्रत्यक्ष रूपमा कहीँ कतै उल्लेख भएको छैन, तापनि खण्डकाव्यले काव्यनायक मधुकरको

परिचय दिने क्रममा अथवा विषयवस्तुभित्रै अप्रत्यक्ष रूपमा उद्घाटन गरेका केही आधारबाट घटनाको कार्यथलो अनुमान गर्न सकिन्छ ।

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यकै सुरुमा प्रकाशक परिचय पृष्ठ छोडेर दोस्रो पृष्ठमा काव्यनायक मधुकरको चिनारी दिने उद्देश्यले स्व. मधुकर मल्लको छोटो जीवनी शीर्षकअन्तर्गत काव्यनायकको जन्मस्थान भेरी अञ्चलअन्तर्गत पर्ने बाँके जिल्ला नेपालगन्जको आर्दशग्राम (गडेरियनपूर्वा) पवित्र भवनमा भएको थियो भनिएबाट प्रस्तुत खण्डकाव्यको परिवेश नेपालगन्जसँग सम्बन्धित छ भन्ने आधार सङ्कलन हुन्छ । त्यसै गरी काव्यकारले गाउँलेहरूद्वारा मधुकरको मृत्युमा शोक व्यक्त गराउँदा स्थानीय अवधी भाषाको प्रयोग गरी घटनास्थान नेपालगन्जकै सेरोफेरोमा हुन सक्ने अप्रत्यक्ष सङ्केत गरेका छन् ।

काल (समय)का सम्बन्धमा यस खण्डकाव्यको रचना समय प्रस्ट रूपमा किटान गरिएको छ । अथवा काव्यकारका एक मात्र छोरा मधुकरको दुःखद मृत्यु २०४० बैशाख २५ गते भएपछि सोही वर्षमा (२०४० सालमै) यस खण्डकाव्यको लेखन भएको हो । त्यसैगरी यस खण्डकाव्यभित्र प्रयोग गरिएको समयावधि जम्मा २१ वर्ष रहेको छ । काव्यनायकको जन्म (२०१९) देखि मृत्यु (२०४०) सम्म काव्यनायकले गरेका क्रियाकलापलाई खण्डकाव्यमा समेटिएका आधारमा नै प्रस्तुत खण्डकाव्यमा प्रयोग भएको समयावधि २१ वर्ष हुन गएको हो ।

यस खण्डकाव्यमा प्रस्ट वातावरणको समेत उल्लेख भएको छ । वातावरणअन्तर्गत सामाजिक र राजनैतिक वातावरण सजिलै पाउन सकिन्छ भने सांस्कृतिक वातावरणका बारेमा चर्चा भएको छैन । सामाजिक वातावरणअन्तर्गत काव्यकार वा काव्यनायक बस्ने समाजमा स्थानीय अवधी भाषाको समेत प्रयोग गरिन्थ्यो । जस्तैः ....हम्रे अपने प्यारे मधु भैया (पृ. ७२) । त्यहाँको समाजमा एउटालाई दुःख पर्दा अरूले पनि त्यसको समान अनुभूति गरेर सर-सहयोग गर्ने अग्रसरता पाइन्थ्यो भन्ने देखिन्छ । त्यसैगरी समाजभित्र नै पुजारी बाबाको उल्लेख गरिएबाट समाज धर्मकर्ममा समेत विश्वास राख्दथ्यो भन्ने बुझिन्छ । राजनैतिक वातावरणको सेरोफेरोमा यस खण्डकाव्यलाई मूल्याङ्कन गर्दा तत्कालीन राजनीति प्रत्यक्ष रूपमा राजाबाट सञ्चालित थियो । देशमा पञ्चायत शासन लादिएको थियो भने राजनैतिक

दलहरू पनि आफ्नो सङ्गठन विस्तारमा कटिबद्ध थिए । यता २०३६ को जनमत सङ्ग्रहले राजतन्त्रमाथिको खतरा सिर्जना हुन सक्ने सम्भावना देखाएपछि पञ्चायती व्यवस्थाका समर्थकहरू विद्यालय स्तरमा समेत आफ्नो सङ्गठन बिस्तारमा क्रियाशील थिए भन्ने उदाहरण काव्यनायक मधुकरको युवा अवस्थाको राजनीतिक संलग्नताले खुलाउँछ ।

संक्षेपमा यस खण्डकाव्यको परिवेशलाई मूल्याङ्कन गर्दा नेपालगन्जलाई स्थानगत परिवेश बनाएको यस खण्डकाव्यले २०१९ सालदेखि २०४० सालसम्मको २१ वर्षीय समय एवम् देशमा तत्कालीन समयमा विद्यमान पञ्चायती वातावरणलाई अंगालेको छ ।

### ४.१.५ केन्द्रीय कथन

काव्यमा केन्द्रीय कथन भन्नाले काव्यभित्र काव्यकारले भन्न खोजेको मुख्य आशय हो । यस खण्डकाव्यमा काव्यकारले काव्यनायकको मृत्युमा विक्षिप्त बनेका म पात्रलाई काव्यको अन्त्य-अन्त्यतिर मानिस मरणशील प्राणी हो र ऊ एकदिन अवश्य मर्दछ तर मरिन्छ भनेर पहिले नै खुट्टा तान्नुभन्दा मधुकर जस्तै समाज सुधारक बन्न सक्नुपर्छ भन्ने आशय लुकेको भावना व्यक्त गरेका छन् । स्वयम् काव्यकार (म पात्र) ले भनेका छन्, सशक्त, सबल र सक्रिय

**बन्नु पऱ्यो**
**किनकि**
**मभित्र**
**मेरो मधुकरको**
**महान आत्माले प्रवेश गरेको छ** (पृ.१०४) ।

यस प्रकारको दह्रो अभिव्यक्ति दिँदै आफ्नो अमूल्य समयलाई शोकमा मात्र खर्चिनु भन्दा सशक्त र सबल भएर उन्नति पथमा लाग्नु पर्छ भन्ने आकाङ्क्षा काव्यकारले व्यक्त गरेका छन् ।

अन्ततः हामी यस खण्डकाव्यको केन्द्रीय कथनका रूपमा हरेक मानिसले आफ्नो छोटो जिन्दगीमा अनेकौँ समाजसुधारक कार्य गरेर प्रशंसायोग्य बन्नुपर्छ अनि

मर्नु र बाँच्नु जीवनको चलिरहने प्रक्रिया हो भन्ने सारलाई बुझेर आफन्तजन विछोडको शोकमा डुबिरहनु भन्दा अझै सबल, सशक्त र सक्रिय बनेर उन्नतिपथमा लाग्नु पर्दछ भन्ने भावनालाई बुझ्न सक्छौँ ।

### ४.१.६ भावविधान

मानवमनमा उठिरहने अनेक भावहरूको विराट् विस्तृत अभिव्यक्ति गर्नु नै भावविधान हो ।[४४] भावविधानका दृष्टिले यस खण्डकाव्यमा अङ्गी रसका रूपमा शोक स्थायी भाव हुने करुण रसको प्रयोग भएको छ भने अङ्ग रसका रूपका वियोग शृङ्गार, अद्भुत र शान्तजस्ता रसहरू आएका छन् ।

करुण रस अङ्गी रस स्विकारिएको यस खण्डकाव्यमा सुरुदेखि अन्त्यसम्म नै कविको पीडा, छटपटी र पुत्रशोक पाइन्छ । सुरु मै काव्यकारले आफ्नो छोराको मृत्यु भइसकेपछि शोकले आकुल भएर छोराको जीवनकहानी बाबुले सनाउनु पर्ने विडम्बनाको उल्लेख गरेका छन् भने बीच-बीचमा 'म' पात्र मात्र नभएर गाउँले साथीहरू र काव्यनायककी आमाद्वारा प्रकटित शोकलाईसमेत उल्लेख गरेका छन् । त्यसैगरी काव्यको अन्त्यमा आएर कवि स्वयम् भैरव अर्याल र हरिभक्त कटुवाल जस्तै दुःखी र पीडित भएको प्रकट गर्छन् । यी सम्पूर्ण पक्षहरूको आधारमा यस खण्डकाव्यमा शोक स्थायीभाव रहने करुण रसकै बाहुल्य रहेको छ ।

प्रेमप्रकाशद्वारा लिखित यस खण्डकाव्यमा अङ्ग रसका रूपमा वियोग शृङ्गार रस एवम् अदभुत र शान्त रस पनि देखा परेका छन् । काव्यनायक मधुकरले कव्यकार म पात्रलाई छोडेर जाँदाको अभिव्यक्ति प्रकट गर्दा ठाउँ-ठाउँमा वियोग शृङ्गार रस एवम् अदभुत र शान्त रस पनि देखा परेका छन् । त्यसैगरी काव्यनायकको मृत्यु भइसकेपछि सुरुमा शोकाकुल बनेका कविले अन्त्यतिर जीवनको शाश्वत पक्षको उद्घाटन गर्दा शान्त रसको सिर्जना भएको छ, जस्तै :

**जीवन नाशवान् छ**
**आत्मा शाश्वत छ, सत्य छ**
**भनेर हाम्रो शास्त्र ले**

---

[४४] महादेव अवस्थी, **महाकाव्यकार वालकृष्ण समः प्रवृत्ति, 'चिसो चूलो' महाकाव्य र योगदान** शार्दूल त्रैमासिक (वर्ष १, अंक १, माघ-फागुन- चैत) २०६२ पृ.  २१ ।

**मीमांसा गरेको छ** (पृ.१०४) ।

यस काव्यमा आश्चर्य स्थायी भाव हुने अद्भुत रसको समेत प्रयोग भएको छ । छातीभित्र व्यथा र वेदनाको ज्वालामुखी लुकाएर पनि हिमालभैँ शीतल भएर पग्लनु अनि पग्लेर पनि अग्लनु (पृ.९१) अपत्यारिलो अथवा आश्चर्यजनक तथ्य हो । यस आधारमा यस खण्डकाव्यमा अद्भुत रसको समेत प्रयोग भएको छ ।

### ४.१.७ जीवनदृष्टि

प्रेमप्रकाश मल्लद्वारा लिखित खण्डकाव्य 'मधुकर छोटो जीवनीः लामो कहानी' पूर्वीय वेदान्तमा आधारित पौराणिक उपनिषदीय जीवनदर्शनको प्रयोग भएको छ । यस काव्यका म पात्रका रूपमा रहेका काव्यकार सुरुमा एक मात्र छोरा मधुकरको मृत्युद्वारा शोकग्रस्त भए पनि अन्ततः मानिस जन्मनु र मर्नु सृष्टिमा भइरहने प्रक्रिया हो । त्यसैले मरेकाहरूमा शोकग्रस्त भएर समय व्यतीत गर्नुभन्दा बाँचुन्जेल आफ्नो जुनी सफल बनाउन कर्मठ र क्रियाशील भएर सत्कार्यमा लाग्नुपर्छ भन्ने ठहर गर्दै भन्दछन् :

**जीवन नाशवान् छ**
**आत्मा शाश्वत छ, सत्य छ**
**भनेर हाम्रो शास्त्रले**
**मीमांसा गरेको छ**
**त्यसैले**
**मैल त अब भन् बढी**
**सशक्त, सबल र सक्रिय बन्नु पऱ्यो .... ।** (पृ.१०४)

यो भनाइ गीताको कर्मवादी जीवनदृष्टिसँग सम्बन्धित छ । अतः 'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा पूर्वीय वेदान्तमा आधारित उपनिषदीय जीवनदृष्टिको प्रयोग गरिएको छ ।

### ४.१.८ सर्गयोजना

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा प्रस्टरूपमा काव्यशास्त्रीय मान्यता अनुरूपको सर्गयोजना रहेको छैन, तथापि यसको विषयवस्तुलाई मध्यनजर

गर्दै जम्मा दुई सर्गमा यस खण्डकाव्यलाई विभाजित गरिनु बढी सान्दर्भिक हुन आउँछ । यसरी दुई सर्गमा नै यस खण्डकाव्यलाई विभाजन गरिनुमा यसभित्रको कथानक एवम् अनुभूति पक्ष जिम्मेवार ठहर्छन् । अर्थात् सम्पूर्ण काव्यिक स्वरूपलाई हेर्दा पृष्ठ १०६ सम्म कथावस्तुगत प्रवाहमा प्रबलता पाउन सकिन्छ भने त्यसपछिका पृष्ठहरूमा अनुभूतिगत प्रवाहमा प्रबलता पाउन सकिन्छ । अतः यस आधारबाट कथावस्तुगत प्रबलता भएको पृष्ठ १०६ सम्मको आयाम पहिलो सर्ग हो भने त्यस पछिको बाँकी खण्ड दोस्रो सर्ग हो ।

**पहिलो सर्ग**

पहिलो सर्ग काव्यको सुरुदेखि पृष्ठ १०६ सम्मको अंश हो । यस खण्डमा काव्यकारले काव्यनायकको बाल्यकाल, युवाअवस्था काव्यनायकको मृत्युपछिका छटपटी एवम् जीवन-दर्शनलाई उल्लेख गरेका छन् ।

**दोस्रो सर्ग**

पहिलो सर्गको समापनसँगै दोस्रो सर्गको प्रारम्भ हुन्छ । यस सर्गमा कविको अनुभूति पक्षले स्थान पाएको छ । यस दोस्रो सर्गलाई पनि कविले विभिन्न शीर्षक दिँदै जम्मा आठ खण्डमा बाँडेका छन्, जसलाई क्रमबद्ध रूपमा यसरी प्रस्तुत गरिन्छ-

१. बिलौना

२. २०४० नव वर्षको उपहार मलाई परेको एउटा चिट्ठा ।

३. सम्भावना र पश्चात्तापको बीचमा अल्झिएको जिन्दगी

४. कसरी बिर्सूँ ।

५. एउटा प्रगति यस्तो पनि

६. हामी जिउँदै छौँ

७. म

८. कवि र कविता

माथि उल्लिखित यिनै सर्ग तथा खण्डहरूमा नै प्रस्तुत खण्डकाव्य ‘मधुकर छोटो जीवनीः लामो कहानी’ संरचित छ ।

### ४.१.९ कथनपद्धति

कुनै पनि साहित्यिक कृतिका सन्दर्भमा उक्तिसंरचना (कथनपद्धति) भन्नाले सो कृतिको मुख्य कथनको प्रंस्तुतिका निम्ति सुरुदेखि मध्य हुँदै अन्त्यसम्म बनाइएको योजना र सो योजनालाई कार्यन्वयन गर्ने वक्ताका विन्दु वा कोणका ढाँचाहरूको प्रयोगसमेत भन्ने बुझिन्छ[४५] प्रेमप्रकाश मल्लद्वारा लिखित प्रस्तुत खण्डकाव्य 'मधुकर छोटो जीवनीः लामो कहानी' मा स्वयम् काव्यकार आफैले काव्यनायकका सम्पूर्ण क्रियाकलापदेखि आफ्ना क्रियाकलापसम्मको वर्णन गरेका आधारमा प्रथम पुरुषप्रधान (कविप्रौढोक्ति) उक्तिसंरचनाको प्रयोग भएको छ ।

### ४.१.१० लयविधान

खण्डकाव्यका आवश्यकीय तत्त्वहरूमध्ये एक लय विधान पनि हो । कुनै पनि कृति पठन गर्दा श्रुतिमधुर बनाउने अङ्ग नै लयविधान हो । काव्यिक कृतिहरूमा मूलतः दुई किसिमका लयविधानको प्रयोग गरिन्छ । १) बद्ध लय

२) मुक्त लय

प्रेमप्रकाशद्वारा लिखित यस खण्डकाव्यमा मुक्तलयको प्रयोग गरिएको छ । मुक्तलयको प्रयोग गरिएको भए पनि पङ्क्तिगत पदावलीहरूमा अनुप्रासको राम्रो संयोजन गरिएको पाइन्छ भने पङ्क्ति-पङ्क्ति बीचमा कवितात्मक लयात्मकताका लागि अन्त्यानुप्रासको प्रयोग उचित रूपमा गरिएको छ । यो कृति कवितात्मक प्रस्तुति र सहजसंवेद्यताका लागि चुनी-चुनी प्रयोग भएका शब्दका कारण गद्य कवित्वको अन्त्यबाट लयात्मक र लालित्यपूर्ण बन्न पुगेको छ ।

### ४.१.११ आयाम

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्य पृष्ठ एकदेखि एकसय बाईससम्मको आयाममा फैलिएको छ । यसमध्ये पृष्ठ एकदेखि एकसय छसम्म पृष्ठ सङ्ख्या उल्लेख गरिएको छ भने, त्यसपछि प्रत्येक कविताको पङ्क्तिलाई छुट्टाछुट्टै

---

[४५] ऐजन ।

किसिमले विन्यस्त गर्दै पृष्ठ सङ्ख्याको उल्लेख गरिएको छ जसमा दुई पृष्ठलाई एकै पृष्ठमा गाभेर पृष्ठसङ्ख्या उल्लेख गरिएको अवस्थासमेत पाइन्छ ।

यस खण्डकाव्यमा प्रयोग भएका शब्दभित्रका अक्षरहरूमा सबैभन्दा थोरै एकअक्षरे शब्दहरू (पृ.१०, १४, १५, २२, २५ आदिमा) को प्रयोग भएको पाइन्छ भने यिनै एकअक्षरे शब्दले एउटै पूरै पङ्क्तिको काम गरेको स्थिति (ऐजन पृष्ठ) पनि छँदैछ । खण्डकाव्यमा सबैभन्दा सानो पङ्क्तिपुञ्ज एघार शब्द र चार पङ्क्ति रहेको पहिलो पृष्ठमा उल्लिखित निम्नलिखित पङ्क्तिपुञ्ज हो : **जिन्दगी यस्तै रहेछ**

**खै के गर्ने**

**छोराको कहानी**

**बाबुले सनाउनु पर्ने**

संक्षेपमा मूल्याङ्कन गर्दा प्रस्तुत खण्डकाव्य 'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्य जम्मा एकसय बाईसको पृष्ठगत आयाममा विस्तारित छ ।

## ४.१.१२ विम्बप्रतीकविधान

शब्दका माधयमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, घटना वा पात्रको यथार्थसदृश छायाँ पारिदिने पद्धतिलाई विम्बविधान भनिन्छ ।[४६] 'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा पनि विम्बविधानको उचित प्रयोग भएको पाइन्छ । जस्तो : **उ**

**एउटा वीर अभिमन्यु**

**नियतिको चक्रव्यूहमा परेर मऱ्यो**

**म**

**एउटा कलियुगको कमजोर अर्जुन**

**द्वापरका श्री कृष्णको**

**गीता पढेर**

**परिस्थितिसँग लड्नु पऱ्यो ।** (पृ.१४) दिइएको उदाहरणमा प्रस्तुत अभिमन्यु, अर्जुन, कृष्ण, गीता आदि पौराणिक विम्बअन्तर्गत पर्दछन् । यी उदाहरणहरूलाई छोडेर

---

[४६] कृष्णहरि बराल र नेत्र एटमः **उपन्यास सिद्दान्त र नेपाली उपन्यास** (काठमाडौँः साझा प्रकाशन, २०५५) पृ. ४५ ।

यस खण्डकाव्यमा प्राकृतिक विम्बको समेत उचित प्रयोग भएको छ । यसरी प्रयोग भएका प्राकृतिक विम्बहरू यस प्रकार छन्, १. माछापुच्छ्रे (पृ.२१) २. फेवाताल (पृ.११) ३.फूल (पृ. २१)४. कोशी (पृ. ३०) ५.कर्णाली (पृ.३०) ६. सगरमाथा (पृ.३०) आदि ।

यसैगरी यान, बहान जस्ता वैज्ञानिक आविस्कासँग सरोकार राख्ने विम्बहरूको पनि यस खण्डकाव्यमा प्रयोग भएको छ ।

कुनैपनि प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ ।[४७] प्रेमप्रकाशद्वारा लिखित 'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा विभिन्न किसिमका प्रतीकहरूको उचित प्रयोग गरिएको पाइन्छ । जस्तो पृष्ठ ३७ मा काव्यनायक मधुकर जमातलाई छोडेर आफू एक्लै अनन्त यात्रामा हिँडिदियो भन्ने उदाहरण पेस गरिएको छ, जहाँ 'यात्रामा हिड्नु' पदावलीले यात्रा गर्न जानु भन्ने अर्थ नबुझाई प्रतिकात्मक रूपमा मर्नु भन्ने अर्थ बुझाउँछ । त्यसैगरी पृष्ठ ३८ मा अनेकौंका आँखामा तटबन्ध फुटेको थियो भनेर सङ्केत गरिएको छ । यस तटबन्ध फुटेकोले कुनै खोलाको फुटेको बाँधलाई नजनाई आँसु चुहेको भन्ने अर्थ वहन गर्छ । अतः तटबन्ध फुट्नुपनि प्रतीकको उदाहरण हो । पृष्ठ ५७ मा उल्लेख गरिएको ठूलो घर पनि अर्को प्रतीकात्मक पदावलीको उदाहरण हो । यहाँ प्रयोग गरिएको ठूलो घरले कुनै महलको सोझो अर्थ वहन नगरेर 'सिङ्गो राष्ट्रलाई सङ्केत गरेको छ । अतः ठूलो घरपनि प्रतीकको उदाहरण हो । त्यसैगरी पृष्ठ ९१ मा प्रयोग गरिएको शब्द ज्वालामुखीले भूकम्पको अर्थ बहन नगरी ठूलो अप्ठ्यारो परिस्थितिको अर्थ लिएको छ भने ९१ पुष्ठकै पग्लनु शब्दले कोमल भन्ने प्रतीकात्मक अर्थ वहन गरेको छ ।

### **४.१.१३ अलङ्कारविधान**

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यलाई आकर्षक बनाउन अथवा यसभित्रका अभिव्यक्तिहरूलाई चमत्कृत तुल्याउन काव्यकारद्वारा विभिन्न अलङ्कारहरूको प्रयोग गरिएको छ, जसको चर्चा तल लेखिएबमोजिम गर्न सकिन्छ,

---

[४७] ऐजन ।

#### ४.१.१३.१ शब्दालङ्कार

प्रस्तुत खण्डकाव्यमा शब्दालङ्कारको प्रयोग व्यापक रूपमा गरिएको छ । शब्दालङ्कार भित्र पनि अन्त्यानुप्रासको प्रयोग प्रायः श्लोकहरूमा पाइन्छ भने छेकानुप्रास र वृत्यानुप्रासले समेत ठाउँ-ठाउँमा आफ्नो चमक देखाएका छन् । यस्ता शब्दालङ्कार प्रयोग भएका काव्यभित्रका उदाहरण र तिनका विशेषता निम्नबमोजिम छन्:

आद्यानुप्रास र अन्त्यानुप्रास

**उ जति वक्र थियो**

**उति सरल थियो**

**जति कठोर थियो**

**उति तरल थियो** (पृ.११) ।

दिइएको उदाहरणमा दोस्रो पङ्क्तिको अगाडि र चोथो पङ्क्तिको अगाडि एउटै शब्द 'उति' को आवृत्तिले आद्यनुप्रास र अन्त्यमा आएको 'थियो' शब्दको आवृत्तिले अन्त्यानुप्रासको प्रतिनिधित्व गरेका छन् ।

वृत्त्यानुप्रास

**म उसलाई**

**उच्चता, गहनता र विशालताको**

**एउटै प्रतीक मान्न पुग्छु** (पृ. १३) ।

दिइएको उदाहरण 'ता' वर्णको अनेक पटक आवृत्ति भई वृत्यानुप्रास शब्दालङ्कार भएको छ ।

#### ४.१.१३.२ अर्थालङ्कार

प्रस्तुत खण्डकाव्यमा कवि प्रेमप्रकाश मल्लले विभिन्न अर्थालङ्कारको पनि प्रयोग गरेको पाइन्छ । यस क्रममा प्रमुख रूपले उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, विरोधाभास, प्रश्न, विभावना लगायतका अर्थालङ्कारहरूको प्रयोग भएको छ । जसको उदाहरणको प्रस्तुति र चर्चा निम्नबमोजिम गर्न सकिन्छ,

**अ) उपमा अर्थालङ्कार**

**बाल्यावस्थामा नै**

**उसको स्वभाव विचित्र थियो**

**उ अक्सर एक्लै खेल्दथ्यो**

**स-साना थुम्का थुम्कीमा**

**चढ्ने र उतार्ने गर्दथ्यो**

**भंवराझैं गुंजन गर्दै**

**मानौ आफ्नो मुटुभरि**

**सुमधुर जीवन सङ्गीत भर्दथ्यो** (पृ. ६) ।

दिइएको उदाहरणमा मधुकरलाई भंवरासँग दाँजिएको कारण प्रस्तुत उदाहरण उपमा अर्थालङ्कारसँग सम्बन्धित छ ।

**आ) रूपक अर्थालङ्कार**

कुनै पनि एउटा प्राणी वा वस्तुलाई प्रत्यक्षरूपमा अर्को प्राणी वा वस्तुको आरोप गर्दा रूपक अर्थालङ्कार हुन्छ । जस्तै : **ऊ आँधी थियो**

**तुफान थियो** ... (पृ.९) ।

यस उदाहरणमा ऊ का रूपमा चिनिएको मधुकरलाई प्रत्यक्ष रूपमा आँधी र तुफानसँग आरोपित गरिँदा दिइएको उदाहरण रूपक अलङ्कार भएको हो ।

**इ) उत्प्रेक्षा अर्थालङ्कार**

प्रस्तुतमा अप्रस्तुत सम्भावना देखाउँदा उत्प्रेक्षा अर्थालङ्कार हुन्छ । जस्तै :

... **साहस, धैर्य र वीरताको**

**भावनले ओतप्रोत**

**मानौं एउटा सुन्दर र सुमधुर**

**गौरव गान थियो ।**

**ई) अतिशयोक्ति अर्थालङ्कार**

कसैका बारेमा अपत्यारिलो तरिकाले बढाइचढाइ गर्दा सिर्जना हुने अलङ्कार नै अतिशयोक्ति अर्थालङ्कार हो, जसको प्रस्तुति निम्नबमोजिम गर्न सकिन्छ:

**स्वाभिमानले**

**उ माछापुछ्रे भइदिन्थ्यो,**

**सम्वेदनशीलताले**

**फेवाताल भइदिन्थ्यो** (पृ.११) ।

**उ) विरोधाभास अर्थालङ्कार**

एउटा प्रसङ्गले अर्को प्रसङ्गको विरोध गरेको खण्डमा विरोधाभास अर्थालङ्कार हुन्छ, जस्तैः **उ जति वक्र थियो**

**उति सरल थियो**

**जति कठोर थियो**

**उति तरल थियो ।**

माथिको उदाहरणमा पहिलो पङक्तिले मधुकरलाई वक्र थियो भनेको छ भने दोस्रो पङ्क्तिले त्यही मधुकरलाई नै 'सरल थियो' भन्दै 'वक्र थियो' को विरोध गरेको छ । यही प्रक्रिया 'कठोर' र 'तरल'मा पनि देखा पर्दछ । यस आधारमा एउटा प्रसङ्गले अर्को प्रसङ्गको विरोध गरेका कारण प्रस्तुत उदाहरणमा विरोधाभास अलङ्कार रहेको छ ।

**ऊ) प्रश्नोत्तर अर्थालङ्कार**

यस खण्डकाव्यमा प्रश्न उत्तरजस्ता अलङ्करणप्रविधिको पनि प्रयोग गरिएको छ । साधारणतया काव्यमा कसैले प्रश्न गरेको भाव छ भने त्यहाँ प्रश्न अलङ्कार प्रविधि र उत्तर दिएको भाव छ भने उत्तर अलङ्कार प्रविधि हुन्छ ।

जस्तै : **सबैले सोध्दछन् मलाई**

**तपाईलाई कस्तो छ** (पृ.४२)

**सञ्चै छ ? (प्रश्नालङ्कार)**

**मेरो मार्मिक उत्तर हुन्छ**

**हजुर सञ्चै छ ।** (उत्तरालङ्कार)

## ४.१.१४ भाषाशैली

'मधुकर छोटो जीवनीः लामो कहानी'को भाषाशैलीलाई मूल्याङ्कन गर्दा वर्ण शब्द हुँदै समग्र भाषाको प्रयोग के कसरी भएको छ, सो को समीक्षा गरिनु आवश्यक मानिन्छ । यस कृतिमा वर्णयोजना व्यवस्थित र उच्च कोटिको देखिन्छ । कृतिको

ठाउँठाउँमा देखिने आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास र अन्तर अनुप्रासले लयात्मकता सिर्जना गरेको छ भने कोमलकान्त र श्रुतिरम्य पदावलीहरूको प्रयोगले काव्यलाई थप उच्चता प्रदान गरेको छ ।

यस खण्डकाव्यमा प्रयोग गरिएका शब्दढुकुटीलाई मूल्याङ्कन गर्दा नेपाली जनजीवनमा अत्यन्त प्रचलित शब्दहरूका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको समेत उत्तिकै सशक्त प्रयोग गरिएको  पाइन्छ । कृतिभित्र खै (पृ.१), एक्कासि (प.२), झलझल्ती (पृ.५), थुम्काथुम्की (पृ.६) जिन्दगी (पृ.१), कहानी (पृ.१) जनम (पृ.९६) जस्ता आगन्तुक एवम् कर्तव्यनिष्ठ (पृ.१०) वक्र (पृ. ११) शीतल, शव, अंकमाल (पृ.४७) पवन, स्मृति, सुगन्ध (पृ.८२) लगायतका तत्सम र आँधी (पृ.९) सच्चा (पृ.१९) जस्ता तदभव शब्दहरूको समुचित प्रयोग भएको छ ।

भाषा प्रयोगका दृष्टिले प्रस्तुत काव्यमा मानक भाषाका साथै स्थानीय अवधी भाषाको समेत प्रयोग भएको छ । जस्तै, कतिपयले आफ्नै यहाँको बोलीमा क्रन्दन व्यक्त गरे : **ई का होई गवा**

**हाय रे दैया ।**

**हम सबका छोंडके**

**कहाँ चल दिए**

**हम्रे अपने प्यारे**

**मधु भैया** (पृ.७२) ।

यस खण्डकाव्यमा कथ्य भाषाको प्रयोग प्रस्तुत पङ्क्तिमा भएको छ, हामीलाई असन धारा र्वाइ रहन्छ (पृ.४१) । यस पङ्क्तिमा मानक स्वरूप रुहाइलाई र्वाइका रूपमा प्रयोग गरी कथ्य भाषाको प्रतिनिधित्व गराइएको छ ।

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा वर्ण र शब्दका तहमा भएका आवृत्तिहरू मात्र होइन स्वयम् वाक्यका तहमा पनि आवृत्ति गराई भाषिक जोडको प्रयोग भएको छ । जस्तैः **यस्तो किन हुन गयो** ?

**यस्तो किन हुन गयो** ?

**यस्तो किन हुन गयो**? ... (पृष्ठ.५३) ।

यस्तै अन्य कैयौँ भाषाशैलीगत विशेषता बोकेको यस खण्डकाव्यमा पदक्रम विचलन, सरल एवम् मधुर शब्दप्रयोग, विविध रसको उपयोग र गद्यात्मक माधुर्यमा जोड दिन विविध अनुप्रासको प्रयोग पाञ्चाली वैदर्भीलगायतका रीति तथा माधुर्य, ओज, प्रसादलगायतका गुणहरूले गर्दा प्रस्तुत खण्डकाव्यको भाषाशैली सामान्य त्रुटिहरू हुँदाहुँदै पनि सबल र सफलसिद्ध भएको छ ।

## ४.१.१५ निष्कर्ष र मूल्याङ्कन

'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्य प्रेमप्रकाश मल्लद्वारा वि.सं. २०४० मा लेखिई नेपाल युवक सङ्गठन केन्द्रीय कार्यसमितिद्वारा वि.सं. २०४३मा प्रकाशित खण्डकाव्यात्मक कृति हो । आफ्नो एक मात्र छोरो मधुकरको मुत्युबाट विक्षिप्त बनेका कवि प्रेमप्रकाशले यस खण्डकाव्यमा कुनै ऐतिहासिक वा पौराणिक घटनालाई आधार नबनाई कविकल्पित विषवस्तुकै उपयोग गरेका छन् । पात्रनाम र विषयवस्तुको अन्तर्मिश्रणबाट नामकरण गरिएको प्रस्तुत खण्डकाव्य 'मधुकर छोटो जीवनीः लामो कहानी' मा काव्यनायक मधुकरको बाल्यकाल, युवाकाल मुत्यु र मुत्युपश्चात् काव्यकारमा देखापरेका विलापहरूलाई विश्रृङ्खलित पाराले उन्ने काम गरिएको छ । थोरै पात्र र पञ्चायतकालीन परिवेशमा लेखिएको प्रस्तुत कृतिको केन्द्रीय कथ्यका रूपमा मानिस मरणशील प्राणी हो, त्यसैले आफन्तजनको मृत्युमा आफ्नो कर्तव्यबाट विचलित हुनु भन्दा बढी सतकर्ममा लागिरहनु पर्दछ भन्ने मूल मर्मलाई ग्रहण गर्न सकिन्छ ।

भावविधानका दृष्टिले करुण रसलाई अङ्गीरसका रूपमा अङ्गिकार गरेको प्रस्तुत खण्डकाव्यमा कुनै किसिमको काव्यमान्यतामा आधारित सर्गयोजना पाइँदैन । यस कृतिमा प्रथम पुरुषप्रधान उक्तिसंरचनाको प्रयोग भएको छ भने गद्यात्मक लयभित्रै अन्तरानुप्रास र अन्त्यानुप्रास जस्ता अभिव्यक्तिगत कलाका कारण काव्यको भाषा सुललित, श्रुतिरम्य, लयात्मक र लालित्यपूर्ण बन्न गएको छ । जम्मा १२२ पृष्ठको आयाममा समेटिएको प्रस्तुत खण्डकाव्यमा विम्बप्रतीकको उचित प्रयोग एवम् शब्दालङ्कार र अर्थालङ्कारको भाषिक चमत्कारले काव्य अझ बढी सशक्त हुन गएको छ ।

प्रेमप्रकाश मल्लद्वारा लिखित प्रस्तुत खण्डकाव्यको समग्र मूल्याङ्कन गर्दा कतिपय स्थानमा खण्डकाव्यगत तत्त्व प्रयोगमा केही कमजोरी देखिए पनि सशक्त वैचारिक अभिव्यक्तिका कारण काव्य सफल हुन गएको छ । यो काव्य नेपाली साहित्यको खण्डकाव्यात्मक फाँटमा देखा परेका अन्य खण्डकाव्यहरूको समीपमा राखेर मूल्याङ्कन गर्दा उच्च अथवा निम्न नभई मध्यम श्रेणीमा राख्नसकिने खण्डकाव्य हो ।

## ४.२ 'त्यो यौटा अजेय शिखर मधुकर' काव्यको विश्लेषण एवम् मूल्याङ्कन

### ४.२.१ रचनाकाल र प्रकाशन

प्रेमप्रकाश मल्लद्वारा लिखित 'त्यो यौटा अजेय शिखर मधुकर' काव्य 'मधुकर छोटो जीवनीः लामो कहानी' पछि रचिएको अर्को खण्डकाव्यात्मक आयाम धारण गरेको कृति हो । यस खण्डकाव्यको रचना वि.सं. २०४० मा काव्यकारका एक मात्र छोरा मधुकरको मृत्यु (२०४० बैशाख २५) पश्चात् गरिएको हो । यस खण्डकाव्यको प्रकाशन लेखन अवधिको दुई वर्षपछि वि.सं २०४२ मा भएको हो । पहिलो प्रकाशनमा जम्मा ५०० प्रति छापिएको यस कृतिलाई फेरि-फेरि प्रकाशनमा ल्याइएको पाइँदैन । प्रस्तुत खण्डकाव्यको प्रकाशक नेपाल युवक सङ्गठन, केन्द्रीय कार्यसमिति ललितपुर, जाउलाखेल हो ।

### ४.२.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

प्रस्तुत खण्डकाव्य प्रकृतिलाई (शिखरलाई) नायक बनाएर लेखिएको प्रकृतिपरक खण्डकाव्य हो । यस खण्डकाव्यमा काव्यकार प्रेमप्रकाश मल्लको एक मात्र छोरा मधुकरलाई शिखरको रूपमा तुलना गरी कथावस्तु अगाडि बढाइएको छ । यस आधारमा काव्यभित्र शिखरको साहसी एवम् अटलपन स्वयम् मधुकरको विशेषता हो भने यस कृतिका माध्यमबाट काव्यकार मधुकरलाई एक अजेय, अटल, निश्छल, स्वच्छ, शान्त व्यक्तिका रूपमा उभ्याउन चाहन्छन् । अतः प्रस्तुत कृति लेखनको प्रेरणा काव्यकारलाई मधुकरको सरल एवम् स्वच्छ जीवनले प्रदान गरेको छ । त्यसैगरी काव्यकारले यस कृतिमा प्रकृतिप्रेमको छनक पनि ठाउँ-ठाउँमा व्यक्त गरेका छन्

अथवा यी कृति रचनाको अर्को अभिप्राय प्रकृतिको वर्णन गर्नु पनि हो । यस आधारमा काव्यकारको प्रेरणास्रोत मनोरम प्रकृतिजगत् पनि हो ।

प्रस्तुत काव्य 'त्यो यौटा अजेय शिखर मधुकर'भित्र समाहित भाषाशैली एवम् विषयवस्तुलाई मूल्याङ्कन गर्दा काव्यकारले यो कृति लेख्नका लागि लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटाबाट धेर-थोर रूपमा प्रभाव ग्रहण गरेका छन् । नेपाली काव्य जगत्का महान् प्रतिभा लेखनाथ पौड्यालले प्रकृतिको मनोरमताबाट प्रेरित भई ऋतुविचार जस्तो प्रकृतिकाव्यको रचना गरे जहाँ स्वयम् प्रकृतिलाई नै नायकका रूपमा उभ्याइएको छ । यता प्रेमप्रकाशको यो काव्य पनि प्रकृति प्रयोगका हिसावले प्रकृति काव्य हो अनि यसमा प्रकृतिको शिखरलाई नै नायकका रूपमा स्विकारिएको छ । यस आधारमा प्रस्तुत काव्यका काव्यकार लेखनाथ पौड्यालबाट धेर थोर रूपमा प्रभावित देखिन्छन् ।

यसैगरी यस खण्डकाव्यमा प्रयोग भएको विषयवस्तुको कतिपय अंशलाई मूल्याङ्कन गर्दा काव्यकार प्रेमप्रकाश लक्ष्मीप्रसाद देवकोटा र उनको 'पागल' कविताबाट समेत सामान्य रूपमा प्रभावित भएको देखिन्छ । देवकोटाको मुनामदनको धनभन्दा मन ठूलो भन्ने सन्देशलाई यस खण्डकाव्यको, **धनका थैला बोकेर शिखर चढिन्न**

**भावनै भावनाले भरिएका**
**गह्रुङ्गा मनका थैला**
**बोकेर चढ्नुपर्छ** (पृ. ४४) ।

भन्ने अंशले समाहित गरेको छ । यही पृष्ठमा नै उल्लिखित मानवतावादी चेतसमेत देवकोटाको मानवतावादी चेतबाट प्रभावित देखिन्छ भने ... **सबभन्दा**

**धर्मात्मा मान्छेहरू**
**सबभन्दा**
**पापात्माको कोटिमा**
**पर्न सक्छन्**
**सबभन्दा ज्ञानवान र**
**गुणवानहरू**
**सबभन्दा अज्ञानी**

**र बैगुनी**

**ठहर्न सक्छन्** (पृ.४७) ।

यो अंश देवकोटाको पागल कविताबाट प्रभावित छ । यिनै माथि उल्लेख गरिएका आधारहरूबाट काव्यकार प्रेमप्रकाश मल्ल लक्ष्मीप्रसाद देवकोटाबाट पनि प्रभावित छन् भन्न सकिन्छ ।

'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यको विषयवस्तु अप्रत्यक्ष रूपमा स्वयम् मधुकरको जीवनसँग सम्बन्धित भएकाले यस खण्डकाव्यको विषयस्रोत पौराणिक वा ऐतिहासिक नभई उत्पाद्य वा कविकल्पनाप्रसूत विषयवस्तुसँग सम्बन्धित छ ।

### ४.२.३ शीर्षकविधान

प्रेमप्रकाश मल्लद्वारा लिखित खण्डकाव्य 'त्यो यौटा अजेय शिखर मधुकर' पदावलीहरूको समूहद्वारा निर्मित उपवाक्यस्तरको शीर्षक हो । यस शीर्षकलाई पदवर्गका दृष्टिकोणबाट मूल्याङ्कन गर्दा त्यो सर्वनाम हो भने एउटा र अजेय दुवै विशेषण पदवर्गमा पर्दछन् । त्यसैगरी शिखर र मधुकर दुवै नामपद हुन् । शब्द स्रोतका दृष्टिले प्रस्तुत खण्डकाव्यको शीर्षक 'त्यो यौटा अजेय शिखर मधुकर' मा तत्सम र तद्भव शब्दहरूको प्रयोग भएको छ । संस्कृतको तत्बाट त्यो, एकबाट एउटा शब्दहरू निर्माण भएका हुन् भने अजेय शिखर र मधुकर शब्द तत्सम शब्द हुन् ।

प्रस्तुत खण्डकाव्यमा मधुकरलाई एक शिखरको रूपमा हेरिएको छ । जसरी शिखर विशाल, महान्, निश्चल, सबल, सशक्त, अजेय, शान्त, आकर्षक, सेवामा समर्पित तथा जय विजयद्वारा सर्वथा अप्रभावित छ ठीक त्यस्तै किसिमले मधुकर पनि अजेय शान्त एवम् जय विजयद्वारा सर्वथा अप्रभावित छ भन्दै खण्डकाव्यको विषयवस्तु प्रस्तुत गरिएको आधारमा प्रस्तुत खण्डकाव्यको शीर्षक 'त्यो यौटा अजेय शिखर मधुकर' सार्थक रहेको छ ।

### ४.२.४ आख्यानात्मक संरचना

#### ४.२.४.१ कथावस्तु

प्रेमप्रकाश मल्लद्वारा लिखित प्रस्तुत खण्डकाव्य 'त्यो यौटा अजेय शिखर मधुकर' को कथाबस्तु कविकल्पित कथावस्तु हो । यस काव्यको कथावस्तुमा शिखरलाई उभ्याएर शिखरकै माध्यमद्वारा काव्यनायक मधुकरको चिनारी दिने काम गरिएको छ । शिखरकै वर्णन गर्ने सेरोफेरोमा कविले आफ्ना जीवनदर्शन, मानवतावादी दृष्टिकोण, समानताको नीति र सांसारिक विसङ्गतिका विविध पक्षहरू केलाएका छन् ।

कविले पहिलो पृष्ठबाट नै शिखरको विभिन्न विशेषताहरू केलाउन सुरु गरेका छन् । कविका अनुसार शिखर स्वाभिमान, आत्मसम्मान र आत्मगौरवको प्रतीक हो भने यसमा दिव्यता, भव्यता, सार्थकता समग्रता परिपूर्णता र सम्पन्नता जस्ता विशेषताहरू रहेका छन् । शिखर कण-कणको, जीवनको, समयको, युगको र आयुको समिश्रणद्वारा प्रयोगका निम्ति अनिवार्य र अपरिहार्य ठहरिएको छ । शिखर आफूमा आफैमा प्रकृतिको एक अंश हो त्यसैले यो हरित, पुष्पित, पल्लवित, प्रशस्त सम्पदाहरूद्वारा सुसज्जित, छहरा, छाँगाहरू एवम् आकर्षक घरहरूद्वारा र रमाइला गाउँहरूद्वारा सजिएको छ । शिखर प्राकृतिक दृष्टिले मात्र सिँगारिएको छैन बरु यसले त आफ्नै गर्भमा अनेक थरीका मानव उपयोगी सामग्रीको समेत पसल थापेको छ । साँच्चै यो त एउटा तपस्वी योगी जस्तो देखिन्छ जो कहिल्यै नचलमलाई ध्यान मुद्रामा मग्न भएको छ । शिखर मानवीय सम्वेदनशीलता अनि कर्तव्यबोध र आत्मानुशासनको प्रतीक हो, जसमा एकताको, शक्तिको, सौर्यको अनि साहसको गूढतम परिभाषा लुकेको छ । अनन्त आकाशतिर उन्मुख हुँदै जाने शिखर सह-अस्तित्त्व, सह-भावना र सह-अनुभूतिको प्रतीक पनि हो । विन्दु-विन्दु मिलेर बनेको आगाध सिन्धु कण-कण मिलेर अस्तित्वमा आउने शिखरकै सुन्दर रूप हो ।

सर्वाङ्ग सेवामा समर्पित हुने शिखरमा आरोहण गर्ने आरोहीलाई सरल र सुगम भए तापनि स्वयंम् शिखर झैँ धैर्यशील र अटल बनेर रहन भने मानिसका लागि अत्यन्त कठिन र दुःसाध्य पक्ष हो ।

यस खण्डकाव्यको पूर्व चरणको अन्त्यतिर आएर काव्यकार मानिसको अज्ञानता प्रति नै उपहास गर्दछन् । मानिसहरू शिखरमाथि चढ्छन्, उत्रन्छन् अनि शिखरलाई पराजित गरी छोड्यौँ भनेर खुसीले उफ्रन्छन्, कुद्छन् तर शिखर सर्वथा बेअसर छ, कहिल्यै झुक्दैन भन्ने कविको विचार छ । कविका अनुसार मानिस शिखरमा पुगेर पनि उत्रनै पर्छ तर शिखर अटल छ जहिले पनि आफ्नो शिरलाई ठाडो पारेर तल झर्न दिँदैन, त्यसैले जित मानिसको होइन शिखरको भएको छ भन्ने पक्षको जानकारी मानिसमा नभएकै आधारमा मानिस केही अज्ञानी पनि छ । जो चढे पनि, जो लडे पनि, जो उत्रिए पनि, जो उफ्रिए पनि शान्त, निर्द्वन्द्व, भव्य र सुन्दर स्वरूपमा कहिल्यै परिवर्तन नआउने शिखर साँच्चै विशाल छ, महान् छ अनि निश्चल छ । खण्डकाव्यको मध्यभागतिर काव्यकारले स्वयम् मधुकरलाई नै शिखरका रूपमा उभ्याएका छन् । जस्तैः **मधुकर पनि**

**एउटा**

**शिखर**

**थियो**

**सानो थियो**

**कलिलो थियो** ... (पृ.२२) ।

कविले मधुकरलाई शिखर जस्तै झुक्तै नझुक्ने, रुक्तै नरुक्ने, टुक्तँदै नटुक्तने, टुट्दै नटुट्ने र फुट्दै नफुट्ने स्वभाव भएको व्यक्तिका रूपमा चिनाएका छन् । मधुकरको बाह्य जीउडालको वर्णन गर्ने क्रममा उनले तमाम होचा अग्ला शिखरहरूबीच अपेक्षाकृत सानो र होचो शिखर थियो भन्दै मधुकरको उचाइलाई प्रस्ट पारेका कविले केही प्रसङ्गपछि लगत्तै मधुकर यस धर्तीमा नरहेका कारण इतिहास त्यसमा पनि अविस्मरणीय इतिहास बनेको चर्चा गरेका छन् । यति हुँदाहुँदै पनि कवि प्रेमप्रकाश काव्यनायक मधुकरलाई मरेर गएको भन्न नसकिने आधार पेस गर्छन् । उनका विचारमा पसिनाका सुनगाभा र रगतका लालीगुराँस फुलाएर आफ्नो सत्कार्यको परिचय दिने मधुकर उसका हरेक कार्यमा जीवित छ । हुन त ऊ एउटा ठूलो इतिहासको सानो पात्रसम्म नठहरिएला तर पनि ऊ कैयौं युवाहरूको ढुकढुकी हो अनि

युवामाझ निर्भीकताको परिचय हो । त्यसैले पनि मधुकर एउटा अविस्मरणीय इतिहास हो ।

खण्डकाव्यको अन्त्य खण्डतिर कविले जीवनका सशक्त पक्षलाई अँगालेर आफ्नै किसिमको जीवनदर्शन अभिव्यक्त गरेका छन् । कविका अनुसार मानवले शिखरको चरम विन्दुमा पुगेर मात्र सत्यम्, शिवम् र सुन्दरम्को सुन्दर रहस्य उद्घाटित भइरहेको देख्छ भने इच्छा ज्ञान र क्रिया यी तीन शक्तिद्वारा मात्र सृष्टिको शुभारम्भ हुन्छ । काव्यकार केवल उक्लनु, चढ्नु र अगाडि बढ्नुलाई मात्र प्रगतिको संज्ञा दिनुको साटो समतल धरातलमा तीव्रतम गतिले दगुर्नु पनि प्रगति गर्नु हो अथवा शिखर चढ्नु हो भन्ने मान्यता राख्दछन् । त्यसैगरी काव्यकार पाठकलाई सुझाव दिने क्रममा मानिस शिखर चढ्न धनका थैला हैन सफा मनका थैला बोकेर सक्षम हुन्छ भन्ने मनवादी दृष्टिकोण प्रस्ट पार्छन् । उनका अनुसार त शिखर अरूलाई लत्याएर हुत्याएर नभई सघाएर अथवा सुख दुःखमा साथ दिएर चढ्न सकिन्छ । काव्यकार यस विसङ्गतिपूर्ण समाजबाट केही दुःखी पनि देखिन्छन् । यहाँका मासिनहरू अरूलाई तल गिराएर अथवा अरूको खुट्टा तानेर आफूमाथि उक्लने प्रयास गर्छन् तर त्यो प्रक्रिया कविका विचारमा उक्लेको नभई तल झरेको र झन भन्दा झन् गिरेको स्थिति हो । कवि यहाँका धनी मानिसलाई गरिव देख्छन् अनि प्रगतिशील मानिसलाई अधोगतितर्फ उन्मुख देख्छन् । कविका विचारमा यहाँका धर्मात्माहरू पापात्मा हुन् अनि ज्ञानी गुणी मानिस अज्ञानी र बैगुणी हुन् । अन्ततः यस्ता विसङ्गत थलामा हुर्किरहेका सबै नेपालबासीलाई काव्यकारले शिखरको वास्तविकतालाई बुझी स्वयं शिखर जस्तै भएर सत्कार्य अथवा सत्मार्गमा लागी राष्ट्रको सेवा गरेका खण्डमा मात्र आफूलाई देवताको देश नेपालको बासिन्दा भनेर चिनाउन योग्य हुने सल्लाह दिँदै यस खण्डकाव्यको बिट मार्ने काम गरेका छन् ।

### ४.२.४.२ पात्रविधान

प्रेमप्रकाश मल्लको 'त्यो यौटा अजेय शिखर मधुकर' अत्यन्त थोरै पात्रहरूको प्रयोग गरिएको खण्डकाव्य हो । यसमा जम्मा दुईवटा पात्रहरूको उपस्थिति गराई उनीहरूकै वर्णन अथवा विशेषता बताउँदा बताउँदै काव्यलाई टुङ्ग्याइएको छ । हुन त

काव्यकारले सारा नेपालीबासीहरूलाई धनी मान्छे, गरिव मान्छे, पापिष्ट, धर्मात्मा, प्रगतिशील, ज्ञानवान् र गुणवान् मान्छे भनेर सम्बोधन गरेका छन् तर सम्बोधन गराइले मात्र उनीहरूलाई पात्रका रूपमा चर्चा गर्न सकिँदैन । अतः यस खण्डकाव्यमा चर्चा गर्न योग्य जम्मा दुई पात्र रहेका छन् ती हुन् क) शिखर र ख) मधुकर ।

यसखण्डकाव्यमा मधुकरलाई पनि एउटा शिखरकै रूपमा उभ्याइएको छ । फेरि पनि पृष्ठ बाईसदेखि उसको स्वतन्त्र अस्तित्त्वलाई समेत कोट्याई मधुकरको मृत्यको प्रसङ्गसमेत जुराइएको हुँदा शिखर जस्तै स्वाभिमान मधुकरलाई छुट्टै पात्रका रूपमा उल्लेख गरिनु जरुरी देखिन्छ ।

**क) शिखर**

प्रस्तुत खण्डकाव्यमा शिखर मानवेतर पात्रका रूपमा सुरुदेखि अन्त्यसम्म नै देखा परेको छ । शिखर यथास्थितिको प्रतीक हो, जो कहिल्यै झुक्तैन, भाँचिन्न र टुक्तन्न । शिखर आफ्नो छातीमा जो चढे पनि, उत्रिए पनि र उफ्रिए पनि शान्तसँग निर्द्वन्द्व भएर सिहिदिन्छ । त्यसैले शिखर स्वयंम्मा विशाल र महान् पात्र हो । मानिसलाई सत्यम्, शिवम्, सुन्दरम्को रहस्य उद्घाटन गराउने शिखरले धनका थैलाभन्दा भावनैभावनाले भरिएका गह्रुङ्गा मनका थैला बोकेकालाई आफूमाथि आरोहण गराउँछ । काव्यको अन्त्यतिर आएर कविले शिखरको वास्तविक स्वरूप प्रकट गर्दै शिखरलाई पहाडको चुचुरो भन्दा बढी उन्नति र प्रगतिको प्रतीकका रूपमा चर्चा गरेका छन् । त्यसैले शिखर स्वाभिमान, आत्मासम्मान र आत्मगौरवको विशेषता बोकेको मानवेतर पात्र हो ।

**ख) मधुकर**

यस खण्डकाव्यको एक मात्र मानव पात्र मधुकर हो । मधुकर यस खण्डकाव्यको बीचतिर (पृष्ठ २२ बाट) आएर बीचमै हराएर जाने पात्र हो । उसलाई एक शिखरका रूपमा परिचित गराउँदै उसको बानीव्यवहार र अन्य क्रियाकलापको सामान्य चर्चा गरिएको छ । मधुकरको वर्णन गर्ने क्रममा उसको शारीरिक बनोट र उचाइको समेत चर्चा भएको छ । काव्यकारका अनुसार मधुकर अपेक्षाकृत सानो र होचो शरीर भएको व्यक्ति हो । सत्कार्यमा लाग्नु र राष्ट्रको सेवा गर्न मन पराउनु मधुकरका निजी विशेषता हुन् ।

अन्ततः मधुकर यस खण्डकाव्यको मानव र मानवभित्र पनि पुरुष सत्पात्र हो, जसको  भूमिका काव्यको कथावस्तु विकासमा अपरिहार्य रहेको छ ।

### ४.२.४.३ परिवेशविधान

परिवेशविधान अर्थात् वातावरण, काल र स्थानको दृष्टिकोणबाट प्रेमप्रकाश मल्लको 'त्यो यौटा अजेय शिखर मधुकर' काव्यलाई हेर्दा स्थान र वातावरणको चर्चा भएको छैन भने समयगत परिवेश भने थाहा पाउन सकिने अवस्था रहेको छ । खासगरी मधुकरको मृत्यु २०४० बैशाख पछि लेखिएको प्रस्तुत कृतिमा मधुकरको मृत्युअघि र मृत्युपछिको दुवै समयको चर्चा भएको छ । यसमा मधुकरको उमेरको खास कुनै विन्दुबाट कृतिको प्रारम्भ भएको छ भन्न सकिने अवस्था नरहे पनि मोटामोटी रूपमा खण्डकाव्यकै कालगत परिवेश मधुकरको मृत्युअघिदेखि मृत्युपछिसम्मको समय हो भन्न सकिने अवस्था विद्यमान छ ।

### ४.२.५ केन्द्रीय कथन

प्रेमप्रकाश मल्लको खण्डकाव्य 'त्यो यौटा अजेय शिखर मधुकर' प्रकृतिलाई पात्रका रूपमा उभ्याएर त्यसैका सेरोफेरोमा कथावस्तुलाई डोऱ्याएको एक प्रकारको प्रकृतिकाव्य हो । यस काव्यमा कविका जाति पनि सारगर्भित एवम् ओजिला भनाइहरू, सन्देशहरू र जीवनदर्शनहरू छन् ती सबैलाई शिखरका आडमा भनिएको छ । वास्तवमा मानिस जति शिखर जस्तै निडर निर्भीक, स्वावलम्वी, महान् र शान्त अवस्थामा रही अरूको सेवामा समर्पित र सबैको लागि आकर्षक हुन सक्नु पर्छ भन्ने सन्देश बोकेको प्रस्तुत काव्यमा धनभन्दा मन ठूलो हो भन्ने मनवादी दृष्टिकोण प्रस्तुत भएको छ । जसरी शिखरले अरूलाई झुक्याएर लत्याएर नभई सहयोग गरेर उन्नतिको शिखरमा पुऱ्याउने वातावरण तय गर्छ ठीक त्यसै गरी मानिसहरूले पनि अर्काको खुट्टा तान्ने प्रवृत्तिलाई त्यागेर सहयोगी भावनाको विकास गर्नुपर्छ भन्ने भाव समेत प्रस्तुत काव्यमा काव्यकारद्वारा सँगालिएको छ ।

अतः यस खण्डकाव्यमा हामी मानव जाति अनि मानवजातिमा पनि विशेषतः शिखरवासी नेपालीहरू शिखर जस्तै निर्भीक, निस्वार्थी स्वावलम्वी,सहयोगी र शान्त

हुन सिक्नुपर्छ भन्ने मूलमर्म उजागर गरिएको छ । यही नै यस खण्डकाव्यको केन्द्रीय कथन वा भनाइ हो ।

### ४.२.६ भावविधान

त्यो एउटा अजेय शिखर मधुकर खण्डकाव्यमा अङ्गीरसका रूपमा शान्त रस एवम् अङ्ग,रसका रूपमा करुण रस, वीर रस आदिको प्रयोग गरिएको छ । यस कृतिमा सुरुदेखि करिव अन्त्यसम्म नै प्रायः स्थानमा शिखरको शुभ शान्त स्वरूपको वर्णन गरिएको आधारमा नै प्रस्तुत खण्डकाव्यको अङ्गीरस शान्त रस हुन गएको छ । निर्वेद स्थायी भाव हुने शान्त रसको उदाहरण यस प्रकार छ : **शिखर**

**जसको**

**चरम विन्दुमा**

**पुगेर**

**मानवले**

**सत्यम्**

**शिवम् र**

**सुन्दरम्को**

**सुन्दर**

**रहस्य**

**उद्घाटित**

**भइरहेको देख्छ**

**परम चैतन्य**

**परम वोध**

**र परम ज्ञानको प्राप्ति**

**भइरहेको**

**अनुभव गर्छ** ... (पृ. ३८,३९) ।

यसैगरी यस खण्काव्यका केही अंशमा कविले शिखरको उत्साह, साहस आदि प्रस्तुत गर्ने क्रममा उत्साह स्थायी भाव हुने वीर रसको समेत प्रयोग गरेका छन् ।

यसरी अङ्गरसका रूपमा प्रयोग भएको वीर रसको उदाहरण प्रस्तुत खण्डकाव्यबाट यसरी प्रस्तु गर्न सकिन्छ : **शिखर**

**कहिले झुक्तैन**

**भाँचिन्न**

**टुक्तन्न**

**झुक्ने**

**भाँचिने र**

**टुक्तिने वस्तु**

**शिखरै हुँदैन**......(पृ.१७) ।

यस कृतिमा पृष्ठ २२ बाट काव्यकारद्वारा मधुकरको चर्चा सुरु गरिएको छ र यही क्रममा मधुकरको मृत्युको समेत उल्लेख गरिएको छ । यसरी मधुकरको मृत्यु उल्लेख गरिने सन्दर्भमा शोक स्थायी भाव हुने करुण रसको सिर्जना भएको छ । यसरी अङ्गरसको रूपमा रहेको करुण रसको उदाहरण प्रस्तुत कृतिभित्रबाट यसरी प्रस्तुत गर्न सकिन्छ : **आज**

**मधुकर**

**यहाँ**

**धरतीमा छैन**

**किनकि उ अब**

**दृष्टिगत बन्न सक्दैंन**.......(पृ.२७)

### ४.२.७ जीवनदृष्टि

प्रेमप्रकाश मल्लद्वारा लिखित प्रस्तुत खण्डकाव्य 'त्यो यौटा अजेय शिखर मधुकर' मा विविध विचारलाई अँगालिएको पाइन्छ । यस कृतिमा मूलतः अध्यात्मवादी विचारले स्थान पाएको छ भने मानवतावादी विचारको पनि महत्त्वपूर्ण स्थान रहेको छ । त्यसैगरी कविले यसमा सांसारिक विसङ्गतिको समेत प्रतिनिधित्व गराएका छन् ।

प्रस्तुत खण्डकाव्य अध्यात्मवादी जीवनदृष्टिबाट प्रेरित देखिन्छ । कवि मानवले उन्नतिको शिखरमा पुगेपछि सत्यम्, शिवम् सुन्दरम्को रहस्य उद्घाटित भइरहेको

देख्छ भन्ने कुरामा विश्वस्त छन् । कविले काव्यको अन्त्यतिर आएर हामीले शिखरको सम्मान गर्न जानेमा र शिखर जस्तै सत्कर्मयोगी भएमा सुन्दर गजुरहरू भएका मन्दिरहरूको देशका बासिन्दा भनेर आफूलाई चिनाउन योग्य हुनेछौँ भन्दै आफ्नो अध्यात्मिक चिन्तनतर्फको झुकावलाई प्रस्ट्याएका छन् । कवि प्रेमप्रकाशको अध्यात्मिक विचारलाई प्रस्ट रूपमा ठम्याउन सकिने अंशलाई यसरी प्रस्तुत गर्न सकिन्छ,:

**विभिन्न निनादहरू**
**एउटै नादमा**
**समवेत बन्दछन्**
**त्यहाँ,**
**केवल शिव ॐ**
**शिव ॐ**
**शिवो SS'**
**शिबो SS' को**
**नाद ब्रह्मा**
**प्रणव**
**विद्यमान**
**रहन्छ**
**त्यहाँ**
**निराकार**
**निर्गुण**
**परब्रह्मा र**
**परमात्माको**
**सम्पूर्ण**
**वातायन**
**व्याप्त हुन्छ . . .** (पृ.३७, ३८) ।

त्यसैगरी यस काव्यमा कविको चिन्तन मानवतावादी विचार अभिव्यक्त गर्नसमेत उद्यत भएको छ । मानवले मानवलाई मानवकै रूपमा हेर्नुपर्छ, एकले अर्कालाई लत्याएर अथवा हुत्याएर होइन सहयोग र सहकार्य गरेर अगाडि बढ्नुपर्छ भन्ने मानवतावादी विचारको मूल सूत्र नै समातेर कविले यस खण्डकाव्यमा निम्नलिखित अभिव्यक्ति अघि सारेका छन्, **अरूलाई धक्याएर मुक्याएर**

**लत्याएर, हुत्याएर**

**होइन,**

**छातीमा लगाएर**

**सघाएर**

**अँगालोमा भरेर**

**एकअर्काको निम्ति**

**बाँच्न तयार रहेर**

**एक अर्काको निम्ति**

**मर्न तैयार भएर**

**अगाडि बढ्नु पर्छ** ...... (पृ.४४,४५) ।

यस खण्डकाव्यमा कविले, संसारका विविध विसङ्गति पक्षहरूलाई समेत औँल्याएका छन् । वास्तवमै मानिएको एउटा छ तर भइरहेको वास्तविकता अर्कै छ भन्ने विसङ्गतिवादी चिन्तनलाई खण्डकाव्यको निम्नलिखित अंशले समेट्छ :

**धनी मानिएका**

**मान्छेहरू**

**सबभन्दा**

**गरीव हुन सक्छन्**

.... **धर्मात्मा मान्छेहरू**

**सबभन्दा**

**पापात्माको कोटिमा**

**पर्न सक्छन्** (पृ. ४६) ।

यसरी देखा परेका विविध पक्षहरूलाई समेट्दै एउटा ठोस निष्कर्षस्वरूप 'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यमा अध्यात्मवादी र मानवतावादीका साथै सांसारिक विसङ्गत निराकरणसँग सम्बन्धित विचार वा जीवनदृष्टिको प्रयोग भएको छ भन्न सकिन्छ ।

### ४.२.८ सर्गयोजना

'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यमा काव्यशास्त्रीय मान्यता अनुरूपको सर्गविभाजन भएको पाइँदैन । यसभित्रको समग्र विषयवस्तुको अवलोकन गर्दा एउटै मात्र सर्ग मानेर अध्ययन गरिनु पनि त्यतिको उपयुक्त देखिँदैन । अतः यस खण्डकाव्यको आयाम एवम् विषयवस्तुगत मोडलाई ध्यानमा राख्दै जम्मा तीन सर्गमा विभाजन गरी यस खण्डकाव्यको विश्लेषण एवम् मूल्याङ्कन गरिनु बढी उपयुक्त ठहर्छ । खण्डकाव्यको पहिलो पृष्ठदेखि बाईसौँ पृष्ठसम्म काव्यकारले केवल शिखरका विविध विशेषताहरू मात्र उल्लेख गरेका छन् । यहाँसम्मको स्थितिमा कुनै पनि पाठकले काव्यको उद्देश्य वा लक्ष्य के हो भन्ने कुरा बुझ्न सक्दैन । बरु केवल शिखरकै वर्णन गर्नु नै मात्र काव्यको लक्ष्य हो कि भन्ने आशङ्का उब्जिएको हुन्छ । यसरी काव्यको मूल मर्मसँग खासै नछोइएको अंश भएका आधारमा र काव्यको आयामलाई समेट्दा झण्डै बीचखण्ड भेट्न खोजेका कारणले गर्दा पनि पृष्ठ एकदेखि पृष्ठ बाईससम्मको खण्डलाई पहिलो सर्ग मानिनु उपयुक्त हुन्छ ।

त्यसैगरी पृष्ठ बाईसदेखि यस खण्डकाव्यले नयाँ मोड लिन्छ । यही पृष्ठ बाईसको अन्तिम पङ्क्तितिर एक मात्र मानवीय पात्र मधुकरको जीवनका अनेक पक्षहरूको वर्णन सुरु हुन्छ । उसलाई एउटा सानो शिखरको रूपमा उभ्याइको छ, अनि उसको शारीरिक बनोटलाईसमेत खुलाइएको छ । मधुकरद्वारा हुन गएका सत्कार्यहरूको बयानसमेत यसैखण्डमा गरिएको छ ।

दोस्रो सर्गलाई मधुकरको जीवनविशेषलाई ध्यानमा राखी पृष्ठ पैतींससम्म तन्काउन सकिन्छ भने पृष्ठ छत्तीसदेखि कविको जीवनदर्शन र काव्यको मूलमर्म सुरु भएको आधारलाई केन्द्र मानेर तेस्रो सर्गको प्रारम्भ भएको मान्न सकिन्छ । यस खण्डमा कविले आफ्नो अध्यात्मावादी जीवनदृष्टिलाई प्रस्तुत गरेका छन् भने उनको

मानवतावादी विचारले पनि यही आएर फक्रने मौका पाएको छ । त्यसैगरी सांसारिक विसङ्गत पक्षको उद्घाटन र त्यसको सुधारको अपेक्षा राखेका कविले यसै खण्डमा शिखर चढ्नु र झर्नुको वास्तविक परिभाषा, शिखरको वास्तविक चिनारी, मानिस अझ मानिसमा पनि नेपालीले गर्नुपर्ने कर्तव्यहरूको समेत खुलासा गरेका छन् । यी विविध पक्षहरू समेटेकै आधारमा तेस्रो सर्ग यस खण्डमा अत्यन्त महत्त्वपूर्ण सर्गका रूपमा सावित भएको छ ।

सर्गविधानको निष्कर्षस्वरूप भन्नुपर्दा यस खण्डकाव्यमा काव्यशास्त्रीयमान्यता बमोजिमको सर्गविभाजन नपाइए तापनि कथावस्तु र आयामलाई दृष्टिगत गर्दै पहिलो सर्गमा शिखरको विशेषता, दोस्रो सर्गमा मधुकरको परिचय र तेस्रो सर्गमा काव्यकारको जीवनदृष्टिमा केन्द्रित भई जम्मा तीनसर्गमा विभाजन गरिनु बढी सान्दर्भिक ठहर्छ ।

## ४.२.९ कथनपद्धति

प्रेमप्रकाश मल्लको 'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यमा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग भएको छ । यस काव्यको कुनै पनि अंशमा कवि स्वयम् पात्रका रूपमा उपस्थित भएका छैनन्, तथापि काव्यका सम्पूर्ण विषयवस्तुका व्याख्याता कवि स्वयम् नै हुन् । विशेषगरी काव्यको अन्तिम खण्डतिर कविले व्यक्त गरेको जीवनदर्शनमा कुनै पनि औपचारिक पात्रको समेत प्रयोग नगरी कविकै चेतनाप्रवाहले स्थान पाएको छ ।

अन्ततः प्रस्तुत खण्डकाव्यमा कवि स्वयम् पात्रका रूपमा प्रस्तुत नभई विषयवस्तुको वाचक भएका कारण अप्रत्यक्ष कविप्रौढोक्तिको प्रयोग भएको छ ।

## ४.२.१० लयविधान

खण्डकाव्यलाई रोचक र पठनीय बनाउनका लागि आवश्यक पर्ने तत्त्व लयविधान हो । काव्यशास्त्रीय मान्यताका आधारमा खण्डकाव्यमा बद्धलय र मुक्तलय गरी दुई किसिमका लयविधानको प्रयोग गरिएको पाइन्छ । यी दुई लयगत प्रकारहरूमा पनि प्रायः खण्डकाव्यमा वद्धलयकै प्रयोग बढी भेटिन्छ भने केही खण्डकाव्यहरू मुक्तलयमा समेत लेखिएका छँदै छन् । प्रेमप्रकाश मल्लको 'त्यो यौटा अजेय शिखर

मधुकर' खण्डकाव्यमा अन्तरअनुप्रास, अन्त्यानुप्रास, आद्यानुप्रास र मध्यानुप्रासजस्ता अनुप्रासगत विविधताका कारण सशक्त लयात्मकताको सिर्जना भए पनि मुक्तलयको प्रयोग गरिएको छ ।

### ४.२.११ आयाम

खण्डकाव्यलाई विश्लेषण गर्ने आवश्यक तत्त्वहरू मध्ये 'आयाम' पनि एक हो । आयामका दृष्टिबाट 'त्यो यौटा अजेय शिखर मधुकर' माथि दृष्टिगत गर्दा जम्मा पृष्ठ १ देखि पृष्ठ ९९ मा समेटिएको प्रस्तुत खण्डकाव्यको आकार मध्यम प्रकारको मान्न सकिन्छ । यस खण्डकाव्यमा पृष्ठ ४८ सम्म अङ्क दिएरै पृष्ठ सङ्ख्या तोकिएको छ भने उनन्चासौँ पृष्ठलाई पृष्ठसङ्ख्या नदिई फूलको आकारमा सिँगारिएको छ ।

आयामकै आधारमा प्रस्तुत खण्डकाव्यलाई नियाल्दा एक अक्षरे शब्ददेखि सात अक्षेर सम्मका शँदहरू प्रयोग भएका छन् । खण्डकाव्यभित्र एकै मात्र अक्षरको सिङ्गै एउटा पङ्क्ति निर्माण गरिएको छ, जस्तै, र (पृ.१), यो (पृ.९), उ(पृ.१८०), र (पृ.१९) आदि । यस खण्डकाव्यमा त्यति लामा पङ्क्तिहरू समेत पाँदैनन् । सबैभन्दा धेरै एक शब्दीय पङ्क्ति प्रयोग भएको प्रस्तुत खण्डकाव्यमा पङ्क्तिपुञ्ज वा अनुच्छेद विभाजनको कुनै सङ्केत गरिएको छैन । यदि बीच-बीचमा प्रयोग भएका पूर्ण विरामको सहयोगले पङ्क्तिपुञ्जको सङ्ख्या निर्धारण गर्ने हो भने उन्चास पृष्ठे प्रस्तुत खण्डकाव्यमा जम्मा बत्तीस पङ्क्तिपुञ्ज रहेको पाइन्छ ।

### ४.२.१२ विम्बप्रतीकविधान

प्रेमप्रकाश मल्लद्वारा लिखित खण्डकाव्य 'त्यो यौटा अजेय शिखर मधुकर' मा काव्यसुन्दरताका लागि विभिन्न विम्बप्रतीकको प्रयोग गरिएको छ । प्रस्तुत खण्डकाव्यमा बढी मात्रामा प्राकृतिक विम्बहरूको प्रयोग गरिएको छ भने सांस्कृतिक, राजनैतिक र सामाजिक विम्बहरू कममात्रामा पाइन्छन् । यसरी प्रयोग भएका विम्बहरूमा काव्यकै नाम एवम् काव्यभित्र पनि बारम्बार दोहोरिरहेको शब्द शिखर हो । यस शिखर शब्दलाई प्राकृतिक विम्बका रूपमा प्रस्तुत गर्न सकिन्छ । त्यसैगरी अर्को प्राकृतिक विम्ब 'धरती' (पृ.३४) हो भने 'पसिनाका सुनगाभा' रगतका लालीगुराँस' (

पृ.२९.३०) भनेर उल्लेख गरिँदा देखा परेको 'सुनगाभा' र 'लालीगुराँस'लाई पनि विम्बकै रूपमा स्विकार्न सकिन्छ ।

प्रतीकविधानका दृष्टिले प्रस्तुत खण्डकाव्यको विषयवस्तुलाई हेर्दा पृष्ठ ३६ मा प्रयोग भएको 'श्वेत' शब्दले 'सेतो रङ' विशेषको अर्थ नदिएर सफा भन्ने प्रतीकात्मक अर्थ दिएको छ । त्यसैगरी काव्यको मध्यतिर आएको 'आँखा खोलेर (पृ.३२) पदावलीले भएउका आँखा खोल्ने भन्ने सोझो अर्थ नदिई 'ध्यान दिएर' भन्ने प्रतीकात्मक अर्थ वहन गरेको छ । यसै काव्यमा उज्ज्वल नक्षेत्र (पृ. ३६) भन्ने पदावली प्रयोग भएको छ । जसको. अभिधात्मक अर्थ 'उज्यालो तारा' भए पनि काव्यमा यसको प्रयोग 'उज्यालो तारा' भन्ने अर्थमा नभई सतकार्य गरेर परिचित भएका मधुकरलाई सम्बोधन गरिएको छ । त्यसैले यस पदावलीलाई समेत प्रतीकात्मक अर्थ वहन गर्ने शब्दका रूपमा लिन सकिन्छ ।

### ४.२.१३ अलङ्कारविधान

'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यमा शब्दका तहमा र अर्थका तहमा दुवै स्तरमा भएको चमत्कार अथवा विन्यास कौशलबाट सौन्दर्यको सिर्जना भएको छ । यस अर्थमा प्रस्तुत खण्डकाव्यमा शब्दाङ्कार र अर्थालङ्कार दुवैको प्रयोग भएको छ ।

काव्यकार प्रेमप्रकाश मल्लले प्रस्तुत काव्यमा आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, छेकानुप्रास लगायतका विभिन्न शब्दालङ्कारको प्रयोग गरेका छन्, जसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ,

**......... नेपाली थियो**<br>
**हिमाली थियो**<br>
**झुक्तै नझुक्ने**<br>
**रुक्तै नरुक्ने**<br>
**टुक्रदै नटुक्रने**<br>
**टुट्दै नटुट्ने**<br>
**फुट्दै नफुट्ने**<br>
**तमाम अग्ला होचा**

**शिखरहरू बीच एउटा**

**अपेक्षाकृत सानो र**

**होचो शिखर थियो** .... (पृ. २३, २४) ।

माथिको उदाहरणमा पाँचौ र छैँटौ पङ्क्तिमा 'ट' वर्णको आवृत्ति भएका कारण आद्यानुप्रासको सिर्जना भएको छ भने पहिलो र दोस्रो पङ्क्तिमा 'नेपाली' र 'हिमाली' मा 'आली'को पुनरावृत्ति भएका कारण मध्यानुप्रासको सिर्जना भएको छ । त्यसैगरी पहिलो र दोस्रो पङ्क्तिकै अन्त्यमा 'थियो' शब्द दोहोरिएका कारण अन्त्यानुप्रास भएको छ भने तेस्रो र चौथो पङ्क्तिमा 'झुक्दै' र 'रुक्तै' छैठौँ र सातौँ पङ्क्तिमा 'टुट्दै' र फुट्दै' जस्ता श्रुतिसमभिन्नार्थक शब्द रहेकाले यमक अलङ्कारको सिर्जना भएको छ । यसरी शब्दका तहमा विभिन्न अलङ्कारको सिर्जना गर्ने कविले प्रस्तुत काव्यमा विविध अर्थालङ्कारको समेत प्रयोग गरेका छन्, जसलाई तल लेखिए बमोजिम व्याख्या विश्लेषण गर्न सकिन्छ ।

प्रस्तुत काव्यमा मधुकरलाई शिखरका रूपमा आरोप गरेका कारण 'मधुकर पनि एउटा शिखर थियो' (पृ.२२) भन्ने अंशमा रूपक अलङ्कारको प्रयोग भएको छ भने 'पसिनाका सुनगाभा' 'रगतका लालीगुराँस' (पृ.२९, ३०) भन्दासमेत रूपक अलङ्कारको सिर्जना हुन गएको छ । यसरी नै मान्छे आफ्ना काममा र नाममा बाँच्छ (पृष्ठ ३१) भन्ने उदाहरणमा जीवनको स्वभाविक पक्षलाई उद्घाटन गरिएको हुँदा स्वभावोक्ति अलङ्कारको सिर्जना भएको छ भने शिखरलाई पहिले निर्निमेष हेरौँ, शिखरसँग वात मारौँ, कुरा गरौँ (पृ.४८) भन्दै कविले अपत्यारिला प्रसङ्गहरूको सिर्जना गर्दै अतिशयोक्ति अलङ्कारको प्रयोग गरेका छन् ।

यसरी प्रस्तुत खण्डकाव्यमा कविले अभिव्यक्तिगत सौन्दर्य सिर्जना गर्न विविध विम्बप्रतीकको उपयोग गर्नुका साथै आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास जस्ता शब्दालङ्कार र रूपक, अतिशयोक्ति, स्वभावोक्ति जस्ता अर्थालङ्कारहरूको समेत उचित प्रयोग गरेका छन् ।

### ४.२.१४ भाषाशैली

खण्डकाव्यमा प्रयोग गरिएको भाषा र त्यस भाषालाई प्रयोग गरिएको शिल्पमा के कस्ता विशेषता पाइन्छन् भन्ने कुराको अध्ययन नै भाषाशैलीमा हुने गर्छ । 'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यमा विभिन्न स्रोतका शब्दहरू प्रयोग गरी भाषिक विविधता अँगालिएको पाइन्छ भने काव्यमा देखा परेको अनुप्राससम्बन्धी संयोजनले शैलीपक्षलाई समेत दह्रो रूपमा प्रस्तुत गरेको छ ।

शब्द ढुकुटीका आधारबाट प्रस्तुत खण्डकाव्यको मूल्याङ्कन गर्दा यसको शीर्षकमै तत्सम र तद्भव शब्दको मात्र उपस्थिति पाइन्छ भने काव्यभित्र समेत तत्सम शब्दकै बाहुल्य छ । प्रस्तुत खण्डकाव्यको शीर्षक 'त्यो यौटा अजेय शिखर मधुकर' मा संस्कृतको तत्बाट 'त्यो' र 'एक'बाट 'यौटा' भई ती शब्द तद्भवको स्वरूप ग्रहण गरेका छन् भने अजेय, शिखर र मधुकर तीनवटै शब्दहरू तत्सम हुन् । त्यसैगरी कृतिभित्र पनि दिव्य (पृ.१), वृक्ष (पृ.३) यत्र तत्र (पृ.४), मोहक (पृ.५) सौर्य ( पृ.८) सर्वाङ्ग (पृ.१२), पुष्पित (पृ.१४) सत्यम्, शिवम्, सुन्दरम् (पृ.३८) लगायतका अधिकाङ्श शब्दहरू संस्कृत तत्समसँग सम्बन्धित छन् ।

'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यमा तत्सम शब्दको बाहुल्य हुँदा-हुँदै पनि जनजिब्रा प्रचलित र आगन्तुक शब्दहरूको समेत उपस्थिति देखिन्छ । त्यस्ता शब्दहरूमा तिखारिँदै, निखारिदैँ (पृ.८) लौ (पृ.१६), थैला (पृ.४४) लगायतका शब्दहरूका साथै लालसा, बेअसर, बातजस्ता शब्दहरूलाई लिन सकिन्छ ।

पदवर्गका दृष्टिले प्रस्तुत खण्डकाव्यको अवलोकन गरिँदा यस खण्डकाव्यमा सबैभन्दा धेरै क्रियाविशेषण पदको प्रयोग भएको छ भने नाम र क्रियाको प्रयोग पनि ठाउँ ठाउँमा भएकै छ । नामयोगी सर्वनामको प्रयोग यस खण्डकाव्यमा गरिए तापनि यी पदवर्ग कमै मात्रामा प्रयोगमा आएका छन् ।

यस खण्डकाव्यमा सबैभन्दा बढी एक शब्दका पङ्क्तिहरूको प्रयोग भएको छ भने शब्दभित्र पनि एक अक्षरदेखि सात अक्षरेसम्मका शब्दहरू रहेका छन् । एउटै अक्षरले समेत सिङ्गो पङ्क्तिको भूमिका निर्वाह गर्न सक्ने भाषिक कला देखाइएको

प्रस्तुत खण्डकाव्यमा टम्म, गम्म, डम्म (पृ.१६) जस्ता अनुकरणात्मक शब्दहरूले काव्यिक अंशलाई नै श्रुतिमाधुर्यले युक्त बनाइदिएका छन् ।

विभिन्न शब्दालङ्कार र अर्थालङ्कारले सुसज्जित प्रस्तुत खण्डकाव्यमा अभिव्यक्तिगत शैली पनि निकै सबल मानिन्छ । थोरै शब्दबाट धेरै कुरा भन्ने क्षमता भएका प्रेमप्रकाशले यस काव्यमा समेत सोही प्रक्रिया अँगालेका छन् । कवितामा आवश्यक पर्ने सूत्रात्मक भाषाको प्रयोग कविले यस काव्यमा सौन्दर्यपूर्ण तवरले प्रयोग गरी अभिव्यक्तिगत चमत्कार निम्त्याएका छन् । कवितामा अनुपयुक्त मानिने वर्णनात्मक भाषालाई वर्जित गरेका काव्यकार प्रेमप्रकाश मल्लले वर्ण वा शब्दको उल्टो प्रयोग गरेर (पृ.१६) तथा सरल शब्दहरूलाई दोहोऱ्याएर, तेहेऱ्याएरसमेत काव्यिक चमत्कार देखाएका छन् ।

यसरी तत्सम, तद्भव र आगन्तुक सबै स्रोतबाट शब्दागमन भएको प्रस्तुत खण्डकाव्यमा अलङ्कारिक भाषा, सूत्रात्मक शैली, अनुकरणात्मक शब्द आदिका कारण शैलीशिल्प पक्ष सबल भएको छ । यस आधारमा प्रस्तुत खण्डकाव्य भाषाशैलीका दृष्टिले सफल छ ।

### ४.२.१५ निष्कर्ष र मूल्याङ्कन

प्रेमप्रकाश मल्लद्वारा लेखिएको खण्डकाव्य 'त्यो यौटा अजेय शिखर मधुकर' कृति वि.सं. २०४० मा लेखिई वि.सं. २०४२ मा नेपाल युवक सङ्गठन, केन्द्रीय कार्यसमिति ललितपुर जाउलाखेलद्वारा प्रकाशित खण्डकाव्यस्तरको कृति हो । देवकोटा र लेखनाथ जस्ता नेपाली काव्य जगतका महान् प्रतिभाहरूद्वारा प्रेरित भई लेखिएको प्रस्तुत खण्डकाव्यमा कवि-उत्पाद्य विषयवस्तुको प्रयोग भएको छ । प्रकृतिप्रेमी कविको शिखरसम्बन्धी सुन्दर वर्णन स्वयं काव्यकारका छोरा मधुकरको सङ्क्षिप्त चर्चा र कविको आफ्नै जीवनदर्शनलाई काव्यिक विषयवस्तु बनाएको यस कृतिमा शिखर र मधुकरलाई पात्रको रूपमा उपयोग गरी मधुकरको जीवनअघि र जीवनपछिको दुवै परिवेशलाई समेट्ने काम गरिएको छ । हामी सम्पूर्ण मानवजाति नै स्वावलम्बी, शान्त निडर, निर्भीक र परहितमा समर्पित हुनुपर्छ भन्ने केन्द्रीय कथन अँगालेको प्रस्तुत खण्डकाव्यमा शान्त रसलाई अङ्गीरस एवम् वीर रस र करुण रसलाई अङ्ग रसका

रूपमा स्विकार्दै अध्यात्मवादी एवम् मानवतावादी जीवनदृष्टिको उपयोग गरिएको छ । पूर्वीय काव्यमान्यताअनुसार कुनैपनि सर्गयोजना निर्माण नभए तापनि विषयवस्तुका आधारमा तीन सर्गमा विभाजन गर्न सकिने 'त्यो यौटा अजेय शिखर मधुकर' कृतिमा कविप्रौढक्ति उक्तिसंरचना पाइनुका साथै मुक्तलयको प्रयोग भएको छ भने उन्चास पृष्ठको मध्यम आयाममा विविध विम्ब, प्रतीक, शब्दालङ्कार र अर्थालङ्कारजस्ता काव्यका आभुषणहरूको प्रयोगले काव्य श्रुतिरम्य, पठनीय र रोचक बन्न पुगेको छ । भाषाशैलीका दृष्टिले समेत प्रभावकारी स्विकारिएको प्रस्तुत खण्डकाव्य 'त्यो यौटा अजेय शिखर मधुकर'मा मौलिक र आगन्तुक दुवै स्रोतबाट शब्दहरू उपयोगमा ल्याइएका छन् अनि स्थानीय बोलीभाषाको प्रयोग पनि निकै सरल, सरस र सूत्रमय तवरले गरिएको छ ।

प्रेमप्रकाश मल्लद्वारा लिखित 'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्यको समग्र मूल्याङ्कन गर्दा पूर्वीय काव्यशास्त्रीय नियम बमोजिमका केही खण्डकाव्यीय तत्त्वहरूमा सामान्य कमजोरी देखिए तापनि अभिव्यक्तिगत सौन्दर्य एवम् सूत्रमय भाषा र विविध अलङ्कारको समुचित प्रयोगले काव्य सफल देखिन्छ । नेपाली खण्डकाव्यका फाँटमा देखापरेका कृतिहरूका समीपमा राखेर प्रस्तुत खण्डकाव्यको मूल्याङ्कन गर्दा देवकोटाका 'मुनामदन' र 'कुञ्जिनी' जस्ता उच्चस्तरका खण्डकाव्यका तुलनामा कमजोर भेटिए तापनि प्रयोगवादी एवम् अन्य कतिपय खण्डकाव्यभन्दा यसलाई माथि नै राख्न सकिने प्रशस्त आधारहरू रहेकै कारण 'त्यो यौटा अजेय शिखर मधुकर' खण्डकाव्य मध्यमस्तरको खण्डकाव्य हो ।

## ४.३ 'अनुभूतिका स्वरहरू' काव्यको विश्लेषण एवम् मूल्याङ्कन

प्रेमप्रकाश मल्लद्वारा लेखिएको 'अनुभूतिका स्वरहरू' काव्य वाणी प्रकाशन समूह विराटनगरद्वारा वि.सं. २०४५ मा प्रकाशित कृति हो । जम्मा ७४ पृष्ठमा संरचित यस कृतिलाई दुई खण्डमा बाँडिएको छ, जसमध्ये पहिलो खण्डले मुक्तक विशेषलाई समेटेको छ भने दोस्रो खण्ड गजल र गीतसँग सम्बन्धित छ । यस कृतिको सूक्ष्म विश्लेषण एवम् मूल्याङ्कनका लागि यी दुई खण्डलाई अलगअलग राखेर चर्चा गरिनु आवश्यक छ ।

### ३.३.१ 'अनुभूतिका स्वरहरू'भित्रका मुक्तकहरूको विश्लेषण एवम् मूल्याङ्कन

'अनुभूतिका स्वरहरू' दुई खण्डमध्ये पहिलो खण्ड मुक्तकसँग सम्बन्धित छ । हुनत यस कृतिको प्रकाशकीयमा एवम् कवि आफैले मनका कुरा व्यक्त गर्ने क्रममा कृतिका मुक्तहरूलाई टुक्राका रूपमा सम्बोधन गरेका छन्, तर नेपाली कविता भाग ४ मा मुक्तक हुनाका लागि क) जीवनजगत् सम्बन्धित अति छोटो विषयवस्तु ख) दुई, चार वा बढीमा पाँच सात चरण (पाउ) को विषम आवृत्तिका साथै कुनै एक बद्ध वा मुक्त लयात्मक ढाँचा, ग) अत्यन्त छोटो भाषिक रूप संरचना आदि तत्त्वहरू आवश्यक पर्ने उललेख गरिएको छ । यी मुक्तक हुन आवश्यक पर्ने सवैजसो तत्त्वहरू प्रस्तुत 'अनुभूतिका स्वरहरू' कृतिभित्रका टुक्राहरूमा समेत पाइने हुँदा कविताको लघुतम रूपअन्तर्गत पर्ने मुक्तकसँग सम्बन्धित रहेर यिनको विश्लेषण एवम् मूल्याङ्कन गरिनु आवश्यक मानिन्छ ।

मुक्तक कवितको लघुत्तम रूप हो । आयाम भावगत अभिव्यक्ति अथवा संरचनाका दृष्टिले मुक्तकलाई फुटकर कविताबाट अलग राखिए पनि मुक्तकमा आवश्यक पर्ने तत्त्वहरू सबै फुटकर कवितामा समेत पाइन्छन् भने अङ्ग्रेजी लगायतका साहित्यहरूमा मुक्तकलाई कविताकै सेरोफेरोमा मूल्याङ्कन गरिने हुँदा 'अनुभूतिका स्वरहरू' अन्तर्गतका मुक्तकहरूलाई समेत फुटकर कविताकै तत्त्वहरूद्वारा निम्नलिखित तवरले मूल्याङ्कन एवम् विश्लेषण गर्न सकिन्छ ।

#### ४.३.१.१ शीर्षक

'अनुभूतिका स्वरहरू' कृतिमा समावेश गरिएका एकसय एकाउन्न वटा मुक्तकहरूमा कसैमा पनि शीर्षक उल्लेख गरिएको छैन । सामान्यतया मुक्तक लेखनमा शीर्षक राख्ने प्रचलन कमै पाइन्छ । आजभोलि आएर मुक्तकको बोल वा सुरुको अंशलाई सुहाउँदो पाराले शीर्षकका रूपमा राख्ने प्रथा भने चलेको छ । यो आधारबाट हेर्दा प्रेमप्रकाश मल्लका मुक्तकहरूमा जम्मा एकसय एकाउन्नवटा शीर्षकलाई स्थापित गर्नुपर्ने हुन्छ तर स्वयम् कविले नै शीर्षकको कुनै व्यवस्था नगरेका आधारबाट 'अनुभूतिका स्वरहरू' भित्रका मुक्तकहरूको सेरोफेरोमा मूल्याङ्कन एवम् विश्लेषण गरिनु आवश्यक देखिदैन ।

#### ४.३.१.२ संरचना

कुनै पनि काव्यको संरचना भन्नाले त्यसको बनोट अथवा प्रकृतिलाई बुझाउँछ । संरचना मूलतः दुई किसिमका हुन्छन् । ती क) बाह्य संरचना र ख) आन्तरिक संरचना हुन् ।

प्रेमप्रकाश मल्लको 'अनुभूतिका स्वरहरू' अन्तर्गत सङ्कलन भएका मुक्तकहरूको बाह्य संरचनालाई विश्लेषण गर्दा मुक्तकमा प्रयोग भएका वर्ण, शब्द वा अनुच्छेद-योजना, मुक्तकको आकारगत आयाम, मुक्तकको पङ्क्ति सङ्ख्या, आदिका बारेमा विशेष समीक्षा गरिन्छ । जसलाई तल दिइए बमोजिम चर्चा गर्न सकिन्छ ।

'अनुभूतिका स्वरहरू' अन्तर्गतका मुक्तकहरूमा सबैभन्दा छोटो आकार स्वरूप एक अक्षरे हरफको सिर्जना भएको छ । बाह्रै मुक्तकमा प्रयोग भएको 'त्यो' (पृ.१४) आठ्चालीसौँ मुक्तकमा प्रयोग भएको 'र' (पृ.४८) त्रिपन्नौँ मुक्तकमा प्रयोग भएको 'र' (पृ.२४) आदिमा एक अक्षरे हरफको प्रयोग भएको छ । त्यसैगरी सबैभन्दा छोटो मुक्तक पृष्ठ एघारौँ सङ्ख्यामा उल्लिखित मुक्तक हो, जसलाई यसरी देखाउन सकिन्छ,

**नाङ्गो छु**

**त्यसैले बाङ्गो छु** (पृ.१३) ।

यस उदाहरणमा जम्मा नौ अक्षर, पाँच शब्द र दुई पङ्क्तिको संयोजनबाट एउटा सिङ्गो मुक्तकको निर्माण भएको छ । यो नै काव्यभित्रको सबैभन्दा छोटो आयाम भएको मुक्तकको उदाहरण हो ।

काव्यभित्रका सबैभन्दा लामा मुक्तकहरूमा एकाउन्नौँ, साठीऔँ र छयानब्बेयौँ मुक्तकहरू पर्दछन्, जसमा जम्मा दस-दस पङ्क्तिको प्रयोग गरिएको छ भने सबैभन्दा धेरै शब्द प्रयोग भएको पङ्क्ति त्रिहत्तरौँ मुक्तकको दोस्रो र छैठौं हरफ हुन् जसमा सात- सातवटा शब्दहरूको प्रयोग भएको छ ।

काव्यभित्र सङ्कलित मुक्तकहरूको आन्तरिक संरचनाअन्तर्गत कथनपद्धितिको माध्यम केन्द्रीय कथ्य लगायतका विषयवस्तु पर्दछन् । यस दृष्टिबाट सङ्कलित मुक्तकहरूलाई मूल्याङ्कन गर्दा केही मुक्तकहरू तृतीय पुरुषप्रधान (कविनिबवद्ध वक्तृ प्रौढोक्ति) कथन शैलीमा कथिएका छन्, जस्तै कवि र कलाकारलाई जसले .... मगज हुन्छ (पृ. ३७, सं.९५) नाङ्गो मान्छेको देश हुँदैन ...... हुन्छ (पृ.३६, सं.९९) आदि ।

यस कृतिका केही मुक्तकहरू प्रथम पुरुषप्रधान (कवि प्रौढोक्ति) कथन शैलीमा पनि लेखिएका छन्, जस्तै : **आँसु जस्तै तरल छु म**

**मुस्का जस्तै सरल छु म** (पृ. १३, सं १०) ।

त्यसैगरी 'अनुभूतिका स्वरहरू' भित्रका मुक्तकहरू का केन्द्रीय भावलाई मूल्याकङ्न गर्दा प्राकृतिक सुन्दरता, पीडादायी वर्तमानप्रतिको असन्तुष्टि, सामाजिक विसङ्गतिको विरोध, आदर्शमय जीवनको कल्पना र आत्मक्रन्दन जस्ता विविध पक्ष यसमा समेटिएका छन् र मुक्तकहरूमा छोटा आयामका भईकन पनि चट्याङजस्तै चोटिला छन् भन्न सकिन्छ ।

### ४.३.१.३ लयविधान

'अनुभूतिका स्वरहरू' भित्रका मुक्तकमा सरल र सुललित गद्य लयको प्रयोग भएको छ । मक्तकहरूमा देखा परेका अन्त्यानुप्रास र अन्तरानुप्रासले मुक्तकहरूलाई श्रुतिरम्य बनाएका छन् भने आद्यानुप्रास र मध्यानुप्रासको प्रयोगका कारण ती अझ प्रभावकारी बन्न पुगेका छन् । सङ्गृहीत मुक्तकहरूमा कतै अनुकरणात्मक शब्द एवम् कतै उपयुक्त निपातको प्रयोगले लयात्मक वृद्धिमा थप सहयोग पुऱ्याएको छ ।

यसरी प्रस्तुत काव्यभित्रका मुक्तकहरूमा सरल, सरस एवम् श्रुतिमधुर मुक्तलय विधानको प्रयोग भएको छ ।

### ४.३.१.४ भाषाशैली

प्रस्तुत कृति 'अनुभूतिका स्वरहरू' काव्यभित्र सङ्ग्रहित मुक्तकहरूमा विविध अनुप्रासीय शैलीगत श्रुतिमाधुर्य छदै छ भने थोरै शब्दहरूको संयोजनबाट धेरै कुराहरू प्रस्ट्याउन सकिने सूत्रात्मक प्रक्रियाको अङ्गीकारसमेत प्रेमप्रकाश मल्लद्वारा हुन गएको छ । 'मल्लका 'अनुभूतिका स्वरहरू'' कतैकतै त विजुलीका नाङ्गा तारहरू नै हुन्, जसलाई छोयो भने झट्का लाग्छ[४८] भन्ने अभिव्यक्तिले समेत प्रेमप्रकाशको चोटिलो एवम् प्रभावकारी भाषाशैलीको बारेमा प्रस्ट्याउँछ ।

---

[४८] तोया गौतम **'अनुभूतिका स्वरहरू', प्रेमप्रकाश र उनका अनुभूतिका स्वरहरू**, (विराटनगरः वाणी प्रकाशन समूह, २०५४) पृ. ५ ।

भाषाभित्रको फरक विश्लेषणीय आधार शब्दढुकुटी हो । शब्द ढुकुटीका दृष्टिबाट प्रेमप्रकाशका 'अनुभूतिका स्वरहरू'मा उल्लिखित मुक्तकहरू मौलिक र आगन्तुक दुवै प्रकारका शब्दहरूद्वारा सिर्जित पाइन्छन् । जनजीवनमा प्रचलित मौलिक शब्दमा हाय, उफ् (पृ.२०) हम्मे, हम्मे (पृ. २३) अलिकति, गुन्द्रुक (पृ.२२) रे (२७) जस्ता उदाहरणहरू पाउन सकिन्छ भने तत्समअन्तर्गत उज्ज्वल (पृ.१) धवल (पृ.१) शिखर (पृ..१४) आदि शब्दहरू पर्दछन् । यसरी नै यहाँ प्यार (पृ.२१) उधारो (२१), लगायतका आगन्तुक शब्दहरूको समेत प्रयोग भएको छ ।

कवि प्रेमप्रकाशले अनुप्रास मिलाउने सिलसिलामा अथवा भाषिक मिठास ल्याउने प्रसङ्गमा बोलीचालीको स्थानीय भाषिकालाई पनि ठाउँ-ठाउँमा प्रयोग गरेका छन् । आ'छ, गइ रा'छ (पृ.२०), कल्ले (पृ.३१) लगायतका बोलीचालीका पद-पदावलीको प्रयोग भएको यस कृतिमा चस्चस्ती (पृ.२५) धुरुधुरु (पृ.३८) जस्ता अनुकरणात्मक शब्दहरूले समेत ठाउँ पाएकै छन् ।

भाषाशैलीका दृष्टिले समग्र मुक्तकलाई मूल्याङ्कन गर्दा तत्सम, तद्भव, आगन्तुक झर्रा, अनुकरणात्मक एवम् बोलीचालीका शब्दलाई समेत आवश्यक ठाउँमा उपयोग गरिएका प्रेमप्रकाशका मुक्तकहरूमा विविध अलङ्कारले भरिपूर्ण, सुललित, सुकुमार कोमल एवम् सूत्रात्मक शैलीका कारण काव्यभित्र सङ्गृहीत मुक्तकहरू रोचक एवम् पठनीय सिद्ध भएका छन् ।

### ४.३.१.५ कथनपद्धति

'अनुभूतिका स्वरहरू' कृतिभित्र सङ्गृहीत मुक्तकहरूमा प्रथम पुरुष ( विप्रौढोक्ति) र तृतिय पुरुष (कविनिबद्धबक्तृप्रौढोक्ति) दुवै कथनपद्धतिको उपयोग गरिएको छ । कतिपय मुक्तकहरूमा कविले आफ्नै मनभित्रका पीडाहरू मुक्तकलाई माध्यम बनाएर व्यक्त गर्दा प्रथम पुरुषको सिर्जना हुन पुगेको छ ।

जस्तै : **मैले आजभोलि**
**यही एउटा कुरा**
**सोच्ने गरेको छु**
**मरी मरी बाँचेको छु**

**या बाँची बाँची  मरेको छु** (पृ.२९) ।

यस उदाहरणमा कवि स्वयम् 'म' का रूपमा उपस्थित भई आफ्नो जीवनयापन गर्ने प्रक्रियाबारे खुलस्त पारेका आधारमा प्रथम पुरुष (कविप्रौढोक्ति) कथनपद्धति अँगालिएको. छ ।

प्रथम पुरुष कथनपद्धति जस्तै तृतिय पुरुष कथनपद्धतिको उपयोग पनि सङ्गृहीत मुक्तकहरूमा भएकै छ । खासगरी जीवन यथार्थका बारेमा, वर्तमानप्रति असन्तुष्टि जनाउने सिलसिलामा, समाजका गलत विचार र  धारणाहरूको उद्घाटन गर्ने क्रममा अथवा मानिसको स्वार्थी स्वभावको वर्णन गर्ने क्रममा तृतीय पुरुष (कविनिबद्धवक्तृप्रौढोक्ति) को प्रयोग भएको छ । जस्तै : **अरू बेलामा**

**सही थाप्नेहरू**

**सही थापेर बस्दछन्**

**सङ्कटको बेलामा चैं**

**टाप कस्छन्** (पृ.४६) ।

यसरी प्रस्तुत 'अनुभूतिका स्वरहरू' कृतिभित्र सङ्गृहीत मुक्तकहरूमा प्रथम पुरुष (कविप्रौढोक्ति) र तृतीय पुरुष (कविनिवद्धवक्तृप्रौढोक्ति) दुवै कथनपद्धतिको उपयोग गरिएको छ ।

### ४.३.१.६ केन्द्रीय कथन तथा भावविधान

प्रेमप्रकाश  मल्लद्वारा लिखित 'अनुभूतिका स्वरहरू' भित्रका मुक्तकहरू मूलतः कविका आन्तरिक पीडा र तत्कालीन परिवेशप्रतिको असन्तुष्टिसँग केन्द्रित छन् ।

कविले मुक्तक शब्दहरूमा आफ्ना छटपटी, आत्मक्तन्दन, र  पीडाहरूलाई व्यक्त गर्दै समाजका मानिसलाई पीडा कम गर्नका लागि आवश्यक सर-सहयोगको समेत अपेक्षा गरेका छन् । यस  मुक्तकमा कविले वर्तमानप्रतिको असन्तृष्टि तत्कालीन समाज र समाजले गर्ने गलत क्रियाकलापको विरोध एवम् शहरका भीडमा आफन्तका नाताहरू हराएपछिको छटपटीसमेत  व्यक्त गरेका छन् । यस क्रममा उनले भनेका छन् :  **यो एक्लै एक्ला**

**घरहरूरुको सहर**

**यो काँडै काँडाको बस्ती**

**यहाँ मान्छे नै मान्छेको मुटुमा**

**विझिदिन्छ चस्चस्ती ।**

यसरी माथिको उदाहरणमा समेत मान्छेले मान्छेलाई नै काँडाको रूपमा हेर्ने सहरबासीहरूको अमानवीय प्रवृतिको वर्णन कविले गरेका छन् ।

यी सम्पूर्ण आधारहरूलाई हेर्दा सङ्गृहीत मुक्तकहरूको केन्द्रीय कथन मानवका अमानवीय प्रवृत्तिको विरोध र सुधारको अपेक्षा एवम् कविको आफ्नै छटपटी र त्यसबाट छुट्कारा पाउने उपायको खोजी हो भन्ने कुरा ठम्याउन सकिन्छ ।

प्रस्तुत सङ्ग्रहभित्रका मुक्तकहरू भावविधानका दृष्टिले समेत चर्चायोग्य छन् । यहाँ दिइएका एकसय एकाउन्नवटा मुक्तकहरू सबैमा एकै किसिमको भावविधान पाइँदैन त्यसैले भावगत विविधता नै 'अनुभूतिका स्वरहरू' भित्रका मुक्तकहरूको विशेषता हो भन्न सकिन्छ । प्रस्तुत गरिएका केही मुक्तकहरूमा सम स्थायी भाव हुने शान्त रसको उपयोग गरिएको छ । विशेषगरी प्राकृतिक सुन्दरताको एवम् राष्ट्रप्रेमका प्रसङ्गमा शान्त रस सिर्जना भएको छ । यस मुक्तक सङ्ग्रहको पहिलो मुक्तक नै शान्त रससँग सम्बन्धित छ ।

कतिपय मुक्तकहरूका भावलाई मध्यनजर गर्दा भय स्थायी भाव हुने भयानक रसको उपस्थिति पनि पाइन्छ । जस्तैः **मान्छेका दलहरू मिलेर मान्छेलाई तर्साउछन्** । त्यसैगरी वीर रसको प्रयोग भएका कतिपय मुक्तकहरूको उपस्थिति पनि छँदैछ ।

जस्तै : **पहाड कदापि निहुरन्न**

**नदी, केही गरेपनि रोकिन्न** (पृ. १२) ।

यी उल्लिखित रसविधानलाई छोडेर मधुकरको मृत्युले काव्यकारमा सिर्जित छटपटीमा करुण रस, कतै कतै वियोग शृङ्गार रस लगायतका अन्य रसहरूको सक्रियता पनि प्रस्तुत मुक्तकहरूमा पाइन्छ ।

यसरी जीवनका विकृति, विसङ्गति र आत्मक्रन्दनलाई केन्द्रीय कथनका रूपमा स्विकारेका प्रेमप्रकाशका मुक्तकहरूमा भावगत विविधता पाइन्छ ।

### ४.३.१.७ विम्बविधान तथा अलङ्कार

काव्यकार प्रेमप्रकाश मल्लले आफ्ना रचनाहरूलाई सारगर्भित र श्रुतिरम्य तुल्याउन विभिन्न किसिमका विम्ब एवम् अलङ्कारहरूको प्रयोग गरेका छन् । यसमध्ये पनि विम्बप्रयोगका दृष्टिले उनका मुक्तकहरूलाई समीक्षा गर्दा बढी मात्रामा प्राकृतिक विम्बहरूको प्रयोग गरिएको छ अनिमात्र पौराणिक सामाजिक विम्बहरूको उपयोग भएको छ । यसरी प्रयोग भएका विम्बहरूमा घाम, पानी, जमिन, (पृ.३३) हिमशिखर (पृ.१०) पहाड (पृ.१२) नदी (पृ.१२) जस्ता प्राकृतिक विम्ब प्रयोग भएका छन् । उनका मुक्तकहरूमा देवता, प्रभु (पृ.११) जस्ता पौराणिक विम्ब एवम् विस्कुन (पृ.३३), शहीद, पुजारी (पृ.१३) जस्ता अन्य विम्बहरूले पनि स्थान पाएका छन् । प्रतीकका दृष्टिले प्रस्तुत मुक्तकहरूको विश्लेषण गर्दा एघाँरौ मुक्तक नाङ्गो छु त्यसैले बाङ्गो छु (पृ.१३) । मा उल्लेख भएको 'बाङ्गो' शब्दले कवि आफू कतै कुनै रोगव्यथाले बाङ्गिएको नभई उनको अलि पृथक र नमिल्दो प्रवृत्तिलाई व्याख्या गरेको छ । यस आधारमा 'बाङ्गो' शब्द प्रतीकात्मक अर्थ वहन गरेर देखा परेको छ ।

'अनुभूतिका स्वरहरू' भित्र सङ्कलित मुक्तकहरूमा शब्दालङ्कार र अर्थालङ्कार गरी दुवै किसिमका अलङ्काकारहरूको उपयोग गरिएको छ, जसमध्ये शब्दालङ्कारको प्रयोगलाई निम्नबमोजिम चर्चा गर्न सकिन्छ : **कोही तर्दैछन्**

**कोही तार्दैछन्**
**तर्नेहरू कहाँ कहाँ पुगिसके**
**तार्नेहरू चैं**
**जहाँका तहीँ छन् ।**

माथिको उदाहरणमा पहिलो र दोस्रो हरफमा आएका कोही कोही आद्यानुप्रास हुन् भने तेस्रो हरफमा प्रयोग भएको 'कहाँ' शब्दको आवृत्तिका कारण मध्यानुप्रासको प्रयोग भएको छ । त्यसैगरी पहिलो र दोस्रो हरफको अन्त्यमा 'छन्' आवृत्तिका कारण अन्त्यानुप्रासको सिर्जना भएको छ ।

प्रेमप्रकाशका मुक्तकहरूमा शब्दालङ्कारको पनि प्रयोग भएको छ । जस्तै, **बादलहरू मिलेर पानी वर्साउँछन् मान्छेका दल मिलेर मान्छे तर्साउँछन्** (पृ. ४४) ।

माथिको उदाहरणमा बादल र दलले भिन्ना-भिन्नै अर्थ दिए पनि सुन्दा उस्तै सुनिने र क्रमले समेत उस्तै 'दल'को आवृत्ति भएका कारण यमक अलङ्कारको सिर्जना भएको छ ।

अनुभूतिका स्वरुहरूभित्र सङ्गृहीत मुक्तकहरूमा उपमा, रूपक, उत्प्रेक्षा, अतिसयोक्ति, स्वभावोक्ति विरोधाभास लगायतका थुप्रै अर्थालङ्कारको प्रयोग भएको छ, जसलाई निम्नबमोजिम उल्लेख गर्न सकिन्छ :

**निर्जीव वस्तु झैँ थन्किएर**

**बस्नुबाहेक अरू उपाय नै छैन** (पृ.४६) ।

माथिको उदाहरणमा उपमा अलङ्कारको प्रयोग भएको छ । त्यसैगरी एकसय सैंतीसौं मुक्तकको चौथो हरफमा 'मेरो तारामण्डल झुपडी वरिपरि' भन्ने सन्दर्भमा रूपक अलङ्कारको प्रयोग भएको छ भने बीसौँ मुक्तकको पाँचौं र छैठौं हरफमा आएको 'त्यो शरीर हो या कुनै प्रयोगशाला' (पृ.१३) अभिव्यक्ति उत्प्रेक्षा अलङ्कारसँग सम्बन्धित छ । त्यसैगरी 'अनुभूतिका स्वरहरू' भित्रकै एकसय तेइसौं मुक्तकको पहिलो, दोस्रो, तेस्रो हरफमा 'दुर्घटनामा नपरेरै पनि दुर्घटनामा परिन्छ' (पृ.४४) भनी उल्लेख गर्दा कारण विना नै कार्य भएको आधारमा विभावना अलङ्कार भएको छ । प्रेमप्रकाशका मुक्तकहरूमा अतिशयोक्ति र स्वभावोक्ति अर्थालङ्कारको पनि प्रयोग भएको छ । जस्तै : **आजको मान्छे**

**केवल भाषण सुन्छ**

**भाषण गुन्छ**

**भाषणभित्रै हाँस्छ**

**भाषणभित्रै रुन्छ** (पृ.१९)

माथि दिइएको उदाहरणमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ ।

यसरी विम्बविधान र अलङ्कारका दृष्टिबाट प्रस्तुत 'अनुभूतिका स्वरहरू' भित्रका मुक्तक सफल र सबल छन् भन्न सकिन्छ ।

**४.३.१.८ आयाम**

प्रेमप्रकाश मल्लको ‘अनुभूतिका स्वरहरू’ दुई खण्डमा विभाजन गरिएको कुल ७४ पृष्ठमा समाहित मध्यमस्तरको बिस्तार प्राप्त गरेको मुक्तक गजल र गीतहरू सङ्गृहीत काव्य हो । यस काव्यमा पहिलो खण्डमा मुक्तकहरू सङ्गृहीत छन् भने दोस्रो खण्डमा गजल र गीतहरू रहेका छन् । पहिलो खण्डमा सङ्गृहीत मुक्तक जम्मा १५१ वटा छन् जुन ५१ पृष्ठ सम्ममा समेटिएका छन् ।

‘अनुभूतिका स्वरहरू’ अन्तर्गतका १५१ वटा मुक्तकहरू मध्ये सबैभन्दा छोटो एघारौँ सङ्ख्यामा उल्लिखित नौँ अक्षरे मुक्तक हो, जसलाई निम्नबमोजिम देखाउन सकिन्छ : **नाङ्गो छु**

**त्यसैले बाङ्गो छु,** (पृ.१३)

त्यसैगरी काव्यभित्र सबैभन्दा लामो मुक्तकहरूमा ५१औँ, ९६ औँ मुक्तकहरू पर्दछन् जुन मुक्तकहरू दस-दस पङ्क्तिमा संरचित छन् ।

समग्रमा प्रेमप्रकाश मल्लका ‘अनुभूतिका स्वरहरू’भित्र एकाउन्न पृष्ठमा सङ्कलित एकसय एकाउन्न वटा मुक्तकहरूको समीक्षा गर्दा कुनै पनि मुक्तकमा शीर्षक दिइएको छैन भने आन्तरिक र बाह्य दुबै संरचनाबाट सफल तरिकाले मुक्तकहरू संरचित छन् । मुक्तलयको प्रयोगगरी लेखिएका प्रस्तुत मुक्तकहरूमा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतबाट शब्द जुटाउने काम भएको छ भने अनुप्रास, अनुकरणात्मक शब्द, निपात र बोलीचालीको भाषा प्रयोगले काव्यलाई झनै मधुर र श्रुतिमय बनाएको छ । प्रथम पुरुष र तृतीय पुरुष दुवै कथनपद्धति अँगालिएका मुक्तकहरूमा शान्त, भयानक, अद्भुत, वीर, वियोग शृङ्गार लगायतका स्वभाव अँगाली रसगत विविधतामा आधारित काव्यका रूपमा ‘अनुभूतिका स्वरहरू’लाई उभ्याइएको छ । विविध विम्ब र उचित प्रतीकहरूको समायोजन गरिएको प्रस्तुत कृति ‘अनुभूतिका स्वरहरू’ भित्रका मुक्तकमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको यथोचित प्रयोग भएको छ ।

### ४.३.२ 'अनुभूतिका स्वरहरू'भित्रका गजलहरूको विश्लेषण एवम् मूल्याङ्कन

प्रेमप्रकाशद्वारा लेखिएको 'अनुभूतिका स्वरहरू' कृतिको पृष्ठ सङ्ख्या ५३ बाट दोस्रो खण्ड सुरु हुन्छ, जहाँ ६ वटा गजलका साथै केही गीतहरूसमेत समेटिएका छन् । यी ६ वटा गजलमध्ये पनि चौथो गजल विधामा नभई नहुने काफिया तत्त्वको समावेश नभएका आधारमा आधुनिक गजलका मान्यताअनुसार गजल बन्न सकेको छैन, तापनि प्रेमप्रकाश मल्लद्वारा गजल विधामा कलम चलाउँदा उचित नीति नियमको अभावका कारण पहिले देखिनै यसलाई गजल मानिदै आएका आधारमा यस चौथो गजलको समेत सामान्य चर्चा गरिनु उपयुक्त देखिन्छ । यस 'अनुभूतिका स्वरहरू' भित्र सङ्कालित गजललाई मूलतः संरचना तत्त्वका आधारमा, विषयवस्तुका आधारमा भावविधानका आधारमा आयामका आधारमा एवम् भाषाशैलीका आधारमा मूल्याङ्कन गरिनु बढी सान्दर्भिक हुन्छ ।

#### ४.३.२.१ संरचना तत्त्वका आधारमा 'अनुभूतिका स्वरहरू'भित्रका गजलहरू

कुनै पनि गजलले पूर्ण रूपमा ग्रहण गर्न गजलका संरचनात्मक तत्त्वहरू क्रमशः काफिया, रदिफ, मतला, तखल्लुस, मकता, मिसरा, मिसरा ए उला, मिसरा ए सानी, सेर र बहर आदिलाई ग्रहण गरेको हुनुपर्छ । यिनै तत्त्वहरूभित्र रहेर 'अनुभूतिका स्वरहरू'भित्र सङ्गृहीत गजलहरूको मूल्याङ्कन निम्न बमोजिम गर्न सकिन्छ,

**क) काफियाका आधारमा**

गजलका पहिला दुई हरफमा र पछिका प्रत्येक दोस्रा हरफमा आउने तुकबन्दीयुक्त अनुप्रासिक शब्दहरूलाई काफिया भनिन्छ ।[४९] गजलका अनिवार्य तत्त्व मानिने यस काफियाका दृष्टिले प्रेमप्रकाशको पहिलो गजललाई हेर्दा निठुरी, निर्मम, निर्दयी, कपटी, रकमी, आडम्बरी पापी जस्ता शब्दहरू काफियाका रूपमा आएका छन् । प्रेमप्रकाशका 'अनुभूतिका स्वरहरू' अन्तर्गतका सबैजसो गजल आंशिक काफियामा आबद्ध छन् भने पहिलो गजलको दोस्रो सेरमा निठुरी, निर्दयी, जस्ता काफियासँग निर्मम शब्द जुराएर संरचनात्मक कमजोरीसमेत उनले देखाएका छन् ।

**(ख) रदिफका आधारमा**

---

[४९] देवी नेपाल, **छन्दपराग** (काठमाडौः भुडीपुराण प्रकाशनः २०६३) पृष्ठ १०९ ।

काफियाको पछाडि बारम्बार दोहोरिएर आउने शब्द वा शब्दसमूहलाई रदिफ भनिन्छ ।[५०] 'अनुभूतिका स्वरहरू' अन्तर्गत सङ्कलित गजलहरूमा पहिलोमा ' छ यो दुनियाँ' दोस्रो गजलमा 'बहुत म रोएँ' तेस्रो गजलमा 'आजकल' लगायतका रदिफहरूको प्रयोग भएको छ । रदिफ सामान्यतया मुरद्दफ र गैरमुरद्दफ गरी दुई किसिमका हुन्छन् । यस आधारमा प्रेमप्रकाशका गजलहरूलाई यसरी समीक्षा गर्न सकिन्छ :

**अ) मुरद्दफका आधारमा**

गजलमा रदिफको प्रयोग भएको छ भने त्यो गजल मुरद्दफ गजल बन्न जान्छ । यस आधारमा प्रेमप्रकाशका सङ्ग्रहित गजलहरूमध्ये छैठौं गजल बाहेक पहिलो, दोस्रो, तेस्रो र पाचौं गजल मुरद्धफ गजल हुन् ।

**आ) गैरमुरद्धफका आधारमा**

रदिफको प्रयोग नभएका गजल गैरमुरद्दफ गजल हुन् । यस आधारमा 'अनुभूतिका स्वरहरू' भित्र समाविष्ट छैटौं गजल मात्र गैर मुरद्दफ गजल हो ।

**ग) मतलाका आधारमा**

गजलको थालनी गर्ने दुई हरफलाई मतला भनिन्छ ।[५१] 'अनुभूतिका स्वरहरू'भित्र सङ्कलित पहिलो गजलमा प्रयुक्त 'बहुतै निर्दयी छ यो दुनियाँ' 'बहुतै निठुरी छ यो दुनियाँ' र दोस्रो गजलको 'याद आयौ तिमी बहुत म रोएँ' 'दिल जलायौ बहुत म रोएँ' लगायतका अंशहरू नै मतला हुन् ।

**घ) तखल्लुसका आधारमा**

गजलका अन्तिमका दुई हरफहरूमध्ये कुनै एउटामा प्रयोग गरिने नाम वा उपनामलाई तखल्लुस भनिन्छ ।[५२] प्रेमप्रकाश मल्लको 'अनुभूतिका स्वरहरू'भित्रका कुनै पनि गजलमा तखल्लुसको प्रयोग भएको छैन ।

**ङ) मकताका आधारमा**

---

[५०] इन्द्र बम 'घायल' र वासुदेव पाण्डेय 'प्रभाकर', **गजलका फाँकीहरू** (कीर्तिपुरः सनलाईट पब्लिकेसनः २०६४) ।

[५१] देवी नेपाल, पूर्ववत, पृ. १०९ ।

[५२] ऐजन पृ. ..      ।

गजलको सुरुको सेरलाई मतला भनेजस्तै अन्तिम सेरलाई मकता भनिन्छ ।[५३] 'अनुभूतिका स्वरहरू'भित्रको पाँचौ गजलमा 'प्यास छ, अनन्त प्यास छ प्यासीको प्यासको जलन के थाहा त्यो पानीलाई' (पृ.५८) अंश नै मकता हो । मकताले गजललाई बिट मार्ने वा टुङ्ग्याउने  काम गर्छ[५४] भने प्रेमप्रकाशका गजलमा समेत मकताले सफलतापूर्वक बिट मार्ने काम गरेका छन् ।

**च) मिसराका आधारमा**

मतला र मकताका बीचमा आउने प्रत्येक दुई हरफलाई मिसरा भनिन्छ ।[५५] 'अनुभूतिका स्वरहरू'मा सङ्गृहीत गजलहरूमध्ये पहिलो गजलमा 'सुख जति लिएर दुःख जति दिन्छ बहुतै निर्मम छ यो दुनियाँ' लगायतको सेरदेखि तलका अन्य तीन सेर समेतलाई मिसराका रूपमा चिनिन्छ । यसरी देखा पर्ने मिसराका प्रत्येक दोस्रो हरफमा काफियाको प्रयोग अनिवार्य रूपले हुनै पर्ने भन्ने नियमलाई प्रेमप्रकाशका सङ्गृहीत पाँच गजलले मात्र स्विकारेका छन् ।

**छ) मिसरा ए उलाका आधारमा**

सेरको पहिलो हरफलाई मिसरा ए उला भनिन्छ ।[५६] प्रेमप्रकाश मल्लका सङ्कलित गजलहरूलाई मिसरा ए उलाका आधारमा हेर्दा दोस्रो गजलमा 'याद आयौ तिमी बहुत म रोएँ, मेरो मुटुको रगतले लेखेको गीत' (पृ.५५) लगायतका तल्ला अन्य दुई सेरका माथिल्ला हरफहरू मिसरा ए उला हुन् ।

**ज) मिसरा ए सानीका आधारमा**

हरेक सेरको दोस्रो हरफलाई 'मिसरा ए सानी' भनिन्छ ।[५७] 'अनुभूतिका स्वरहरू' भित्रका प्रेमप्रकाशका गजलहरूमध्ये दोस्रो गजलको 'मान्छेले मान्छेलाई मान्छे गन्दैन आजकाल, मान्छेले मान्छेको कुरा सुन्दैन आजकाल' (पृ.५५) लगायत चार सेरका तल्ला पङ्क्तिहरू  मिसरा ए सानी हुन् ।

**झ) सेरका आधारमा**

---

[५३] कृष्ण पौडेल वी., **नानी हजुरको** (जैदिः नेत्र ढुंगानाः २०६१) पृ. ६ ।

[५४] ऐजन, पृ. .... ।

[५५] देवी नेपाल पूर्ववत, पृ. ११० ।

[५६] ऐजन ।

[५७] ऐजन ।

सेरको अर्थ मिसराहरूको योग हो । दुई मिसरा (मिसरा ए उला र मिसरा ए सानी) वा पङ्क्तिको संयोजनबाट सेरको निर्माण हुन्छ ।[५८] 'अनुभूतिका स्वरहरू' सङ्ग्रहमा सङ्गृहीत पहिलो गजलमा ६ सेर, दोस्रो गजलमा ५ सेर, तेस्रो गजलमा ६ सेर, चौथो गजलमा ७ सेर, पाचौँ गजलमा ७ सेर र छैठौँ गजलमा ४ सेर भित्रका विषयवस्तुलाई हेर्दा सबै सेरभित्रका विषयवस्तुहरूले एउटै आशय व्यक्त गर्दछन् भने त्यो मुसलसल गजल हुन्छ र विभिन्न सेरहरूमा भिन्दै आशय गुन्जिएको छ भने त्यो गैरमुसलसल गजल हुन्छ ।[५९] यस दृष्टिबाट 'अनुभूतिका स्वरहरू' भित्र सङ्कलित गजलका प्रत्येक सेरहरूले एउटै आशय व्यक्त गरिरहेका आधारमा प्रस्तुत गजलहरू मुसलसल गजल हुन् ।

**ञ) बहरका आधारमा**

गजलको लय वा छन्दलाई बहर भनिन्छ ।[६०] 'अनुभूतिका स्वरहरू'भित्रका कुनैपनि गजलहरूमा कुनै किसिमको बहरको प्रयोग भएको छैन ।

### ४.३.२.२ विषयवस्तुका आधारमा ' 'अनुभूतिका स्वरहरू'' भित्रका गजलहरू

विषयवस्तुका दृष्टिले प्रेमप्रकाशका यस सङ्ग्रहमा सङ्गृहीत अधिकांश गजलहरूले जीवनप्रतिको घृणा, निराशा र पीडाजस्ता पक्षलाई उजागर गरेका छन् । उनको पहिलो गजलमा सुख जति लिने र दुःख मात्रै दिने, छायाँ एवम् मायाँ नदिने, धर्म र कर्मको तादात्मीकरण गर्न नसक्ने यस दुनियालाई निठुरी, कपटी, आडम्बर र पापी भन्दै सम्बोधन गरिएको छ । त्यसैगरी दोस्रो गजलमा आफ्नो मुटुको टुक्ता (प्यारो छोरा) याद आउँदा गजलकार रोएका छन् र आफ्ना बाबुका आँखामा आँसु देख्न नसकेर सपनामा आउदै रुदै गर्ने गजलकारका छोराको बानीले उनलाई झन् विक्षिप्त बनाएको छ । मल्लको तेस्रो गजलमा मान्छेबाट मानवता हराउदै गएको चर्चा गरिएको छ मान्छेले मान्छेलाई मान्छे नगन्ने, अरूको कुरा सुन्न दिक्क मान्ने आफैमा व्यस्त

---

[५८] मातृका पल्लव र निर्मल निराज, **'गजल परिधीय मोडबाट परिचय' सम्प्रेषण** (कीर्तिपरः नेपाली भाषा शिक्षा विभाग, २ः २, २०६२) पृ.२२४ ।

[५९] कृष्ण पौडेल वी., पूर्ववत, पृ. ६ ।

[६०] देवी नेपाल, पूर्ववत, पृ. १११ ।

अनि मस्त देखिने मानवीय प्रवृत्तिको बयान छ । त्यसैगरी चौथो गजलमा जिन्दगीलाई नै झुटो बेइमान र धोकेबाजका रूपमा हेरिएको यस गजलमा राति सुतेको मान्छेको समेत जीवनको ग्यारेन्टी नभएको अनि स्वयम कविको मुटुको टुक्ता मधुकरलाई समेत कालले नछोडेकोमा आक्तोश व्यक्त गरिएको छ । पाँचौं गजलमा गजलकार जीवनदेखि नै निराश भएका छन् । आफूलाई बाँच्न मन नभएको र मर्न पनि नसकेको व्यथा पोख्ने गजलकार अत्यन्तै गहिरो जीवनरूपी नदीमा तर्न नसकेर पीडाग्रस्त देखिन्छन् अनि ठाडो शिर गरेर सडकमा सानले हिँड्न नसक्ने जिन्दगीप्रति घृणा व्यक्त गर्छन् । मल्लको छैटौं तथा अन्तिम गजलमा आफ्नो दुःखको कारण उनी स्वयंलाई ज्ञात हुन सकेको छैन । खरानीलाई आगो निभेको, बिस्तरा सिरानीलाई शिर दुखेको विहानीलाई रात कटेको अनि पानीलाई प्यासको जलन थाहा नभए जस्तै गजलकार पनि आफ्नो दुःख के कति छ स्वयं आफैले नै यकिन गर्न नसक्ने भएकाले आफ्नो जीवनमा के-के भयो र किन भयो जस्ता पक्षहरू नसोध्न आग्रह गर्छन् । यसबाट उनको जीवनमा परेको असीमित पीडा प्रस्ट रूपमा आँकलन गर्न सकिन्छ ।

समग्रमा प्रेमप्रकाश मल्लका गजलहरूमा उनको दैनिक जीवनका दुःख, पीडा, पीर, ब्यथा आदि पक्षको चीत्कार सुन्न सकिन्छ र यिनै स्वरहरूबाट अब्जिएको जीवनप्रतिको निराशा अभिव्यञ्जित भएको छ ।

### ४.३.२.३ भावविधानका आधारमा 'अनुभूतिका स्वरहरू' भित्रका गजलहरू

भावविधानका आधारमा प्रेमप्रकाश मल्लका गजलहरूको सर्वेक्षण गर्दा उनको पहिलो गजलमा निठुरी, निर्दयी, कपटी, आडम्बरी र पापी भन्दै दुनियाँसँग आक्रोश व्यक्त गरेका आधारमा क्रोध स्थायी भाव हुने रौद्र रसको अभिव्यक्ति देखापर्छ । त्यसैगरी उनको दोस्रो गजलमा आफ्नी प्रियसीसँगको वियोग र वेदनाबाट छट्पटिएर निस्केका आवाजका सन्दर्भमा विप्रलम्भ शृङ्गार रस भए पनि यस गजलमा आफ्नो छोरा मधुकरको मृत्युको शोकमा डुबेर सोही विषयवस्तुलाई अँगालिएको आधारमा शोक स्थायी भाव हुने करुण रसको सिर्जना भएको छ । त्यसैगरी तेस्रो गजलमा गजलकार मान्छेले मान्छेलाई नचिन्ने अवस्थाबाट विस्मित भएका आधारमा विस्मय स्थायी भाव हुने अद्भुत रसको प्रयोग भएको छ भने  चौथो गजलमा गजलकारका

एकमात्र मुटुको टुक्ता मधुकरलाई कालरात्रीले बोकेर लग्दा शोकको स्थिति सिर्जना भएका आधारमा करुण रसको प्रयोग भएको छ । 'अनुभूतिका स्वरहरू' भित्रकै पाँचौं गजलमा गजलकार जीवनदेखि नै निराश देखिन्छन् । शानले शिर उठाएर जिउन नपाएकोमा आफ्नो जीवनप्रति नै शोकाकुल भएका आधारमा शोक स्थायी भाव हुने करुण रसको प्रयोग भएको छ भने छैठौँ अथवा अन्तिम गजलमा शिर शरीर सबै बेसरी दुखेको मर्म बुझिदिने कोही नहुँदा चिन्तित भएका गजलकार सधैँभरि छट्पटी नै छट्पटी छ, उपलब्धि केही हुन सकेको छैन भन्दै यस्तो जीवन प्रति निराशा व्यक्त गर्छन् र यही निराशाकै आधारमा शोक स्थायी भाव हुने करुण रस रहेको छ भन्न सकिन्छ ।

यसरी समग्रमा 'अनुभूतिका स्वरहरू' भित्रका गजलहरूलाई भावविधानका माध्यमबाट मूल्याङ्कन गर्दा मूलतः शोक स्थायी भाव हुने करुण रसको प्रयोग भएको छ भने आंशिक रूपमा केही गजलहरूमा क्रमशः रौद्र, बिभत्स, वियोग, शृङ्गारजस्ता रसहरूको समेत प्रयोग भएको छ ।

### ४.३.२.४ आयामका आधारमा 'अनुभूतिका स्वरहरू'भित्रका गजलहरू

प्रेमप्रकाश मल्लको ७४ पृष्ठ सङ्ख्या भएको 'अनुभूतिका स्वरहरू' नामक कृतिमा पेज नं. ५४ देखि ५८ सम्ममा जम्मा ६ वटा गजलहरू छन् । यी गजलका सेर सङ्ख्यालाई हेर्दा पहिलो गजलमा ६ सेर, दोस्रो गजलमा ७ सेर, तेस्रो गजलमा ६ सेर, चौथो गजलमा ७ सेर, पाँचौ गजलमा ६ सेर र छैटौँ गजलमा ४ सेर प्रयोग गरी समानुपातिक सेर सङ्ख्या वितरणको प्रावधान अँगालिएको छ । अक्षर सङ्ख्याका दृष्टिले दोस्रो गजलका चार सेरमा जम्मा ९३ अक्षर रहेको पाइन्छ । यही नै सबैभन्दा कम अक्षर भएको गजल हो । त्यसैगरी बढी अक्षरसङ्ख्या भएको गजल चौथो गजल हो, जहाँ सात सेरमा जम्मा १८९ अक्षरको प्रयोग भएको छ । त्यसैगरी 'अनुभूतिका स्वरहरू' भित्र सङ्कलित गजलका सेरहरूमा प्रयोग भएका अक्षरहरूलाई हेर्दा सबैभन्दा बढी अक्षर प्रयोग भएको तेस्रो गजलको पहिलो सेर हो, जहाँ पूर्ण ३२ अक्षरको प्रयोग भएको छ भने सबैभन्दा कम अक्षर प्रयोग भएको सेर पहिलो गजलको छैंटौं सेर हो जहाँ २० अक्षर मात्र प्रयोग भएको पाइन्छ ।

#### ४.३.२.५ भाषाशैलीका आधारमा 'अनुभूतिका स्वरहरू'भित्रका गजलहरू

प्रेमप्रकाशका गजलहरूमा भाषाप्रयोगका क्रममा वर्णयोजनाका तहमा आन्तरिक अनुप्रासीय र अन्त्यानुप्रासीय शैलीगत माधुर्य व्याप्त रहेको भेटिन्छ । गजलका रदिफले अन्त्यानुप्रासको मिठास भरेकै छ भने सेरका बीच-बीचमा व्यस्त बन्देज जस्ता शब्दहरूले मध्यानुप्रासलाई निम्त्याएका छन् । प्रस्तुत गजलहरूमा एउटै सेरभित्र एउटै वर्ण वा शब्दहरूलाई दाहोऱ्याई-तेहेऱ्याई प्रयोग गरिनाले श्रुतिमधुरता सिर्जना हुनाका साथै गेयात्मकता लाई अझ प्रभावकारी बनाएको छ ।

'अनुभूतिका स्वरहरू' भित्र सङ्कलित गजलहरूमा प्रयोग भएको शब्दभण्डारलाई मूल्याङ्कन गर्दा तत्सम, तदभव र आगन्तुक तीनै खाले स्रोतलाई अँगालिएको पाइन्छ । कर्म, निर्मम, मदिरा, शिर, पीडाजस्ता तत्सम शब्द प्रयोग भएका उनका गजलमा बन्देज, देउता जस्ता तद्भव अनि दुनियाँ, याद दिल क्यान्भास, दुश्मन जस्ता आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । 'परानी' जस्तो स्थानीय प्रचलनको शब्दले समेत स्थान पाएको मल्लको गजलमा थेगोको रूपमा प्रयोग गरिने 'बरै' शब्द पनि प्रयुक्त छ । रगत, मदिरा, सपना, नदी पर्खाल, सिरानी जस्ता विम्बहरूको प्रयोग भएको 'अनुभूतिका स्वरहरू' अन्तर्गतका गजलहरूभित्र, 'कालरात्री' शब्दले कुनै कालो रातलाई नबुझाई मृत्युलाई बुझाएको, 'लगिदियो' ले 'माऱ्यो' भन्ने अर्थलाई बुझाएको 'जमेको पानी' पदावलीले 'आँखाभित्र रहेको आँसु' लाई सम्बोधन गरेकै आधारमा विविध प्रतीकहरूको समेत समुचित प्रयोग भएको छ ।

अलङ्कारविधानका दृष्टिले 'अनुभूतिका स्वरहरू' मा सङ्गृहीत गजलहरूको मूल्याङ्कन गर्दा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग सान्दर्भिक रूपले भएको छ । आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास र अन्तरानुप्रासजस्ता शब्दालङ्कारहरू प्रयोग भएका छन् भने अर्थालङ्कारअन्तर्गत 'मेरो मुटुको रगतले लेखेको गीत गुनगुनायौ बहुत रोएँ ।' (पृ.५५) भन्दै अतिशयोक्ति अलङ्कार, 'हुन्छ भन्दछ अनि हुन्न भन्दछ' (पृ.५४) भन्ने उदाहरणमा विरोधाभास अलङ्कार 'बिहानीपख मरेको भेटिने हो कि' (पृ.५६) भन्दै उत्प्रेक्षा अलङ्कार, 'आँसुको दह' (पृ.५६) भन्दै रूपक अलङ्कार लगायत अन्य थुप्रै अर्थालङकारको प्रयोग प्रेमप्रकाशले गरेका छन् । अन्ततः प्रथम र

तृतीय दुवै प्रकारका कथनढाँचा प्रयोग गरिएको उनको गजल भाषाशैलीका दृष्टिले सबल एवम् सफल रहेको छ ।

### ४.३.३ 'अनुभूतिका स्वरहरू' भित्रका गीतहरूको विश्लेषण एवम् मूल्याङ्कन

'अनुभूतिका स्वरहरू' भित्र पहिलो खण्डको समाप्तिसँगै खण्ड २ अङ्कित गरी आधिकारिक रूपमा दोस्रो खण्डको सुरुआत गरिएको छ । केही गीत गजल भनेर सम्बोधन गरिएको दोस्रो खण्डमा पृष्ठ ५३ देखि पृष्ठ ७४ सम्म जम्मा ३२ वटा गीत गजल अटाएका छन् । यी ३२ वटा गीतगजलमध्ये ६ वटा गजललाई छोडेर २६ वटा गीतको विश्लेषण एवम् मूल्याङ्कन गरिनु नै यस उपशीर्षकको प्रमुख लक्ष्य रहेको छ ।

'अनुभूतिका स्वरहरू' भित्रका गीतहरू गीतमा आवश्यक पर्ने संरचनामा बाँधिएका र निकै अर्थपूर्ण विषयवस्तुमा आधारित भएकै कारण कतिपय गीतहरू रेडियो नेपालबाट समेत गाइएका छन् । अतः यस्ता संयुक्त गीतहरूलाई आधुनिक गीतसिद्धान्तका आधारमा विश्लेषण गरिनु उपयुक्त हुन्छ । कृष्णहरि बरालका अनुसार गीतलाई विश्लेषण गर्नका लागि, भाव, कल्पना, सङ्गीत, विम्ब, प्रतीक तथा अलङ्कार, भाषा, स्थायी, अन्तरा र थेगो, विषयवस्तु, कथनशैली आदि तत्त्वहरूको आवश्यकता पर्छ, जसका केन्द्रीयतामा 'अनुभूतिका स्वरहरू' भित्रका गीतको विश्लेषण एवम् मूल्याङ्कन निम्नबमोजिम गर्न सकिन्छ :

#### ४.३.३.१ भावविधान

गीत तथा गीति कविताका लागि अनिवार्य तत्त्व हो भाव । भावको अभावमा कुनै पनि गीत तथा कविताले उत्कृष्टता प्राप्त गर्न सक्दैन ।[६१] भावविधानका दृष्टिबाट 'अनुभूतिका स्वरहरू'भित्र सङ्गृहीत गीतहरूलाई मूल्याङ्कन गर्दा हास्य र वीभत्स रसबाहेक प्रायः सबै रसहरूको प्रयोग भएको छ ।

प्रस्तुत गीतहरूमा प्रमुख रूपले करुण रस र शृङ्गार रसको प्रयोग भएको छ । शोक स्थायी भाव हुने करुण रसलाई गीतकार प्रेमप्रकाशले आफ्नो पुत्रवियोगको छट्पटी

[६१] कृष्णहरि बराल, गीत, **सिद्दान्त र इतिहास** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०) पृ. २८ ।

अभिव्यक्त गर्ने क्रममा उपयोग गरेका छन् । जस्तैः 'सहनै नसकिने व्यथा सहनै नसकेर कहनै नसकिने कथा  कहनै नसकेर ढल्छ क्यारे जिन्दगीको अग्लो धरहरा ।' (पृ.५३)

यस उदाहरणमा आफ्ना मनका असीमित व्यथाहरू व्यक्त गर्न नसकेर जिन्दगी ढल्छ कि भनेर शोकमा परेका गीतकारले करुण रसको उपयोग गरेका छन् ।

'अनुभूतिका स्वरहरू' भित्रका गीतमा देशप्रेमको सन्दर्भ एवम् माया प्रीतिको चर्चाका क्रममा शृङ्गार रस देखापरेको छ ।

जस्तै : **माटोमाथि लडीबुडी खेलिराखूँ जस्तो लाग्छ**

**ढुङ्गालाई म्वाई खाँदै हिँडीराखूँ जस्तो लाग्छ** (पृ. ५९)

...**यस्तो प्रीतिलाउँ कि**

**म अमरभई जाउँ ।** (पृ.६४)

त्यसैगरी पृष्ठ ६७ अन्तर्गत 'जनता जनार्दनको पूजा गर' बोल भएको गीतमा सम स्थायी भाव हुने शान्त रसको प्रयोग भएको छ भने पृष्ठ ६२ मा सङ्गृहीत 'म मरे पनि मेरो देश बाँचिराखोस्' बोलको गीतमा उत्साह स्थायीभाव हुने वीर रसको प्रयोग भएको छ । पृष्ठ ६३ मा  समावेश 'वनकी म चरी' बोलको गीतमा 'पानी पर्‍यो भने निथ्रुकै पार्छ' भन्दै चरीद्वारा भय व्यक्त गरेका आधारमा भयानक रसको प्रयोग भएको छ भने पृष्ठ ६५ को 'अजर कोही छैन' बोलको गीतमा मरेर जाने मानिसले अहम् र घमण्ड देखाउँदा क्तोधयुक्त भाव व्यक्त भएका आधारमा रौद्र रसको सिर्जना भएको छ । 'अनुभूतिका स्वरहरू' भित्रका कतिपय गीतमा उत्साह स्थायी भाव हुने वीर रसको समेत प्रयोग भएको छ जसको उदाहरण निम्नबमोजिम पेस गर्न सकिन्छ :

**झुक्तिनँ झुक्तिनँ म कदापि झुक्तिनँ**

**रुक्दिनँ रुक्दिनँ म कदापि रुक्दिनँ**.......(पृ.६७) ।

यसरी भावविधानका आधारमा 'अनुभूतिका स्वरहरू'भित्रका गीतहरूलाई मूल्याङ्कन गर्दा, भावगत विविधता पाइने यी गीतहरूमा शृङ्गार भाव, वीर भाव लगायतका भावभूमिको प्रयोग निकै आकर्षक ढङ्गले गरिएको छ ।

#### ४.३.३.२ कल्पना

काव्य कोरा इतिहास र फोटोकपी हुनबाट जोगाउने आवश्यक तत्त्व कल्पना हो । कल्पनाले गीतमा वस्तुलाई पुनसिर्जन गरी रसिक बनाउँछ । यस्तो कल्पनाको प्रयोग स्वयं प्रेमप्रकाश मल्लद्वारा लिखित 'अनुभूतिका स्वरहरू' अन्तर्गतका गीतहरूमा पनि हृदयस्पर्शी ढङ्गले भएको छ ।

'अनुभूतिका स्वरहरू' कृतिको पृष्ठ ५८ मा फेवातालको सुन्दरता अनि फेवाताललाई क्रीडाभूमि बनाएको हिमचुलीको सुन्दर वर्णनमा कल्पनाको राम्रो प्रयोग भएको छ भने पृष्ठ ६३ मा सङ्कलित 'माछापुच्छ्रे फेवातालमा पौडी खेल्दो रै छ' बोलको गीतमा गीतकारले अतिशय कल्पनाको प्रयोग गर्दै स्वयं हिमाललाई नै अँगालोमा बाँध्ने सुर कसेका छन् अनि छातीभरि डाँडाकाँडा उठ्दा मान्छे हिमाल र हिमाल मान्छे बन्ने प्रक्रियाको वर्णन गरेका छन् । एवम्रीतले गीतकारको कल्पना पक्षले गीतमा सशक्त भूमिका खेलेको उदाहरण यसरी प्रस्तुत गर्न सकिन्छ : **विष जिन्दगीको पिउँदैछु म**

**आश्चर्य तैपनि जिउँदै छु म ।**

यस उदाहरणमा समेत मानिसलाई ठहरै पार्ने विष पिएरसमेत जिउँदै रहेको विषयवस्तुको कल्पना गरिएको छ ।

यसरी समाजमा मानव जीवनमा घट्ने वा घटन सक्ने विविध पक्षहरूलाई काल्पनिक रूपमा गालेर गीतकारले अनेकौं मर्मस्पर्शी गीतहरूको रचना गरेका छन् । यदि साँच्चै नै यी गीतहरूमा कल्पनाको प्रयोग नगरिने हो भने गीत गीत नभएर यथार्थ घटना हुने भएकोले 'अनुभूतिका स्वरहरू' भित्र सङ्कलित गीतहरूलाई गीतको अस्तित्त्व दिलाउन कल्पना महत्वपूर्ण तत्त्व साबित भएको छ ।

#### ४.३.३.३ सङ्गीत

सङ्गीत गीतका लागि चाहिने अनिवार्य तत्त्व हो । सङ्गीतअन्तर्गत लय र ध्वनिसङ्गीतको अध्ययन गरिन्छ, जसलाई व्यापक रूपमा छुट्टाछुट्टै विश्लेषण गरिनु आवश्यक देखिन्छ ।

**क) लय**

लय कविता एवम् गीतका लागि आवश्यक मानिन्छ । कुनै पनि गीतलाई गेयात्मक रूप धारण गराउन लयले प्रभावकारी भूमिका खेलेको हुन्छ । लयभित्र विशेषगरी समय र गतिको महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

लयव्यवस्थाका आधारबाट 'अनुभूतिका स्वरहरू' भित्रका गीतको मूल्याङ्कन गर्दा नियमित लयव्यवस्थामा आधारित (गण वा अक्षरसङ्ख्या सबैमा समान भएको) कुनै पनि गीत पाइँदैन । बरु यी गीतहरू केही मिश्रित नियमित लयव्यवस्थामा आधारित छन् भने केही अनियमित वा मुक्तालयव्यवस्थामा आधारित रहेका छन् ।

मिश्रित नियमित लयव्यवस्था भन्नाले स्थानीय छुट्टै अक्षर सङ्ख्या र अन्तरामा छुट्टै अक्षरसङ्ख्या भएको गीतलाई बुझाउँछ । यस व्यवस्थालाई आत्मसात् गरेको 'अनुभूतिका स्वरहरू' भित्रको गीतहरूमध्ये निम्नलिखित गीतांशलाई उदाहरणस्वरूप पेस गर्न सकिन्छ : विष जिन्दगीको पिउँदै छु म

आश्चर्य तै पनि जिउँदै छु म

मनको गगनमा विरहको वादल

छचल्किरहन्छ, छचल्किरहन्छ

नयनको....................(पृ.७०) ।

त्यसैगरी अनियमित वा मुक्तलयव्यवस्थामा आधारित भएर लेखिएका गीतहरू पनि 'अनुभूतिका स्वरहरू' भित्र सङ्गृहीत छन् । जस्तै :

**मनै बिरानो, तनै बिरानो**

**जीवनै बिरानो, भयो जीवनै बिरानो ।**

**मनको फूल रोपूँ भने रोप्ने ठामै छैन**

**यो ठामै बिरानो, ठामै बिरानो ।**

**भाग्यमानीहरूको**......................(पृ.७१) ।

दिइएको उदाहरणमा स्थायी भित्रै पनि अक्षरसङ्ख्या मिलेको छैन नत अन्तराभित्र नै मिलेको छ, बरु गीतमा प्रयोग भएका अनुप्रासले मात्र यी गीतहरूलाई गीतका रूपमा उभ्याएको छ । त्यसैले प्रस्तुत उदाहरण अनियमित वा मुक्तलयमा आधारित छ ।

**ख) ध्वनिसङ्गीत**

गीतमा ध्वनिका तहबाट समेत साङ्गीतिकता उत्पन्न हुने गर्छ । यसरी साङ्गीतिकता उत्पन्न गर्ने ध्वनिहरूको अध्ययन अन्त्यानुप्रास, मध्यानुप्रास, आद्यानुप्रास र अन्तरअनुप्रासभित्र रहेर गरिन्छ ।

अन्त्यानुप्रासका दृष्टिले 'अनुभूतिका स्वरहरू' भित्रका गीतहरूलाई अवलोकन गर्दा पृष्ठ ५८ मा समावेश भएको 'आँखैमा हिमचुली' बोलको गीतमा तीन पङ्क्तिका बीच अन्त्यानुप्रास मिलाइएको छ भने पृष्ठ ६७ को 'म मेरा आँखाभरि' बोलको गीतमा पहिलो दोस्रो र चौथो पंङ्क्तिका बीचमा अन्त्यानुप्रास मिलाइएको छ । त्यसैगरी 'एउटा यस्तो गीत गाउँ कि' (पृ.६४) बोलको गीतमा पहिलो र तेस्रो तथा दोस्रो र चौथो पङ्क्तिका बीचमा अन्त्यानुप्रासको मेल देखिएको छ भने 'म मरे पनि मरो देश' (पृ.६२) बोलको गीतमा पहिलो र तेस्रो पङ्क्तिमा अन्त्यानुप्रास मिलाई दोस्रो र चौथो पंङ्क्तिलाई स्वच्छन्द छोडिएको छ । यसरी 'अनुभूतिका स्वरहरू' भित्रका गीतहरूमा अन्त्यानुप्रास प्रयोगको विविध शैली अँगालिएको छ ।

मध्यानुप्रासका दृष्टिकोणबाट 'अनुभूतिका स्वरहरू' भित्रका धेरै गीतहरू सफल मानिन्छन् जस्तै :

**हिमाललाई अँगालोमा भरुँ जस्तो लाग्ने**

**आफूलाई आत्मासात् गरुँ जस्तो लाग्ने** (पृ.६३) ।

यस उदाहरणमा 'रुँ' र 'जस्तो' को आवृत्ति मध्य खण्डमा भएका आधारमा प्रस्तुत गीतांशमा मध्यानुप्रासको सफल प्रयोग भएको छ । यसैगरी आद्यानुप्रासको प्रयोगका दृष्टिले समेत प्रशंसनीय मानिने प्रस्तुत गीतहरूबाट निम्नलिखित गीतांशलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

**दिनदिनै दशैं मेरो**

**दिनदिनै तिहार** (पृ.६१) ।

यस उदाहरणमा दोहोरिएको दिनदिनैले आद्यानुप्रासको काम गरेको छ । अन्त्यानुप्रास, मध्यानुप्रास र आद्यानुप्रास जस्तै अन्तरानुप्रासको पनि प्रयोग गरिएका प्रस्तुत गीतहरूबाट निम्नलिखित गीतांशलाई उदाहरणका रूपामा प्रस्तुत गर्न सकिन्छ : **आँधीले छटपट छटपट पार्छ**

**पानी पऱ्यो भने निथ्रुकै मार्छ**....(पृ.६३)।

माथिको उदाहरणमा 'छटपट' शब्दको आवृत्ति भएका आधारमा अन्तरानुप्रासको सिर्जना भएको छ ।

यसरी लय र ध्वनिको समुचित प्रयोगका कारण 'अनुभूतिका स्वरहरू' भित्रका गीतमा सङ्गीतको सिर्जना भएको छ ।

### ४.३.३.४ विम्ब, प्रतीक र अलङ्कार

प्रेमप्रकाश मल्लको 'अनुभूतिका स्वरहरू' अन्तर्गत सङ्गृहीत गीतहरूमा अनेक किसिमका विम्बहरूको प्रयोग भएको छ । सबैभन्दा बढी प्राकृतिक विम्बको प्रयोग भएका गीतहरूमा मानव निर्मित वस्तुहरू बुझाउने विम्ब, मानव शरीरका अङ्गसँग सरोकार राख्ने विम्ब लगायतका विम्बहरूको प्रयोग गरिएको छ । यसरी प्रयोग भएका प्राकृतिक विम्बहरूमा फेवाताल, हिउँचुली, धरती, पानी, तारा, फूल, माटो आदि पर्दछन् भने प्राणीजगत्लाई बुझाउने विम्बहरू चरा, मान्छे, कुकुर आदि हुन् । त्यसैगरी मानव अङ्गसँग सम्बन्धित विम्ब आँखा, नाक, मुटु, छाती, खुट्टा, करङ्ग आदि हुन् भने मानव निर्मित वस्तुसँग सम्बन्धित विम्बहरूमा पुल, बस्ती, दरबार, झन्डा, पिँजरा, कलम, घर, आदि पर्दछन् ।

प्रतीकका दृष्टिले प्रेमप्रकाशका 'अनुभूतिका स्वरहरू'अन्तर्गत सङ्गृहीत गीतहरूमा कस्ता प्रतीकहरूको प्रयोग गरिएको छ भन्ने कुरा तलका पङ्क्तिबाट थाहा पाउन सकिन्छ ।

**झुक्तिनँ झुक्निँ म कदापि झुक्तिनँ**

**रुक्दिनँ रुक्दिन म कदापि रुक्दिनँ** (पृ.६७) ।

यस उदाहरणमा झुक्दिनँको अर्थ कहिल्यै निहुरिएर तल हेर्दिन होइन बरु यसले त प्रतीकात्मक रूपमा अनावश्यक काममा कसैको शरण पर्दिन भन्ने अर्थ बहन गरेको छ अनि रुक्दिनँले गीतकारको हिँडेको हिँड्यै गर्ने मनसायलाई नबुझाइ सत्कार्यमा गतिवान् भएर लाग्ने प्रवृत्तिको व्याख्या गरेको छ । यस्तै किसिमले गीतमा प्रयोग भएका अन्य प्रतीकहरूमा फलोस् फूलोस् (पृ.६२).....दिल डुब्नु (पृ.६४)....दाना

झुल्दछन् (पृ.६६) आदि पर्दछन् जसले गीतमा अभिधार्थ भन्दा बढी प्रतीकात्मक अर्थ बुझाएका छन् ।

'अनुभूतिका स्वरहरू' भित्रका गीतहरूमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको सफल प्रयोग भएको छ । शब्दालङ्कारअन्तर्गत आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास, अन्तरानुप्रास, वृत्यानुप्रास आदिको प्रयोग भएका प्रस्तुत गीतहरूमा अर्थालङ्कारमा उपमा, रूपक, अतिशयोक्ति, विरोधाभास लगायतका अन्य अलङ्कारहरूको प्रयोग गरिएको छ । जस्तै : **म मैदानमा हिँडिरहेको हिमाल झैँ लाग्छु** (पृ.६७) । दिइएको उदाहरणमा उपमा अलङ्कारको प्रयोग भएको छ भने रूपक अलङ्कारलाई खुलस्त गर्न निम्न उदाहरण प्रयोग गर्न सकिन्छ : **कतै ओठका फूलबारीमा मुस्कान फूल्छन्** (पृ.६६) । त्यसैगरी विरोधाभास अलङ्कारलाई 'अनुभूतिका स्वरहरू' एघारौँ गीतको प्रस्तुत गीतांशले समेटेको छ : **मुटुभित्र चिसो चिसो आगो लागिदिने** (पृ.६४) । यसमा तातो आगोलाई चिसोसँग लाग्ने अर्थमा प्रयोग गरेका कारण विरोधाभास अलङ्कारको सिर्जना भएको छ । त्यसैगरी अन्तिम गीतमा गीतकारले शङ्का ब्यक्त गरेका आाधारमा सन्देह अलङ्कार सिर्जना भएको छ । जस्तै : **एक फेरा फेरि मलाई**

**हिमाल चढ्ने रहर छ**

**पुगिएला नपुगिएला**

**मनमा एउटा लहड छ** (पृ.७४) ।

प्रस्तुत गीतहरूमा प्रश्नालङ्कारको समेत प्रयोग भएकै छ, जस्तै, प्रजातन्त्रमा जनताभन्दा ठूलो अरूको हुन्छ र अरूको हुन्छ र (पृ.६७) ।

एवम्रीतले प्रस्तुत 'अनुभूतिका स्वरहरू' भित्र सङ्गृहीत गीतहरूभित्र अर्थालङ्कार भित्र पर्ने अतिशयोक्ति, विभावना, स्वभावोक्ति, आदि अलङ्कारहरूको पनि प्रयोग गरिएको छ ।

### ४.३.३.५ भाषा

गीत भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कला विशेष हो । गीतले भाषाकै माध्यमद्वारा आफ्नो अस्तित्त्व प्राप्त गर्छ । भाषाका कोणबाट 'अनुभूतिका स्वरहरू' भित्र सङ्गृहीत गीतहरूको मूल्याङ्कन गर्दा तिनमा कहीँ कतै मात्र सरल भाषाको प्रयोग भए

पनि प्रायः विचलनयुक्त भाषाको प्रयोग भएको छ । त्यसैगरी आलङ्कारिक र अधिकांशतः माधुर्य गुणलेयुक्त भएका प्रस्तुत गीतहरूमा श्रुतिकटुता आउन नदिन भरसक 'ट' वर्गका वर्णहरूलाई समावेश गराइएको पाइँदैन ।

भाषाअन्तर्गत रहेर गीतहरूमा प्रयोग भएका शब्दहरूमाथि दृष्टि दिँदा मौलिक, संस्कृत र आगन्तुक सबै स्रोतको उपयोग भएकै छ । बढी मात्रामा संस्कृत शब्दहरूको प्रयोग भएको प्रस्तुत गीतहरूमा मन, गगन, विरह, नयन, सरोकार, वेदना, कन्दरा लगायतका संस्कृत शब्दहरू पाउँन सकिन्छ भने बगर, बहार गाना, जुल्फी जस्ता आगन्तुक शब्दहरूसमेत रहेकै छन् । 'अनुभूतिका स्वरहरू' भित्रका गीतमा फरफर, थरथरी, कलकल, चिरविरजस्ता अनुकरणात्मक शब्दहरू आएका छन् भने नि, खै, नै, त, जस्ता निपातहरूको समेत उपस्थिति पाइन्छ ।

गीतभित्रका भाषामा साङ्गीतिकता भर्न प्रस्तुत गीतहरूमा काव्यिक भाषाको प्रयोग हुनाका साथै भाषालाई अतिशयोक्तिपूर्ण बनाई उपयोग गरिएको छ । भाषामा अनुप्रास मिलाई लयात्मकता सिर्जना गर्नका लागि 'भई जाउँ', 'गई जाउँ'जस्ता स्थानीय स्तरमा बोलिने संयुक्त क्रियाको प्रयोग गरिएको छ भने लोट्छ, कल्ले, रै छ, रा'छु, जस्ता बोलचालको भाषासँग सम्बन्धित शब्दहरूको पनि प्रयोग भएको छ ।

### ४.३.३.६ स्थायी, अन्तरा र थेगो

स्थायी भनेको त्यो भाग हो जो पटक पटक दोहोऱ्याइन्छ । स्थायीलाई रिटक, दुआ र छोपुवा पनि भनिन्छ भने कतै-कतै यसलाई टेको पनि भन्ने गरिन्छ ।[६२] स्थायी गीतमा नभईनहुने तत्त्व भएका कारण प्रेमप्रकाश मल्लका सबै गीतहरूमा स्थायीको प्रयोग भएको पाइन्छ । जस्तै : **विष जिन्दगीको पिउँदैछु म**

**आश्चर्य तैपनि जिउँदैछु म** (पृ.७०) ।

दिइएको गीतांश 'विष जिन्दगीको' बोलको गीतमा अन्तरापछि पटक-पटक दोहोरिने गर्दछ । त्यसैले यो गीतको स्थायी तत्त्वसँग सम्बन्धित छ ।

गीतको आवश्यक तत्त्वभित्र अन्तरा पनि पर्दछ । गीतको क्रमैसँग जाने अंशलाई अन्तरा भनिन्छ । अन्तरा स्थायीजस्तो पटक-पटक दोहोरिँदैन । यसलाई

---

[६२] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौँ, एकता बुक्स् प्रकाशन, २०५८) पृ. ११६ ।

सङ्गीतशास्त्रका शब्दावलीमा स्तोभ भनिन्छ ।[६३] गीतको अनिवार्य तत्त्व भएकै आधारमा 'अनुभूतिका स्वरहरू' अन्तर्गत सङ्गृहीत सबै गीतहरूमा अन्तराको सफल प्रयोग भएको छ । जस्तै :

**मुटुभित्र चिसो चिसो आगो लागिदिने**
**मीठा-मीठा चाहना यो मनमा जागिदिने**
**खेल्दो रै छ हावा जुल्फीसँग निधारैमा**
**गाली गालीभरि लालीगुराँस फुल्दो रै छ** (पृ.६४)।

गीतमा बीचबीचमा आउने शब्दलाई थेगो, रहनी वा बथन भनिन्छ । थेगो ए कान्छी, हाइगोरी, सालैज्युजस्ता सम्बोधन सम्बन्धित बरै, बरिलै, नारान, च्याट्टै, ठ्याम्मै जस्ता उद्गार र अनुकरणात्मक शब्दसँग सम्बन्धित हुने गर्छन् ।[६४] थेगो गीतको अनिवार्य तत्त्व नभई ऐच्छिक तत्त्व हो, जसले गीतलाई सान्दर्भिक बनाउने गर्छ । 'अनुभूतिका स्वरहरू' भित्रका थोरै गीतहरूमा मात्र थेगोको प्रयोग गरिएको छ ।

जस्तै : **वनकी म चरी कल्ले सुन्ला कठैवरी**
**मेरो मनको विलौना**
**हाय........हाय........., मनको विलौना ।**

प्रस्तुत उदाहरणमा उद्गार सम्बन्धी हाय.....हाय.....थेगोको प्रयोग भएको छ ।

### ४.३.३.७ विषयवस्तु

कुनै पनि गीत सिर्जना हुनका लागि विषयवस्तुको आवश्यकता पर्छ । मानव प्रेम, राष्ट्रप्रेम वा अन्य कुनै पनि प्रसङ्गभित्र नै गीतको विषयवस्तु समाहित भएको हुन्छ । यस दृष्टिकोणबाट 'अनुभूतिका स्वरहरू' गीतहरूको मूल्याङ्कन गर्दा मूलतः तीन किसिमका विषयवस्तुहरूको प्रयोग भएको पाइन्छ, क) प्रकृतिप्रेम ख) राष्ट्रप्रेम ग) विविध

प्रस्तुत गीतहरूमध्ये कतिपयमा नेपाल राष्ट्रकै सेरोफेरोमा पाइने डाँडा, पाखा, पहरा, हिमाल, ताल आदिको चित्रण गरिएको पाइन्छ भने कतिपय गीतमा विश्वजनीन प्रकृति, फूलबारी, जुन, तारा, घाम, पानी आदिको समेत प्रयोग गरिएको छ । प्रकृति प्रयोगको अत्यन्त सुन्दर उदाहरण प्रस्तुत गीतांशमा पाउन सकिन्छ :

---

[६३] ऐजन ।

[६४] ऐजन पृ. ११६, ११७ ।

**माछापुच्छ्रे फेवातालमा पौडी खेल्दो रै'छ**

**पोखरा त साँच्चिकै नै पोखरा नै रै'छ** (पृ.६३)।

यस उदाहरणमा नेपालभित्रकै प्राकृतिक थलो पोखरा एवम् फेवातालको वर्णनसँग सम्बन्धित विषयवस्तुको उपयोग गरिएको छ ।

प्रस्तुत गीतहरूमा राष्ट्रप्रेममा आधारित विषयवस्तुको पनि प्रयोग भएको छ । आफ्नो देश नेपाल र यहाँका बासिन्दा नेपालीहरूप्रति अगाध माया दर्साउने गीतकार प्रेमप्रकाशले निम्नलिखित गीतांशमा राष्ट्रप्रेमको विषयवस्तु समेटेका छन् :

**म मरे पनि मेरो देश बाँचिराखोस्**

**हिमालको टाकुरामा नेपालीका पाखुरामा**

**चन्द्र र सूर्य अङ्कित झण्डा फरफर नाचिरहोस्** (पृ.६५)

'त्यसैगरी नेपाली हो नेपालीलाई हेला नगर' (पृ.६५) । जस्ता कतिपय गीतमा समेत गीतकारको राष्ट्रप्रेम सम्बन्धी विषयवस्तु परेको छ ।

प्रकृतिप्रेम र राष्ट्रप्रेमलाई छोडेर स्वयं आफ्नै पीडा वेदना अनि जीवनका कतिपय शाश्वत पक्षलाई अँगालेर केही गीतहरू लेखिएका छन् भने कतिपय गीतको विषयवस्तु मानवको घृणित कार्य र त्यसले प्राणीजगत्मा पारेको असर, मानिसका बीचमा हुने गरेका विपरीत लिङ्गी बीचको प्रेम, स्वयम् गीतकारका रहरहरू, जीवनयापनका असमान अवसरहरू, मानवको स्वार्थी स्वभाव, राष्ट्रबाट राष्ट्रियता हराइरहेको स्थिति, प्रजातन्त्रप्रेम र प्रजातन्त्रमा जनताको स्थान लगायतका मानव र मानवेत्तर पक्षसँग सम्बन्धित छन् ।

यसरी गीतका संरचनात्मक तत्त्वहरूको आवश्यकीय प्रयोगभएका 'अनुभूतिका स्वरहरू'भित्रका गीतहरू प्रायः तीन अनुच्छेदको लमाइगत आयाममा बाँधिएका छन् भने प्रथम पुरुषीय कविप्रौढोक्ति एवम् तृतीय पुरुषीय कविनिबद्धवक्तृप्रौढोक्ति दुवै उक्तिढाँचामा समानरूपले आबद्ध रहेका छन् ।

## ४.३.४ निष्कर्ष र मूल्याङ्कन

प्रेमप्रकाश मल्लद्वारा लेखिएको काव्य 'अनुभूतिका स्वरहरू' बाणीसमूह विराटनगरद्वारा वि.सं. २०४५ मा प्रकाशित भएको हो । जम्मा ७४ पृष्ठमा संरचित

यस कृतिलाई दुई खण्डमा बाँडिएको छ। पहिलो खण्ड पृष्ठ १० देखि पृष्ठ ५१ सम्मको पृष्ठगत् लमाइमा फैलिएको छ, जहाँ १५१ वटा मुक्तकहरू समेटिएका छन् भने पृष्ठ ५२ देखि पृष्ठ ७४ सम्म फैलिएको दोस्रो खण्डमा ६ वटा गजल र २६ वटा गीतहरू समेटिएका छन् ।

'अनुभूतिका स्वरहरू'भित्र सङ्गृहीत १५१ वटा मुक्तकहरू सबै शीर्षकविहीन छन् भने यिनमा आन्तरिक तथा बाह्य दुवै संरचनाको सफल प्रयोग भएको छ । मुक्तलयको प्रयोग गरी लेखिएका प्रस्तुत मुक्तकहरूमा तत्सम, आगन्तुक र मौलिक तीनै स्रोतहरूबाट शब्दहरू जुटाइएको छ भने अनुप्रास, अनुकरणात्मक शब्द, निपात र बोलीचालीको भाषा प्रयोगले काव्यलाई मधुर र श्रुतिमय बनाएको छ। प्रथम पुरुष र तृतीय पुरुष दुवै कथनपद्धति अँगालिएको यी मुक्तकहरूमा रसगत विविधता अपनाउँदै शब्दलङ्कार र अर्थालङ्कार दुवैको उपस्थितिमा विविध विम्ब र प्रतीकको समेत उचित प्रयोग गरिएको छ।

'अनुभूतिका स्वरहरू' कृतिभित्र पृष्ठ ५४ देखि ५८ सम्म जम्मा ६ वटा गजलहरू सङ्कलित छन्। संरचनात्मक तत्त्वहरूका आधारबाट यी ६ वटा गजलहरूको मूल्याङ्कन गर्दा बहरको एवम् तखल्लुस प्रयोगका दृष्टिले सबै गजल कमजोर साबित हुन्छन् भने चौथो गजलमा (**जिन्दगी, जिन्दगी, यो जिन्दगी** ....(पृ.५६) काफियाको प्रयोग नभएका आधारबाट आधुनिक गजल सिद्धान्तअनुसार गजल नै मान्न नसकिने आधार सिर्जना भएको छ। यी दुई तत्त्व वाहेक रदिफ, मकता, मिसरालगायतका अन्य तत्त्वहरूको उचित प्रयोग भएको छ । समसामयिक विषयवस्तुका साथै मानव अन्तर्मनका कुण्ठाहरूलाई समेत उद्घाटित गरेका प्रस्तुत गजलहरूमा निजी जीवनका पीडा एवम् छट्पटीलाई पनि समेट्ने काम भएको छ। मूलतः करुण रस अनि तत्सम, आगन्तुक र मौलिम शब्दस्रोत अपनाइएको 'अनुभूतिका स्वरहरू' भित्रका गजलमा शब्दालङ्कार अर्थालङ्कार दुवैको समान प्रयोग गरिनाका साथै कवि प्रौढोक्ति र कविनिवद्धबक्तृप्रौढोक्ति दुवै उक्तिढाँचा अपनाइएको छ।

पृष्ठ ५२ देखि सुरु भएको दोस्रो खण्डमा केही गजलका साथै २६ वटा गीतहरू समेटिएका छन् भावगत विविधतालाई अँगालिएका प्रस्तुत गीतहरूमा कल्पनाको सही उपयोग गर्दै लय र ध्वनिसङ्गीतको उचित तालमेल मिलाइएको छ भने शब्दालङ्कार र

अर्थालङ्कार दुवैका माध्यमबाट भाषिक चमत्कार सिर्जना भएको छ । विम्ब र प्रतीक प्रयोगका दृष्टिले समेत मह**त्त्व**पूर्ण मानिने प्रस्तुत गीतहरूमा विचलनयुक्त, अलङ्कारिक र माधुर्यगुणयुक्त भाषाको प्रयोग गएको छ, जहाँ तत्सम मौलिक र आगन्तुक शब्दस्रोत जुटाई निपात र अनुकरणात्मक शब्दहरूको प्रयोग गरिँदा थप साङ्गीतिक एवम् श्रुतिमधुर परिस्थिति उत्पन्न भएको छ ।

यसरी मुक्तक गजल र गीतजस्ता साहित्यका विविध विधाहरू समेटिएको प्रस्तुत 'अनुभूतिका स्वरहरू' काव्य सम्बन्धित विधागत तत्त्वहरूको प्रयोगमा सामान्य कमजोरी देखिए तापनि अभिव्यक्तिगत सौन्दर्य र सूत्रात्मक शैलीको उचित प्रयोगले सफल देखिन्छ । नेपाली काव्यफाँटका सेरोफेरोमा रहेर प्रस्तुत 'अनुभूतिका स्वरहरू' कृतिको मूल्याङ्कन गर्दा यसभित्र समेटिएका विषयवस्तु एवम् विधागत सचेतताका आधारमा यो कृति मध्यम स्तरको कृति साबित हुन्छ ।

## ४.४ 'पञ्चगान' गीतसङ्ग्रहको विश्लेषण एवम् मूल्याङ्कन

प्रेमप्रकाश मल्लका विभिन्न कृतिहरूमध्ये प्रस्तुत 'पञ्चगान' गीत विशेषसँग सम्बन्धित सङ्ग्रह हो, जहाँ पञ्चायती व्यवस्थाको समर्थनमा आधारित २५ वटा गीतहरू सङ्गृहीत छन् । वि.सं. २०२५ सालमा प्रकाशित 'पञ्चगान' गीतसङ्ग्रह जम्मा २५ पृष्ठको बिस्तार पाएको संक्षिप्त आयामको कृति हो । पञ्चायतकालीन परिवेशमा रचना गरिएको यस कृतिको मुख्य प्रयोजन पञ्चायत प्रशिक्षण कार्यक्रममा सहभागी हुन आउने व्यक्तिहरूका लागि मानसिक वातावरण तय गरी उनीहरूको मन जित्नु रहेको छ । रेडियो नेपालबाट समेत प्रसारण भइरहेका 'पञ्चगान'भित्रका कतिपय गीतहरूको गायन स्वयं  प्रेमप्रकाश मल्लले नै गरेका छन् भने केही गीतहरू शिवशङ्करले गाएका छन् ।

'पञ्चगान'कृति गीतसङ्ग्रहसँग सम्बन्धित भएकाले यसभित्रका गीतहरूलाई गीतका संरचनागत तत्त्व एवम् गीत विश्लेषणका लागि आवश्यक पर्ने अन्य कतिपय कोणहरूबाट विवेचना गरिनु बढी सान्दर्भिक हुन्छ । त्यसैले गीत विश्लेषणका लागि आवश्यक पर्ने तत्त्व र तिनका कसीमा 'पञ्चगान' गीत सङ्ग्रहभित्रका गीतहरूको व्याख्या गर्न सकिन्छ :

### ४.४.१ भावविधान

गीत विश्लेषणका लागि आवश्यक पर्ने भावविधानका आधारमा हेर्दा ‘पञ्चगान’ भित्रका गीतहरू प्रायः वीर रसमा आधारित छन् भने त्यसपछि मात्र अन्य रसहरूको क्रमिक प्रयोग भएको छ । सुरुकै ‘मकुट-गान’, ‘गौरव-गान’ तथा ‘अस्तित्त्व -गान’ शीर्षकका गीतहरूमा नै उत्साहको भाव देखिएका यी गीतहरूलाई वीर रससँग सम्बन्धित गीतहरूका रूपमा मूल्याङ्कन गर्न सकिन्छ । त्यस्ैगारी ‘युवा-गान’ शीर्षकको गीतमा उल्लिखित निम्न श्लोकले पनि वीर रसलाई नै अङ्गिकार गरेको छ, :

**युवक हौं**

**हामी साहसी निर्भीक छौं**

**देशका लागि बाँच्दछौ मर्दछौं**

**आमाका दशधारा दूधको भारा हामी**

**रगत नै आफ्नो दिएर तिर्दछौं ।**

‘पञ्चगान’ भित्रका केही गीतहरूमा ‘शम’ स्थायी भाव हुने शान्त रसको पनि प्रयोग भएको छ । मूलतः शान्तिप्रेमी गीतकारले शान्तिको आवश्यकता र महत्त्व दर्शाउने क्रममा अनि जीवनका शाश्वत पक्षहरूलाई उजागर गर्ने सिलसिलामा शान्त रसको प्रयोग गरेका छन् । ‘मुकुट-गान’का केही श्लोकमा प्रयोग भएको शान्त रस ‘पञ्चगान’ ‘निष्ठा-गान’ लगायतका गीतहरूमा पनि प्रयोग भएकै छ । अझ यसको विशेष प्रयोग ‘शान्ति-गान’ शीर्षकको गीतमा भएको छ, जसलाई निम्न उदाहरणबाट प्रस्ट्याउन सकिन्छ : **विकासको निम्ति यहाँ शान्ति चाहिन्छ**

**शान्ति रहेपछि मात्र विकास सम्भव हुन्छ ।**

**शान्ति रहे विकास हुन्छ, विकास भए शान्ति**

**नेपालीको मुटु चाहन्छ विश्वभरि शान्ति** (पृ.२०) ।

त्यसैगरी आश्चर्य स्थायी भाव भएको अद्भुत रसको प्रयोग अस्तित्त्व गान शीर्षकको गीतको पहिलो अनुच्छेदमा हामी नेपाली र हाम्रो राष्ट्र नेपाल कसरी बन्यो भनेर आश्चर्य चकित बनेका गीतकारले आँखा चिम्लिएमा सारा रहस्यभाव खुल्छ भन्ने प्रसङ्ग उद्घाटित गर्दा देखापरेको छ । ‘पञ्चगान’ गीत सङ्ग्रहका केही गीतहरूमा

वीर, शान्त र अद्भुत रस जस्तै शृङ्गार रसको पनि प्रयोग भएको छ । देश, देशको माटो र वरिपरिका वातावरणको चर्चा गर्ने क्रममा विशेष रूपले आएको शृङ्गार रसको उदाहरण स्वरूप निम्न गीतांशलाई प्रस्तुत गरिनु सान्दर्भिक हुन्छ,:

**माटोमाथि लडीबडी खेलिराखूँ जस्तो लाग्छ**
**ढुंगालाई म्वाई खादै हिँडिराखूँ जस्तो लाग्छ**
**यति धेरै माया लाग्छ यो धरतीको मलाई**
**मरीमरी सधैँभरि बाँचिराखूँ जस्तो लाग्छ** (पृ.५) ।

यसरी विशेषरूपमा वीर, शान्त अद्भुत र शृङ्गार रसको प्रयोग भएको ‘पञ्चगान’ गीतसङ्ग्रहमा अन्य रसको खासै उपस्थिति पाइँदैन ।

### ४.४.२ कल्पनाप्रयोग

गीतलाई नीरस हुन नदिई रसिक बनाउने तत्त्वका रूपमा कल्पनालाई स्विकारिन्छ । कुनै पनि गीतमा कल्पनाको धेरथोरमात्रामा प्रयोग भएकै हुन्छ । स्वयम् गीतकारको निजी घटनालाई समेत गीतमा प्रस्तुत गर्दा केही न केही मात्रामा कल्पनाको सहयोग लिइएको हुन्छ ।

प्रेमप्रकाश मल्लद्वारा लिखित ‘पञ्चगान’ गीतसङ्ग्रहभित्रका गीतहरूमा पनि कल्पनाको प्रयोग भएकै छ । गीतकारले उनको पहिलो ‘मुकुट-गान’ शीर्षकको गीतमा नै मुकुटलाई सम्पूर्ण नेपालीहरूको मुटुजस्तै प्यारो जीवनज्योति बाल्ने दियालोको रूपमा अथवा एकताको प्रतीकका रूपमा पुष्टि गर्ने क्रममा कल्पनाकै सहारा लिएका छन् । यदि यस रचनामा कल्पनाको सही सदुपयोग हुदैनथ्यो भने विविध विम्ब, प्रतीक, अलङ्कार जस्ता गीतलाई सिँगार्ने तत्त्वहरूको पनि सिर्जना हुदैनथ्यो फलतः गीत, गीत नभएर राजमुकुटको कोरा बयान गरिएको लेख जस्तो बन्न जान्थ्यो ।

त्यसैगरी कल्पनाको अत्यधिक प्रयोग ‘हृदय-गान’ शीर्षकको गीतमा गरिएको छ । यस गीतमा गीतकारले माटोसँग लडीवुडी खेल्ने, ढुङ्गालाई म्वाई खाने इच्छा गरेका छन् अनि धरतीको मायाका कारण मरेर पनि यही धरतीको सेवा गर्न बाँचिराख्ने अतिकल्पना गरेका छन् । कल्पनाकै क्रममा गीतकार पहरासँग आफ्नो छाती जोडेरप्रेमालाप बर्साउन चाहन्छन् अनि आनन्दले रोमाञ्चित भएर देशका पाखा पखेरा

चारैतिर गीत गाउँदै हिँड्न चाहन्छन् । अझ गीतकार प्रेमप्रकाश मल्लको अति कल्पनाको प्रयोग तब देखिन्छ जब उनी आफ्नो चाहनालाई यसरी व्यक्त गर्छन् :

**हाँसे भने मुहार भरि हिमाल झल्काइ दिन्छु**

**रोएपछि आँखा भरि नेपाल भिजाइदिन्छु** (पृ.५) ।

यही क्रमले गीतकार प्रेमप्रकाश मल्लले 'पञ्चगान'भित्र सङ्गृहीत आफ्ना अन्य गीतहरूमा पनि कल्पनाको उचित प्रयोग गरेर गीतलाई आकर्षक एवम् प्रभावकारी बनाएका छन् । 'गौरव-गान' गीतमा राजालाई शिखरभन्दा उच्च दृष्टि गर्नका लागि होस् अथवा 'जय-गान' गीतमा सबै नेपालीहरूलाई छरिएररहेका अक्षरहरूसँग तुलना गर्दै होस् गीतकारको कल्पना महत्वपूर्ण साबित भएकै छ ।

## ४.४.३ सङ्गीततत्त्व

गीतमा अति आवश्यकीय तत्त्व सङ्गीतअन्तर्गत लय र ध्वनी सङ्गीतको अध्ययन गरिन्छ । यी दुई मध्ये पनि लयव्यवस्थाका आाधारमा पञ्चगान भित्रका गीतहरूलाई तल लेखिएअनुसार समीक्षा गर्न सकिन्छ :

साधारणतया लयव्यवस्थाका आधारबाट कुनै पनि गीतको अध्ययन गर्दा तीन किसिमका प्रक्रियाहरू देखा पर्छन्, ती हुन् :

क) एउटै नियमित लय व्यवस्थामा आधारित गीत

ख)मिश्रित नियमित लयव्यवस्थामा आधारित गीत

ग) अनियमित वा मुक्तलय व्यवस्थामा आधारित गीत

'पञ्चगान' भित्रका गीतहरूमा यी तीनै किसिमका लयव्यवस्थाको प्रयोग भएको छ । 'पञ्चगान' भित्रको पहिलो 'मुकुट-गान' शीर्षकको गीतमा (४+४+४+२= १४) चौध अक्षर लोक छन्द अन्तर्गतको सवाई छन्दको प्रयोग भएको छ । जस्तै :

**विन्दु सरी चारैतिर छरिएका हामी**

**विन्दुले नै राखेको छ हामीलाई थामी** (पृ.१) ।

यस आधारबाट हेर्दा प्रस्तुत 'मुकुट गान' शीर्षकको गीत छन्द अथवा अक्षर सङ्ख्या मिलेमा सिर्जना हुनजाने एउटै नियमित लयव्यवस्थामा आधारित गीतभित्र पर्दछ । यही व्यवस्थाको अर्को उदाहरणका रूपमा 'सेवा गान' (पृ.१८) शीर्षकको

गीतलाई पनि लिन सकिन्छ । यस गीतमा पनि प्रत्येक हरफमा १४ अक्षर हुने लोक छन्दको प्रयोग भएको छ ।

मिश्रित नियमित लयव्यवस्थामा आधारित गीतमा स्थानीयमा छुट्टै अक्षर सङ्ख्या र अन्तरामा छुट्टै अक्षर सङ्ख्याको व्यवस्था हुन्छ । पञ्चगान भित्रका केही गीतहरूमा यस किसिमको लयव्यवस्था अँगालिएको छ जस्तो : **सबै नेपाली पंच हौ**

**सबै नै पंच नेपाली**

**मुकुटको छत्र छायामा**

**एकत्र हामी हिमाली**

**सदैव स्वस्थ तन र चोखो मनले यही माटोमा**

**विवेक र वाहुको वर्कत लिएर आफ्नो बाटोमा** (पृ.६) ।

माथिको उदाहरणमा स्थायी खण्डमा ८ अक्षरको प्रयोग भएको छ भने अन्तरामा १४ अक्षरे पङ्क्तिको प्रयोग गरिएको कारणले यस उदाहरणलाई मिश्रित नियमित लयव्यवस्थामा आधारित गीत मान्न सकिन्छ ।

अनियमित वा मुक्त लयमा आधारित गीतमा अक्षर सङ्ख्या मिलेको हुँदैन बरु अनुप्रासले मात्र यस्ता गीतहरूलाई गीतको स्वरूप प्रदान गर्दछन् । पञ्चगान भित्रको कही गीतहरूमा यस किसिमको लयव्यवस्थाको प्रयोग गरिएको छ । जस्तै :

**हामी मजदुर हौँ, हामी मजदुर हौँ, हामी मजदुर हौँ**

**स्वदेशको उन्नतिका लागि तनमन दिएर हामी**

**काम गर्दछौँ, काम गर्दछौँ** (पृ.१३) ।

दिइएको उदाहरणमा अक्षर सङ्ख्या मिलेको छैन बरु हौँ र छौँ मा आएको 'औँ' को आवृत्तिले गर्दा गीत भन्न सकिने अवस्था सिर्जना भएको छ ।

यिनै विविध लयविधान अँगालिएको 'पञ्चगान' भित्रका गीतहरूमा ध्वनिसङ्गीतको पनि उपयोग गरिएको छ । ध्वनिसङ्गीतभित्र गीतमा साङ्गीतिकता ल्याउने अन्त्यानुप्रास, मध्यानुप्रास, आद्यानुप्रास र अन्तरानुप्रासको अध्ययन गरिन्छ ।

अन्त्यानुप्रासका दृष्टिले 'पञ्चगान'भित्रका गीतहरूलाई अवलोकन गर्दा 'मुकुट-गान' (पृ.१) शीर्षक को गीतमा पहिलो र दोस्रो पङ्क्ति अनि तेस्रो र चौथो पङ्क्तिको बीच अन्त्यानुप्रास मिलाइएको छ भने 'गौरव-गान' (पृ.२) शीर्षकको गीतमा पहिलो

दोस्रो र चौथो पङ्क्तिमा अन्त्यानुप्रास मिलेको छ । एवम्रीतले 'जय-गान' (पृ.३) शीर्षकको गीतमा पहिलो दोस्रो र तेस्रो पङ्क्तिमा अन्त्यानुप्रास मिलाइएको छ भने दोस्रो र चौथो पङ्क्तिमा अन्त्यानुप्रास मिलाइएको गीत 'पञ्चगान' (पृ.६) हो । त्यसैगरी 'सेवा-गान' (पृ.१७) मा दोस्रो र तेस्रो पङ्क्तिका बीच अन्त्यानुप्रास मिलाइएको छ भने पहिलो र दोस्रोका बीच अन्त्यानुप्रास मिलेको अवस्था 'शान्ति-गान' (पृ.२०) मा पाउन सकिन्छ ।

मध्यानुप्रासका दृष्टिबाट हेर्दा 'पञ्चगान' भित्रका धेरै गीतहरूमा यसको प्रयोग भएको छ । जस्तै : **हाम्रो मुटुको ढुकढुकी प्यारा राजा जिन्दावाद**

**राजाको मुटुको ढुकढुकी सारा जनता जिन्दावाद**

माथिको उदाहरणमा 'मुटुको ढुकढुकी' र 'रा'को आवृत्ति मध्यखण्डमा भएका आधारमा मध्यानुप्रासको सफल प्रयोग भएको छ । यसैगरी आद्यानुप्रासका दृष्टिले समेत प्रशसनीय मानिने प्रस्तुत गीतहरूबाट निम्नलिखित गीतांशलाई उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ :

**सेवा गरेर हरदम यो जिन्दगी बिताऊँ**

**सेवामै सुख खोजुँ सेवामै शान्ति पाऊँ** (पृ.१८) ।

यस उदाहरणमा आदिभागमा दोहोरिएको सेवाले आद्यानुप्रासको काम गरेको छ । 'पञ्चगान' भित्रका गीतहरूमा अन्तरअनुप्रासको पनि प्रयोग भएको छ । जस्तैः ज्योति, ज्योति मिली एउटा 'ज्योतिपुञ्ज बन्छ' (पृ.१) । यस उदाहरणमा 'ज्योति' को आवृत्ति लगातार रूपमा भएका आाधारमा अन्तरअनुप्रासको सिर्जना भएको छ ।

यसरी लय र ध्वनिसङ्गीतको आवश्यकीय प्रयोगका कारण 'पञ्चगान' भित्रका गीतमा सङ्गीतको सिर्जना भएको छ ।

### ४.४.४ विम्ब, प्रतीक र अलङ्कार

'पञ्चगान' गीतसङ्ग्रह भित्रका गीतहरूमा विविध विम्ब, प्रतीक र अलङ्कारको प्रयोग भएको छ । विम्ब प्रयोगतर्फ मूल्याङ्कन गर्दा प्राकृतिक विम्ब अन्तर्गत हिमाल, शिखर, जल, धरती, ढुङ्गा, माटो, सुनगाभा, लालीगुराँस आदि उल्लेख भएका छन् ।

राजनैतिक विम्ब अन्तर्गत राजा, रानी, राजकुमार, राष्ट्र आदि उल्लेख भएका छन् भने मानव शरीरसँग सम्बन्धित मुटु, पाखुरा, आँखाजस्ता विम्बहरूको प्रयोग गरिएको छ । त्यसैगरी रगत, मोती, अक्षर, सैनिक, घर, रथलगायतका अन्य विम्बहरूको प्रयोग पनि 'पञ्चगान'मा सङ्गृहीत गीतहरूमा भएको पाइन्छ ।

विविध विम्ब पाइने 'पञ्चगान' भित्रका गीतहरूमा प्रतीकहरूको प्रयोग पनि समान रूपले भएको छ । यस सङ्ग्रहमा सङ्गृहीत पहिलो 'मुकुट-गान' गीतमा नै नेपालीलाई पाखुरीका धनी का रूपमा चिनाइएको छ । पाखुरीका धनी भन्नाले धेरै पाखुरै पाखुराको सङ्कलन गरी धनी भएको भन्ने अभिधात्मक अर्थ नभई कर्मठ र जाँगरिला नेपालीहरूलाई प्रतीकात्मक रूपले सङ्केत गरिएको छ । त्यसैगरी 'मुकुट-गान'मा आएको विकासको मूल फुट्ने भन्ने पदावलीले कुनै पहाडबाट बग्ने मूल फुट्ने सङ्केत नगरी सबैतिर विकास हुन्छ भन्ने प्रतीकात्मक अर्थ बहन गरेको छ । 'गौरव-गान' मा आएको 'राजा' व्यक्तिविशेषलाई बुझाउनु भन्दा बढी शान स्वाभिमान र प्राणको प्रतीक हो भने 'हृदय-गान' शीर्षकको गीतमा गीतकारले माटोमाथि लडीबुडी खेल्ने र ढुङ्गालाई म्वाइँ खाँदै हिँडने प्रसङ्ग ल्याएका छन् । यहाँ लडीबुडी खेल्नु र म्वाइँ खाँदै हिँड्नुको प्रतीककात्मक अर्थ अत्यन्त माया गर्नु हो । एवम्क्रमले 'युवा-गान'मा गीतकारले हामी हिमाल भइदिन्छौँ नेपाल भइदिन्छौँ, भन्नाको प्रतीकात्मक अर्थ हो हामी नेपालको हिमाल र हिमाली नेपाललाई अत्यधिक माया गर्छौं ।

गीतलाई सिँगार्ने तत्त्वका रूपमा अलङ्कारलाई चिनिन्छ । 'पञ्चगान' भित्रका गीतहरू शब्दालङ्कार एवम् अर्थालङ्कार दुवैद्वारा सिँगारिएका छन् । शब्दालङ्कारभित्र पनि विशेषतः अन्त्यानुप्रास, आद्यानुप्रास, मध्यानुप्रास र अन्तरानुप्रासको प्रयोग गरिएका प्रस्तुत सङ्ग्रहभित्रका गीतहरूमा निम्नलिखित अर्थालङ्कारको प्रयोग गरिएको छ :

क) **रूपक अलङ्कार-** उममेयलाई निषेध नगरी उपमानको अभेदारोप भएमा रूपक अलङ्कार हुन्छ ।[६५] 'पञ्चगान' शीर्षकको गीतभित्रको यस किसिमको लक्षण भएको रूपकको प्रस्ट उदाहरण पाउन सकिन्छ ।

जस्तै : **सबै नेपाली पञ्च हौँ**

---

[६५] सोमनाथ शर्म्मा सिग्देल, **साहित्य प्रदीप**, (काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०५८) पृ. २२३ ।

**सबै नै पञ्च नेपली** (पृ.६) ।

ख) **विरोध अलङ्कार-** कुनै वस्तु गुण क्रियाहरूमा विरोध जस्तो भान भएमा विरोध अलङ्कार हुन्छ ।[६६] विरोध अलङ्कारको प्रयोग 'पञ्चगान' गीत सङ्ग्रहभित्रको 'हृदय-गान' शीर्षकको गीतको निम्न अंशमा भएको छ : **मरी मरी सधैँभरी बाँचि राखुँ जस्तो लाग्छ** (पृ.५) ।

ग) **उपमा अलङ्कार-** कुनै पनि एक वस्तु विशेषलाई अर्कोसँग दाँज्दा उपमा अलङ्कारको सिर्जना हुन्छ । यस्तो उपमा अलङ्कार गीतसङ्ग्रहका थुप्रै गीतहरूभित्र प्रयोग भए पनि निम्न गीतांशलाई उदाहरण स्वरूप पेस गर्न सकिन्छ : **कलकल बग्ने निर्मल जल झैँ जीवन हाम्रो संगीतमय छ** (पृ.२) ।

घ) **प्रश्नालङ्कार-** कुनै पनि काव्यिक अंशमा प्रश्नको भाव झल्किएमा प्रश्न अलङ्कारको सिर्जना हुन्छ । जस्तै : **कसरी यो राष्ट्र बन्यो**

**कसरी हामी हामी बन्यौँ** (पृ.४) ।

'पञ्चगान' भित्रको 'अस्तित्त्व-गान' शीर्षकको गीतमा सङ्कलित प्रस्तुत गीतांशमा राष्ट्र र हामी कसरी बन्यौ भनेर प्रश्न सोधिएकाले प्रश्न अलङ्कार सिर्जना भएको छ ।

ङ) **उत्तरालङ्कार-** काव्यमा वा कुनै कृतिमा उठेका जिज्ञासालाई समाधान गर्ने उद्देश्यले उत्तरात्मक शैली अपनाई प्रस्तुत गरिएको अभिव्यक्ति नै उत्तरालङ्कार हो । 'पञ्चगान' भित्रको 'अस्तित्त्व-गान' गीतभित्र 'राष्ट्र कसरी बन्यो' भन्ने जिज्ञासा वा प्रश्नको उत्तर दिदै 'राष्ट्र बन्यो पुर्खाको रगत पसिनाले, सपनाले, विपनाले, परिकल्पनाले' (पृ.४) भावको गीतांश प्रस्तुत भएको छ, जसलाई उत्तरालङ्कारको उदाहरण मान्न सकिन्छ ।

एवम्रीतले 'पञ्चगान' गीतसङ्ग्रहका गीतभित्र अनेकौँ अर्थालङ्कारको प्रयोग भएको छ जसले सम्पूर्ण सङ्ग्रहलाई नै अर्थगत चमत्कारका आधारबाट सजाउने काम गरेको छ ।

---

[६६] ऐजन, पृ २३४ ।

### ४.४.५ भाषा

गीतको अभिव्यक्तिको माध्यम भाषा हो । भाषाको प्रयोग के-कस्तो किसिमले भएको छ, त्यसैका आधारमा गीत के-कति सुमधुर र कर्णप्रिय बनेको छ भन्ने पक्षको मूल्याङ्कन गर्न सजिलो हुन्छ । भाषा प्रयोगका दृष्टिले 'पञ्चगान' भित्र सङ्गृहीत गीतहरूलाई हेर्दा गीतले अपनाउने विचलनयुक्त भाषाको प्रयोग भएको छ । कतिपय गीतहरू लोकछन्दमा आधारित छन् भने कतिपय गीतहरूले अनुप्रासकै आधारमा लयात्मकताको सिर्जना गरी भाषालाई सुदृढ बनाएका छन् । प्रायः गीतहरू माधुर्यगुणको प्रयोग भएको भाषामा संरचित हुन्छन् भने 'पञ्चगान' भित्रका गीतहरूले समेत माधुर्यगुणयुक्त भाषालाई आफ्नो अभिव्यक्तिका माध्यम बनाएका छन् । गीतमा श्रुतिकटुता उत्पन्न हुने 'ट' वर्णको प्रयोग अत्यन्त कम मात्रामा गरिनाका साथै आलङ्कारिक भाषाको प्रयोगले सौन्दर्यात्मक स्वरूप प्रदान गरेको छ ।

भाषा निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने शब्दस्रोतको मूल्याङ्न गर्दा यस कृतिमा मौलिक र आगन्तुक स्रोतहरूको उपयोग गरिएको छ । बढी मात्रामा तत्सम शब्दहरूको प्रयोग भएका 'पञ्चगान' भित्रका गीतहरूमा दिव्य, ज्योति कुञ्ज, नरेश, विन्दु, प्राण, समग्र, जल, अस्तित्त्व, लयजस्ता शब्दहरूलाई देख्न सकिन्छ । त्यसैगरी मझेरी, पाखुरी, ढुकढुकी, झुक्नु जस्ता जनजिब्रोका शब्दहरूको उपयोग गरिएको प्रस्तुत 'पञ्चगान' भित्रका गीतहरूमा जुडी, मुकुट, शान, जिन्दावाद, बर्कत, कदम, चैन, नीद, जस्ता आगन्तुक शब्दहरूको समेत प्रयोग भएको छ ।

'पञ्चगान' गीतसङ्ग्रह भित्रका गीतहरूमा साङ्गीतिकता भर्नका लागि काव्यिक भाषाको प्रयोग गरिनाका साथै काल्पनिक अतिशयोक्तिपूर्ण र प्रतीकात्मक भाषाका माध्यमद्वारा गीतहरूलाई अझ प्रभावकारी तुल्याइएको छ । भाषामा अनुप्रास मिलाई लयात्मकता सिर्जना गर्ने उद्देश्यले अथवा अक्षर संरचना मिलाउनका लागि 'गइन्छ' लाई 'जाइन्छ', 'साथलिई' लाई 'साथलि', 'यिनै'लाई 'इनै', 'बन्नदेऊ', लाई बन्नूदेउ', जस्ता कथ्यस्वरूपहरूको समेत प्रयोग भएको छ । 'ढकमक', 'सरसर' जस्ता विभिन्न अनुकरणात्मक शब्दहरूले स्थान पाएको 'पञ्चगान' भित्रका गीतहरूमा सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्य संरचनाले भाषालाई आवश्यकता अनुसार सजाएका छन् ।

अन्ततः माधुर्यगुणले युक्त सुमधुर भाषाको प्रयोग भएको 'पञ्चगान' गीतसङ्ग्रहमा आलङ्कारिक प्रतीकात्मक एवम् काव्यिक भाषा शैली अपनाइएको छ ।

### ४.४.६ स्थायी, अन्तरा र थेगो

गीतमा नभई नहुने बाह्य तत्त्व स्थायी हो । स्थायी भन्नाले कुनै पनि गीतको बारम्बार दोहोरिरहने भाग हो । स्थायी प्रयोगका दृष्टिले 'पञ्चगान' भित्रका सबै गीतहरू सफल देखिन्छन् । 'पञ्चगान' भित्रका गीतहरूमा चार पङ्क्तिमा आबद्ध स्थायी खण्ड पाइनुका साथै कतिपय गीतहरूमा दुई पङ्क्ति र कतिपय गीतहरूमा तीन पङ्क्तिमा समेत स्थायीहरूलाई समेटिएको छ । दुई पङ्क्तिमा आबद्ध स्थायी पहिलो 'मुकुट-गान' शीर्षकको गीतदेखि लिएर 'युवा-गान', 'प्रौढ-गान', 'सेवा-गान', 'शान्ति-गान', 'निष्ठा-गान' लगायतका गीतहरूमा प्रयोग गरिएको छ ।

जस्तै : **सेवा गरेर हरदम यो जिन्दगी बिताउँ**

**सेवामै सुख खोजुँ सेवामै शान्ति पाउँ** (पृ.१८) ।

'सेवा-गान'बाट लिइएको प्रस्तुत उदाहरणमा जम्मा दुई पङ्क्तिको प्रयोग गरी स्थायी निर्माण गरिएको छ ।

त्यसैगरी तीन पङ्क्तिमा आधारित स्थायी भएका गीतहरू 'जय-गान', 'महिला-गान', 'किसान-गान', 'मजदुर-गान', 'भूतपूर्व सैनिक-गान', 'पञ्चगान', 'सेवा-गान', 'सङ्कल्प-गान', र 'हिमचिम-गान' रहेका छन् । तीन पङ्क्तिमा आबद्ध स्थायीको उदाहरण 'महिला-गान' शीर्षकको गीतबाट निम्नतवरले देखाउन सकिन्छ :

**अब अगाडि बढ्ने चल्यो सिलसिला**

**पछाडि हट्दैनौं कदापि हामी महिला**

**हामी महिला, हामी महिला, हामी महिला** (पृ.११) ।

चार पङ्क्तिमा आधारित स्थायीको प्रयोग भएका 'पञ्चगान' भित्रका गीतहरूमा 'गौरव-गान', 'अस्तित्त्व-गान', 'हृदय-गान', 'पञ्चगान', 'युवा-गान', (पृ.७), 'युवा-गान' (पृ.८), 'युवा-गान' (पृ.१०) पर्दछन् । चार पङ्क्तिमा संरचित स्थायीको उदाहरण युवा गान (पृ.१०) बाट निम्नबमोजिम प्रस्तुत गर्न सकिन्छ :

**तनमा हाम्रो जोश होस**

**मनमा हाम्रो होस होस**

**हामी युवा हाम्रो**

**एक एक कदम ठोस होस** (पृ.१०) ।

गीतको स्थायी जस्तै आवश्यकीय बाह्य तत्त्व अन्तरा हो । स्थायीपछिको नदोहोरिकन क्रमैसँग अघि बढ्ने अंश नै अन्तरा हो । 'पञ्चगान' गीतसङ्ग्रहभित्रका सबै गीतहरूमा अन्तराको प्रयोग भएको छ । अन्तरा वितरणका दृष्टिले सङ्गृहीत गीतहरूलाई हेर्दा समानुपातिक पङ्क्ति पुञ्जको अन्तरा प्रयोग र असमानुपातिक पङ्क्तिपुञ्जको अन्तरा गरी दुई खण्डमा विभाजन गरेर हेर्न सकिन्छ । 'पञ्चगान' भित्रका अधिकांश गीतहरूमा समानुपातिक तवरले अन्तराको विभाजन गरिएको छ, जहाँ तीन पङ्क्ति र चार पङ्क्तिका अन्तरा देखा पर्दछन् ।

जस्तै : **आइन्छ हात खाली जाइन्छ हात खाली**

**जाँदैन कोही केही आखिर मरेर साथली**

**जाउँ मरेर जाँउ छोडेर जाउँ नाउँ** (पृ.१८) ।

'सेवा-गान' शीर्षकको गीतबाट लिइएको प्रस्तुत गीतांशमा तीन पङ्क्तिको अन्तरा निर्माण गरिएको छ भने सम्पूर्ण अन्तरा सम्बन्धित गीतांशहरू तीन पङ्क्तिमै संरचित छन् । त्यसै गरी 'भूतपूर्व सैनिक-गान' (पृ.१५) र 'पञ्चगान' (पृ.६) लगायतका केही गीतहरूमा यति नै पङ्क्तिको अन्तरा प्रयोग गरिएको छ भनेर छुट्याउन सकिँदैन, त्यसैले यी गीतहरूमा असमानुपातिक पङ्क्तिमा आधारित अन्तराको व्यवस्था गरिएको छ ।

गीतलाई सौन्दर्यपूर्ण र सान्दर्भिक बनाउन प्रयोग हुने तत्त्व थेगो हो । थेगोको गीतमा ऐच्छिक तत्त्व हो जसले गीतमा खासै प्रभावकारी भूमिका खेल्दैन । 'पञ्चगान' भित्रका गीतहरूमा 'हिम चिम गान', बाहेक अन्य कुनै पनि गीतमा थेगो को प्रयोग भएको छैन । 'हिमचिम-गान' मा तेस्रो, चौथो र पाँचौं पङ्क्तिमा उद्गार सम्बन्धी थेगो 'लौन' को प्रयोग गरिएको छ ।

### ४.४.७ विषयवस्तु

'पञ्चगान' गीतसङ्ग्रहमा पच्चीसवटा गीतहरूको समावेश गरिएको संक्षिप्त आयामको कृति हो । यसभित्र समावेश भएका गीतहरूमा विषयवस्तुगत विविधता पाइन्छ । यस कृतिका गीतहरूमा राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राजसंस्था तथा पञ्चायत व्यवस्थाको सम्वर्द्धन, महत्ता र गरिमादि पक्षलाई ध्यानमा राख्दै राजनैतिक प्रशिक्षण दिने उद्देश्यले सिर्जना गरिएका भए तापनि मानवीय कर्तव्य, प्रेम, र जीवनका विविध अवस्थाहरूसँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुहरूको समेत प्रयोग गरिएको छ । यस आधारबाट हेर्दा 'पञ्चगान' गीतसङ्ग्रहभित्र सङ्गृहीत गीतहरूमा प्रयोग भएका विषयवस्तुलाई तल लेखिएबमोजिम चर्चा गर्न सकिन्छ :

यो कृति मूलतः राजनैतिक प्रशिक्षण दिने उद्देश्यले लेखिएका कारण यस भित्रका कतिपय गीतहरू राजनैतिक विषयवस्तुमा आधारित छन् । राजनैतिक विषयवस्तु भित्रपनि प्रत्यक्ष राजासँग सरोकार राख्ने विषयवस्तु भएका गीतहरूमा 'मुकुट-गान', 'संकल्प-गीत', 'गौरव-गान', 'जय-गान' पर्दछन् भने पञ्चायती व्यवस्थाको वर्णन गर्न आधारित विषयवस्तु अँगालिएको गीत पञ्चगान (दुवै) हो । राजनैतिक विषयवस्तुमा आधारित गीतको उदाहरण निम्नलिखित गीतांशद्वारा प्रस्ट पार्न सकिन्छ : **सबै नेपाली पंच हौं**

**सबै नै पंच नेपाली**
**मुकुटको छत्र छायाँमा**
**एकत्र हामी हिमाली** (पृ.६) ।

'पञ्चगान' गीतसङ्ग्रह भित्रका गीतहरूमा प्रेम सम्बन्धी विषयवस्तुको पनि प्रयोग भएको छ । प्रेमभित्र पनि मानव प्रेममा आधारित गीत 'हिमचिम-गीत' हो भने 'हृदय-गान' राष्ट्र प्रेम सम्बन्धी विषयवस्तुलाई अँगालेको गीत हो । मानवप्रेम सम्बन्धी विषयवस्तुको प्रयोगलाई प्रस्ट पार्न 'हिमचिम-गान' गीत भित्रको निम्न गीतांशलाई उदाहरण स्वरूप प्रस्तुत गरिनु बढी सान्दर्भिक हुन आउँछ :

**मलाई लौन तिम्रो आँखाभित्र हेर्नदेउ**
**तिमी लौन मेरो आँखाभित्र हेरिदेउ**

**मलाई लौन तिमी बन्नदेउ**

**तिमी लौन लौन म बनिदेउ** (पृ.२२) ।

त्यसैगरी कर्तव्य आदर्श र मानवसेवा सम्बन्धी विषयवस्तुलाई अँगालेका गीतहरू पनि 'पञ्चगान' मा सङ्गृहीत छन् । यस्ता गीतहरूमा 'निष्ठा-गान', 'सेवा-गान' (पृ.१८) पर्दछन् । यस किसिमका विषयवस्तु अँगालेका गीतहरूमध्ये 'सेवा-गान' (पृ.१८) गीतको प्रस्तुत गीतांशलाई उदाहरण स्वरूप पेस गर्नु सान्दर्भिक हुन्छ :

**सेवा गरेर हरदम यो जिन्दगी बिताउँ**

**सेवामै सुख खोजुँ सेवामै शान्ति पाउँ**

'पञ्चगान' भित्रका धेरैजसो गीतहरूमा मानव पेसा, अवस्था, क्रियाकलापसँग सम्वन्धित विषयवस्तुको प्रयोग गएिको छ । यस किसिमको विषयवस्तुको प्रयोग भएका गीतहरूमा 'भूतपूर्व सैनिक-गान', 'प्रौढ-गान, 'मजदुर-गान', 'किसान-गान', 'महिला-गान', 'युवा-गान' (पृ.७), 'युवा-गान' (पृ.८), 'युवागान' (पृ.९) 'युवागान' (पृ.१०) रहेका छन् ।

जस्तै : **तनमा हाम्रो जोश होस**

**मनमा हाम्रो होस होस**

**हामी युवा हाम्रो**

**एक एक कदम ठोस होस ।**

यसरी देखा परेका पञ्चगान भित्रका गीतहरूलाई हेर्दा राजनैतिक, प्रेमपरक, कर्तव्य, आदर्श र सेवासँग सम्बन्धित एवम् मानव पेसा र अवस्थासँग सम्बन्धित विषयवस्तुको प्रयोग गरिएको छ ।

### ४.४.८ निष्कर्ष र मूल्याङ्कन

प्रेमप्रकाश मल्लद्वारा लेखिएको 'पञ्चगान' गीतसङ्ग्रह वि.सं. २०४५ मा राजनैतिक प्रशिक्षण दिने उद्देश्यले प्रकाशित कृति हो । यस कृतिको लमाइगत आयाम पच्चीस पृष्ठमा संरचित छ भने जम्मा २५ वटा गीतहरूको सङ्कलन यसमा गरिएको छ । यी २५ वटा गीतहरूमध्ये पनि 'युवा-गान' शीर्षकमा चारवटा गीतहरू समावेश

भएका छन् भने 'पञ्चगान' शीर्षकका दुईवटा र 'सेवा- गान' शीर्षकका दुईवटा गीतहरू समाविष्ट छन् ।

'पञ्चगान' भित्रका गीतहरूलाई भावविधानका कोणबाट हेर्दा वीर, शृङ्गार, शान्त र अद्भुत रसको मात्र प्रयोग भएको छ । थप सौन्दर्य सिर्जना गर्नको लागि कल्पनाको सदुपयोग गरिएका 'पञ्चगान' मा सङ्गृहीत गीतहरूमा  तीनै किसिमका लयव्यवस्थाको प्रयोग गरिएको छ भने ध्वनि सङ्गीतअन्तर्गतका अन्त्यानुप्रासको उचित तालमेलले गीतको सङ्गीत पक्षलाई दह्रो बनाएको छ । प्राकृतिक विम्ब राजनैतिक विम्ब र मानवीय अङ्गहरूलाई बुझाउने विम्बहरूको व्यापक प्रयोग भएको 'पञ्चगान' गीतसङ्ग्रहमा प्रतीकहरूको समेत उचित व्यवस्था गरिएको छ । शब्दालङ्कार र अर्थालङ्कार दुवैको चमत्कारबाट चमत्कृत पञ्चगान गीतसङ्ग्रहमा विचलनयुक्त, माधुर्यगुणले सजिएको अलङ्कृत भाषाको प्रयोग गरिएको छ भने तत्सम, मौलिक र आगन्तुक तीनै किसिमका शब्दस्रोतहरूको सदुपयोग गरिएको छ । गीतका लागि नभई नहुने स्थायी र अन्तरा 'पञ्चगान' भित्रका सबै गीतमा पाइन्छन् भने थेगो 'हिमचिम- गान' शीर्षकको गीतमा मात्र प्रयोग गरिएको छ । पञ्चगानभित्रका गीतहरूमा मूलतः राजनैतिक, प्रेमपरक, सेवा र आदर्श सम्बन्धित एवम् मानव पेसासँग सरोकार राख्ने विषयवस्तुको प्रयोग गरिएको छ । प्रथम पुरुषीय  (कविप्रौढोक्ति) दृष्टिविन्दु र तृतीय पुरुषीय (कविनिबद्धवक्तृप्रौढोक्ति) दुष्टिविन्दु दुवैको प्रयोग गरिएको 'पञ्चगान' गीत सङ्ग्रहमा प्रत्येक गीतको शीर्षक दिएर उल्लेख गरिएको छ ।

यसरी २५ पृष्ठको अत्यन्त संक्षिप्त आयाममा संरचित कृति 'पञ्चगान'मा कतिपय उच्च आदर्शले युक्त भक्ति (देशभक्ति) समाहित छ भने कतिपय गीतहरू केवल पञ्चायती व्यवस्था र राजा रानीको प्रचार प्रसारका लागि मात्र निर्माण गरिएका छन् । यस आधारमा हेर्दा केही शाश्वत गीतहरू र केही प्रचारवादी गीतहरूको सँगालो 'पञ्चगान' अत्यन्त उत्कृष्ट कृति पनि बन्न सकेको छैन न त निकृष्ट कृतिका रूपमा नै स्वीकार्न सकिने देखिन्छ । बरु 'पञ्चगान' गीतसङ्ग्रहको समग्रपक्षलाई विचार गरेर एकै वाक्यमा मूल्याङ्कन गर्दा यो मध्यमस्तरको कृति हो भन्न सकिन्छ ।

# अध्याय –पाँच

## शोधनिष्कर्ष

प्रेमप्रकाश मल्लको जन्म नेपालको मध्यपश्चिमाञ्चल विकासक्षेत्रको राप्ती अञ्चलअन्तर्गत पर्ने रुकुम जिल्लाको मुसिकोट खलङ्गास्थित सेरी गाउँमा वि.सं. १९९३ श्रावण ११ गते शनिवारका दिन माता विष्णुकुमारी र पिता होमजङ मल्लको जेठा छोराका रूपमा भएको हो । आफ्नो जन्मथलोमै बाल्यावस्था बिताएका प्रेमप्रकाश मल्लको अक्षरारम्भ पाँच वर्षको उमेरमा श्रीपञ्चमीको शुभमुहूर्त पारेर गरिएको थियो । पण्डित भूवनेश्वर, स्वामी यमुनानन्द गिरी, खप्तड स्वामी श्री सच्चिदानन्द सरस्वती आदि गुरुहरूबाट आफ्नो प्रारम्भिक शिक्षा ग्रहण गरेका प्रेमप्रकाशले वि.सं. २०१० मा १७ वर्षको उमेर पुगे पछिमात्र कक्षा ६ मा  भर्ना भई औपचारिक शिक्षाको सुरुआत गरेका थिए ।

आँसुको थोपा थोपामा जीवनको अन्तर्मिश्रण भेट्ने प्रेमप्रकाश मल्लका साहित्य सिर्जना गर्ने, धार्मिक कार्यमा सरिक रहने, पत्रपत्रिका एवं विविध साहित्यिक कृतिहरूको अध्ययन गर्ने जस्ता अनेकौं रुचिहरू रहेका छन् । मूलतः आफ्नी ममतामयी आमा विष्णुकुमारी मल्लको असामयिक निधन एवं एक मात्र होनहार छोरो मधुकरजङ मल्लको युवाअवस्थामा भएको मृत्युबाट साहित्यिक लेखनमा प्रेरित भएका प्रेमप्रकाशमा आंशिक रूपमा पी.वी. शेली, लक्ष्मीप्रसाद देवकोटा र माधवप्रसाद घिमिरे जस्ता प्रतिभाशाली साहित्यकारहरूको प्रभाव परेको छ ।

प्रेमप्रकाश मल्लको साहित्ययात्रालाई दृष्टिगत गर्दा २००७ साल फागुनमा ममतामयी आमाको मृत्युबाट पीडित भएपछि 'आमा' शीर्षकको कविता लेखी साहित्यको गोरेटोमा पाइलो चालेका प्रेमप्रकाश मल्लको अहिलेसम्मको स्थितिमा 'मधुकर छोटो जीवनीः लामो कहानी' (खण्डकाव्यः २०४२) 'त्यो यौटा अजेय शिखर मधुकर' (खण्डकाव्यः२०४२) 'पञ्चगान' (गीतसङ्ग्रहः २०४५), 'अनुभूतिका स्वरहरू' (मुक्तक, गीत र गजल सङ्ग्रहः२०५४), जस्ता चारवटा प्रकाशित कृतिहरू र 'उनी' (शोककाव्य), 'सजल' (गजलसङ्ग्रह) जस्ता प्रकाशोन्मुख कृतिहरूको सिर्जना गरिसकेका

छन् भने विभिन्न पत्रपत्रिकामा समेत उनका कविता, मुक्तक, गीत गजल जस्ता रचनाहरू प्रकाशित भएकै छन् । काव्यलेखन क्षेत्रलाई सशक्त रूपले अँगालेका प्रेमप्रकाशले विभिन्न लेख निबन्धहरू पनि लेखेको पाइन्छ जसमध्ये २०५६ सालमा निस्किएको 'रत्नश्री' त्रैमासिक पत्रिकाको वैशाख श्रावण अङ्कमा 'आत्मपरिचय' शीर्षकको लेख लेखेका थिए भने 'नेत्रज्याति स्मारिका' (२०५६ साल) मा 'सम्पादकको आँखा' शीर्षकमा आफ्नो लेखको प्रतिनिधित्व गराएका थिए । त्यसैगरी अन्य निबन्ध तथा लेखहरूमा 'नेत्रज्योति स्मारिका' मा प्रकाशित 'दाता र दान एक दृष्टिकोण', 'नेपालगञ्ज एक्सप्रेस' मा प्रकाशित 'आफ्नै कथा आफ्नै व्यथा' लगायतका निबन्ध, लेखहरू पनि उल्लेखनीय रहेका छन् ।

साहित्य सिर्जनाको क्षेत्र बाहेक गीत सङ्गीतका क्षेत्रमा समेत अविस्मरणीय योगदान पुऱ्याएका प्रेमप्रकाश मल्लका 'वनकी म चरी', 'माछापुच्छ्रे फेवातालमा', 'आँखैमा हिउँचुली' लगायत डेढ दर्जन जति गीतहरू आफ्नै स्वर र सङ्गीतमा रेकर्ड भई रेडियोनेपालबाट समेत बेलाबेलामा प्रसारण हुने गर्दछन् भने 'माछापुच्छ्रे फेवातालमा', 'वनकी म चरी', 'हे राजा' जस्ता तीनवटा गीतहरू नेपाल टेलिभिजनबाट पनि प्रसारित भएका छन् ।

यसरी साहित्य सिर्जना र गीत सङ्गीतमा महत्त्वपूर्ण योगदान पुऱ्याएका आधारमा प्रेमप्रकाश मल्लले दर्जनौ सम्मान एवं पुरस्कार प्राप्त गरेका छन्, जसमध्ये राष्ट्रिय प्रतिभा पुरस्कार २०५४, रोटरी क्लब सम्मान, उद्योग व्यापार मेला म.प. २०५७ बाट सम्मान, नेकपा (एमाले) भेरी अञ्चल समन्वय कमिटीद्वारा अभिनन्दन २०५८, श्री ५ वीरेन्द्र ऐश्वर्य सेवापदक २०५८, दर्शन-सेवा समाजद्वारा सम्मान (२०६३) र नेपाल राष्ट्रिय कला मन्दिर पुरस्कार २०६३ जस्ता सम्मान एवं पुरस्कार उल्लेखनीय छन् ।

प्रेमप्रकाश मल्लको आजसम्मका प्रकाशित कृतिहरूमध्ये पहिलो प्रकाशित कृति 'मधुकर छाटो जीवनीः लामो कहानी' (खण्डकाव्य:२०४२) हो । नेपाल युवक सङ्गठन केन्द्रीय कार्यसमिति, ललितपुर, जाउलाखेलद्वारा प्रकाशित प्रस्तुत कृतिमा कविकल्पित विषयवस्तुको उपयोग गरिएको छ । काव्यनायक मधुकरको जीवनलीला र मरणोपरान्त कविमा देखा परेका छटपटीहरूलाई समेटेर तयार पारिएको प्रस्तुत कृतिको केन्द्रीय

कथन मानिस मरणशील प्राणी भएका कारण मृत्युलाई स्वाभाविक ठानी आफन्तजनको मृत्युमा सधैँ शोकग्रस्त भएर डुब्नुभन्दा सत्कर्मलाई अँगालेर अघि बढ्नुपर्छ भन्ने मूल मर्म हो । भावविधानका दृष्टिले करुण रसलाई अङ्गीरसका रूपमा स्विकारिएको छ । कृतिमा भने कुनै किसिमको सर्ग योजना पाइदैन । प्रथम पुरुषप्रधान उक्ति संरचनाको प्रयोग गरिएको 'मधुकर छोटो जीवनीः लामो कहानी' खण्डकाव्यमा मुक्तलय एवं विविध विम्ब, अलङ्कार र प्रतीकको प्रयोग गरिएको छ ।

प्रेमप्रकाश मल्लको दोस्रो खण्डकाव्यात्मक कृति 'त्यो यौटा अजेय शिखर मधुकर' हो, जुन २०४० सालमा लेखिई २०४२ सालमा नेपाल युवक सङ्गठन, केन्द्रीय कार्यसमिति ललितपुरद्वारा प्रकाशित भएको थियो । कवि उत्पाद्य विषयवस्तुको प्रयोग गरिएको प्रस्तुत खण्डकाव्यमा शिखर र मधुकर दुई पात्रहरूलाई उभ्याएर यिनैको केन्द्रीयतामा कथावस्तुलाई अगाडि बढाइएको छ । हामी सम्पूर्ण मानव जाति शिखर जस्तै अटल, स्थिर, सेवक शान्त, एवं स्वावलम्बी बन्नुपर्छ भन्ने केन्द्रीय कथन बोकेको यस खण्डकाव्यले शान्त रसलाई अङ्गीरसको रूपमा स्विकार्दै अध्यात्मवादी एवं मानवतावादी जीवनदृष्टिको उपयोग गरेको छ । उनन्चास (४९) पृष्ठको मध्यम आयाममा संरचित'त्यो यौटा अजेय शिखर मधुकर' कृतिमा कविप्रौढोक्ति उक्ति संरचना पाइनुका साथै मुक्तलयको प्रयोग गर्दै विभिन्न विम्ब, प्रतीक र अलङ्कारको उचित तालमेल मिलाइएको छ । मूलत मौलिक र अंशतः आगन्तुक शब्दस्रोतको उपयोग गरिएको प्रस्तुत खण्डकाव्यमा स्थानीय भाषाको प्रयोगमा सरलता, सरसता र सूत्रात्मकता पाउन सकिन्छ ।

प्रेमप्रकाश मल्लको तेस्रो कृति' 'अनुभूतिका स्वरहरू'' वाणी समूह विराटनगरद्वारा वि.सं. २०५४ मा प्रकाशित ७४ पृष्ठको मझौला लमाइगत आयाम अँगालेको काव्य हो, जहाँ मुक्तक गीत र गजलहरूको समावेश गरिएको छ । मूलतः दुई खण्डमा बाँडिएको 'अनुभूतिका स्वरहरू' काव्यको पहिलो खण्डमा १५१ वटा शीर्षकविहीन मुक्तकहरू छन् भने दोस्रो खण्डमा बोलको उल्लेख नगरिएका ३२ वटा गीत गजलहरू छन् । जम्मा ५१ पृष्ठमा समेटिएका पहिलो खण्डका मुक्तकहरूलाई हेर्दा आन्तरिक र बाह्य्य संरचनाको सफल प्रयोग गरिनाका साथै मुक्तलय एवं मौलिक र आगन्तुक तीनै शब्दस्रोतको आवश्यक रूपमा उपयोग गरिएको छ । यी मुक्तकहरूमा समसामयिक विषयवस्तु एवम्

मानवमनका कुण्ठा र स्वयं कविका निजी छटपटीहरूलाई समेट्नाका साथै कविनिवद्धवक्तृप्रौढोक्ति र कविवक्तृप्रौढोक्ति दुवै उक्तिढाँचाको प्रयोग गरिएको छ । त्यसैगरी पृष्ठ ५२ देखि दोस्रो खण्डको सुरु हुन्छ, जहाँ ६ वटा गजलहरू रहेका छन् भने २६ वटा गीतहरूको समावेश गरिएको छ । ६ वटा गजलहरूमध्ये पनि चौथो गजल जिन्दगी जिन्दगी यो जिन्दगी ....(पृ.५६) मा आधुनिक गजल हुनाका लागि आवश्यक पर्ने काफियाजस्तो संरचनात्मक तत्वको प्रयोग भएको छैन भने गजलका बहर र तखल्लुस जस्ता तत्त्वहरूको समावेशसमेत 'अनुभूतिका स्वरहरू'भित्रका गजलमा पाइँदैन । यी तत्त्वहरूलाई छोडेर अन्य कोणबाट प्रस्तुत गजलहरू सफल देखिन्छन् । यसभित्र समावेश भएका जम्मा २६ वटा गीतहरूलाई हेर्दा गीतमा आवश्यक पर्ने प्रायः सबै तत्त्वहरूको सफल प्रयोग भएको  छ । गीतका लागि ऐच्छिक मानिने थेगोको प्रयोग भने अत्यन्त न्यून रूपमा गरिएको छ ।

प्रेमप्रकाश मल्लको चौथो कृति 'पञ्चगान' राजनैतिक प्रशिक्षण दिने उद्देश्यले २०४५ सालमा प्रकाशित भएको गीतसङ्ग्रह हो जहाँ २५ वटा गीतहरू समेटिएका छन् । मूलतः राजारानीको वर्णन एवं पञ्चायती व्यवस्थाको चर्चापरिचर्चाकै सेरोफेरोलाई केन्द्रविन्दु बनाइएका यस सङ्ग्रहका केही गीतहरू रेडियो नेपालबाट समेत प्रसारण भइसकेका छन् । गीतका प्रायः सबै तत्त्वहरूको उचित प्रयोग गरिएका यस सङ्ग्रहका गीतहरूमा 'थेगो' जस्तो ऐच्छिक तत्वको प्रयोग भने भएको छैन ।

यसरी काव्यलेखन क्षेत्रमा साढे पाँच दशक लामो समयसम्म निरन्तर रूपमा लागिरहेका प्रेमप्रकाश मल्ल एक लगनशील, परिश्रमी एवं सफल काव्यकार हुन् । पत्रपत्रिकामा प्रकाशित एवं अप्रकाशित अनेकौँ रचनाहरूलाई छोडेर चारवटा प्रकाशित र दुईवटा प्रकाशोन्मुख गरी ६ वटा पुस्तकाकार काव्यकृतिको रचना गर्ने प्रेमप्रकाशले नेपाली साहित्यको श्रीवृद्धि गर्ने सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । प्रेमप्रकाश मल्लको यिनै गुणात्मक एवं परिमाणात्मक काव्यिक योगदानलाई दृष्टिगत गर्दै उनलाई काव्यजगत्का अविस्मरणीय काव्यकारका रूपमा स्वतः स्विकार्न सकिन्छ ।

# सन्दर्भसूची

## क) सन्दर्भपुस्तकसूची


अवस्थी, महादेव, ***लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,*** काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि., वि.सं. २०६१ ।

खरेल, भीम, ***जी शाहका गीतहरूको पर्यावलोकन,*** काठमाडौँ : श्री ५ को सरकार सञ्चार मन्त्रालय मुद्रण, विभाग, वि.सं. २०६४ ।

गिरी, मधुसूदन, ***मध्यपश्चिमका कविता,*** काठमाडौँ : मध्यपश्चिमाञ्चल साहित्य- परिषद, वि.सं. २०५५ ।

तिमल्सिना, हरि, **प्रेमप्रकाश मल्लको जीवनी व्यक्तित्व** (*स्नातकोत्तर शोधपत्र,*) कीर्तिपुरः नेपाली केन्द्रीय विभाग त्रि.वि., वि.सं.२०५८ ।

त्रिपाठी वासुदेव र अन्य (सम्पा.), ***नेपाली कविता भाग ४,*** ते. सं. ललितपुरः साझा प्रकाशन, वि.सं.२०५४।

नेपाल, देवी, ***छन्दपराग,*** काठमाडौँ : भुँडीपुराण प्रकाशन, वि.सं. २०६३ ।

पौडेल, कृष्ण, ***नानी हजुरको,*** जैदीः नेत्र ढुङ्गाना, वि.सं. २०६१ ।

बन्धु, चूडामणि, ***नेपाली लोकसाहित्य,*** काठमाडौँ : एकता बुक्स् प्रकाशन, वि.सं. २०५८ ।

बम, इन्द्रबहादुर र वासुदेव, पाण्डेय, ***गजलका फाँकीहरू,*** कीर्तिपुरः सनलाइट पब्लिकेसनः वि.सं. २०६४ ।

बराल, कृष्णहरि, ***गीत सिद्धान्त र इतिहास,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डारः वि.सं. २०६० ।

......., ***संदृष्टि,*** ललितपुरः साझा प्रकाशन, वि.सं.२०५५ ।

बराल, कृष्णहरि, सुवेदी, नेत्र एटम, ***उपन्यास सिद्धान्त र नेपाली उपन्यास,*** काठमाडौँ : साझा प्रकाशन, वि.सं. २०५५ ।

भट्टराई, घटराज, ***नेपाली लेखक कोश,*** काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, वि.सं. २०५६ ।

मल्ल, मधुकर प्रेमप्रकाश, ***मधुकर छोटो जीवनीः लामो कहानी,*** ललितपुरः नेपाल युवक संङ्गठन केन्द्रीय कार्यसमिति, २०४२ ।

......, ***त्यो यौटा अजेय शिखर मधुकर,*** ललितपुरः नेपाल युवक संगठन केन्द्रीय कार्यसमिति, २०४२ ।

......., ***पञ्चगान*** गीत संङ्ग्रह, नेपालगञ्जः पञ्चायत विकास प्रशिक्षण केन्द्र, २०४५ ।

......, ***अनुभूतिका स्वरहरू,*** विराटनगरः वाणी प्रकाशन, २०५४ ।

लुइँटेल, खगेन्द्रप्रसाद, ***कविता सिद्धान्त र नेपाली कविताको इतिहास,*** काठमाडौँ : ने.रा.प्र.प्र., २०६० ।

शर्मा, मोहनराज, खगेन्द्रप्रसाद, लुइँटेल, ***शोधविधि,*** ललितपुरः साझाप्रकाशन, वि.सं. २०५२ ।

सिग्देल, सोमनाथ, ***साहित्यप्रदीप,*** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५८ ।

**ख) सन्दर्भपत्रपत्रिकासूची**


अवस्थी, महादेव, '*महाकाव्यकार वालकृष्ण समः प्रवृत्ति 'चिसो चूलो' महाकाव्य र योगदान,*' **शार्दूल** (वर्ष १, अङ्क १, माघ, फागुन, चैत, वि.सं. २०६२ )

के.सी.शरद, '*वनकी म चरी,*' **वागेश्वरी टाइम्स,** दैनिक नेपालगन्ज, वि.सं. २०५८/६/१४ ।

चुके, पूर्णलाल, '*कुराकानी,*' **जनमत**, अर्द्धसाप्ताहिक, नेपालगन्ज वि.सं. २०५४/६/१० ।

चौलागाइँ, शुक्रऋषि, '*अन्तर्वार्ता',* **स्पेसटाइम**, दैनिक, काठमाडौँ : वि.सं. २०५८/४/२९ ।

तिमल्सिना, हरिप्रसाद, '*मध्यपश्चिमका साहित्यिक धरोहर प्रेमप्रकाश मल्ल मधुकर',* **जनमत,** अर्द्धसाप्ताहिक, वर्ष २५, अङ्क २८, वि.सं.२०६३ ।

नेपाल, जनक, '*भेटवार्ता,*' **रत्नश्री,** द्वैमासिक, काठमाडौँ : वर्ष ३६, अङ्क ३-४ ।

**'नेत्रज्योति स्मारिका**,' नेपालगन्जः फत्तेबाल आँखा अस्पतालः २०५६ ।

मल्ल, प्रेमप्रकाश, '*आत्म परिचय,*' **रत्नश्री**, द्वैमासिक, काठमाडौँ : वर्ष ३६ अङ्क ५-६ ।

शर्मा गैह्रे नारायणप्रसाद, '*समालोचना',* **नेपालगन्ज एक्सप्रेस,** दैनिक, वि.सं. २०५७/१०/७ ।

......., '*साक्षात्कार',* **नेपालगन्ज एक्सप्रेस,** दैनिक, नेपालगन्ज, वि.सं. २०५७/११/२९ ।

श्रेष्ठ, ज्ञानु, '*अनुभूतिका स्वरहरूमा डुबुल्की मार्दा,*' **नेपालगन्ज एक्सप्रेस,** दैनिक, नेपालगन्जः वि.सं. २०५६/८/१८ ।

सिंह, फत्तेहबहादुर, '*कवि सम्राट् प्रेमप्रकाश मल्ल मधुकर',* **जनमत,** अर्द्धसाप्ताहिक, वर्ष २५, अङ्क २८, वि.सं. २०६३ ।